
चैत ८, २०६३

# समय

राष्ट्रिय साप्ताहिक

जेठमा संविधानसभाको निर्वाचन गर्ने प्रधानमन्त्रीको रटान पूरा नहुने भएको छ।




# सऱ्यो चुनाव

मूल्य रु. २५



भास्वर ओझा

पूर्व प्रधानमन्त्री सूर्यबहादुर थापाले बुधबार आयोजना गरेको चियापान समारोहमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला, सभामुख सुवास नेम्वाङ र थापा




वर्ष ३, अंक १४८, फागुन २५–चैत १, २०६३




आवरण : प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला

*तस्वीर : समय*

**आवरण :** जेठमा चुनाव गर्ने प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको रटान पूरा नहुने भएको छ। कात्तिकअघि संविधानसभाको निर्वाचन गर्न नसकिने निष्कर्ष आयोगको अनौपचारिक बैठकले निकालेपछि अब चुनावको डेडलाइन कम्तीमा जेठभन्दा पाँच महिनापछि सर्ने भएको छ। जेठमा जसरी पनि चुनाव गराइछाड्ने प्रधानमन्त्रीको तातो भनाइ पनि निरर्थक भएको छ २९

## फलोअप
तराईका पूर्वी जिल्लामात्र होइन, पश्चिमी जिल्लाहरूमा पनि भारतीयहरूले भटाभट नागरिकता लिइरहेका छन् १६

## रिपोर्ट
भूटानी शरणार्थीको अमेरिका यात्रा १८
एम्बुलेन्स पनि छोडेनन् बन्दकारीले २२
नेपालगन्जमा किन हुन्छ पटकपटक दंगा ? २३

## अपराध
राजधानीकै सुरक्षा व्यवस्था सम्हाल्न सकेनन्, गृह मन्त्रालय र प्रहरी प्रशासनले २०

## शिक्षा
निजी विद्यालयका शिक्षक स्थायी हुनुपर्ने र नियुक्तिपत्र पाउनुपर्नेजस्ता मागसहित आन्दोलनमा उत्रिएका छन् २४

## जनस्वास्थ्य
क्षयरोग र एचआइभीको द्वैध संक्रमणको उपचारका लागि सहमति भए पनि व्यवहारमा अझै टाढा ४२



हिडेन ट्रेजर

**रंग :** दुई वर्षपछि हुन लागेको मिस नेपाल प्रतियोगितामा १९ सुन्दरी प्रतिष्पर्धामा छन् ५६

| | |
|---|---|
| सम्पादकीय | ५ |
| चसक | ६ |
| डाँक | ८ |
| टिपोट | १० |
| मुलुक | १२ |
| साहित्य | ५१ |
| अनुहार | ५७ |
| शून्य समय | ५८ |

समय
का.जि.प्र.का.द.नं. १७०/२०६०/६१

**प्रबन्ध निर्देशक**
नवीन जोशी
**कार्यकारी निर्देशक**
विजय श्रेष्ठ
**सम्पादक**
युवराज घिमिरे
**सहायक सम्पादक**
राजेश घिमिरे
मनोज दाहाल
**विशेष संवाददाता (ब्यूरो चिफ)**
विश्वमणि पोखरेल
**प्रमुख संवाददाता**
किरण भण्डारी
**वरिष्ठ संवाददाता**
सुवास देवकोटा
मधुसूदन पौडेल
नवीन अर्याल
छत्र कार्की
**संवाददाता**
गोविन्द परियार
ज्योति देवकोटा
**उपसम्पादक**
डिल्ली आचार्य
**क्षेत्रीय**
रुद्र खड्का (नेपालगन्ज)
श्याम भट्ट (महेन्द्रनगर)
दीपक ज्ञवाली (बुटवल)
ओमआस्था राई (धरान)
केशव लामिछाने (पोखरा)
**तस्वीर**
भास्वर ओझा
**कार्टुन**
अविन श्रेष्ठ
**ग्राफिक/ले-आउट**
सुनील खड्गी (**संयोजक**)
किशोरराज पन्त
रामकृष्ण राना
**लेखा**
गोपाल भट्टराई
राजकुमार श्रेष्ठ
**वितरण**
दीपक श्रेष्ठ
मिलन लम्साल
**बजार**
सुरज भडेल (**प्रबन्धक**)
राजेश महर्जन
अर्जुन बज्राचार्य
सफला शर्मा
**भृकुटी प्रकाशन (प्रा) लि.**द्वारा
प्रकाशित तथा
मिलेनियम प्रेस, हात्तीवन,
ललितपुरमा मुद्रित

**कार्यालय ठेगाना :**
**भृकुटी प्रकाशन प्रा. लि.**
लाजिम्पाट, काठमाडौं, नेपाल
पो.ब.नं. ८८३०, फोन : ४४४३८८८
फ्याक्स : ४४२११४७ (सम्पादकीय)
४४११९१२ (बजार तथा वितरण)
ईमेलः samay@vianet.com.np
**प्रमुख वितरक**
काष्ठमण्डप डिष्ट्रिब्यूसन प्रा. लि.
टेकु काठमाडौं
फोन नं. २०१०८२१, २२२०३२२

# गणतान्त्रिक नेपाल !

## सम्पादकीय

**गिरिजाप्रसाद** कोइरालाले नेपाल गणतन्त्रोन्मुख रहेको र संविधानसभाको पहिलो बैठकले नेपाललाई 'गणतन्त्र' घोषित गर्ने आफ्नो नयाँ भनाइ सार्वजनिक गरेका छन्, विराटनगरमा । जनआन्दोलनको दबाबमा राजाको प्रत्यक्ष शासनको समाप्त भएपछि प्रधानमन्त्री बन्न पुगेका कोइरालाको गणतन्त्रपक्षीय अभिव्यक्ति पहिलो हो, यो रूपमा । प्रधानमन्त्रीका साथै एउटा महत्त्वपूर्ण दल नेपाली कांग्रेसका सभापतिसमेत भएको नाताले आफ्नो राजनीतिक अडान कायम राख्ने वा त्यसलाई बदल्ने छुट र अधिकार कोइरालासँग छ ।

तर 'आलंकारिक राजतन्त्र' (सेरेमोनियल मोनार्की)को पक्षमा 'एक्लेवीर' जसरी आवाज उठाउँदै आएका कोइरालाले आफूलाई गणतन्त्रको पछाडि उभ्याउँदा त्यसले अनेक प्रश्नहरु उठाएको छ । स्वभाविक रुपमा, पहिलो प्रश्न हो 'किन ?' त्यो प्रश्न अनुत्तरित नै रहे पनि राजनीतिकवृत्तमा अर्को निष्कर्ष निकाल्न असहज नहोला । आलंकारिक राजतन्त्रको पक्षमा नेतृत्व गर्न सक्ने हैसियत आफूसँग नरहेको र अब प्रचण्डकै नेतृत्वमा गणतन्त्र पक्षको अनुयायी बन्ने विवशता आइलागेको परिस्थितिलाई सम्भवतः कोइरालाले स्वीकार गरेका छन् । जनअनुमोदनद्वारा प्रचण्ड नेताको रूपमा देखापर्नु नेपाली राजनीतिको स्थिरताका हिसाबले सकारात्मक पक्ष हो, तर त्यसका लागि आवश्यक पूर्वसर्त हो, जनअनुमोदन ।


भास्वर ओझा

कोइरालाको अभिव्यक्ति उनको अधिकार भए पनि उनको शैलीमा केही इमानदारी र औचित्यको स्पष्ट अभाव देखिएको छ । राजाको फागुन ७ गतेको सन्देशमा माघ १९ गतेको सत्ताग्रहणलाई उचित ठह्र्याउने प्रयास छ र त्यो प्रयास अतिशयोक्तिपूर्ण मात्र हैन, जनभावना प्रतिकूल र प्रजातन्त्रविरोधी पनि थियो । तर त्यो सन्देशलाई कोइरालाको अनुमोदनपछि मात्र घोषणा गरिएका परिस्थितिजन्य प्रमाणहरू छन् । सरकारी स्वामित्वमा रहेका सञ्चारमाध्यमहरूले सरकारको स्वीकृति पाएर मात्र त्यो सन्देशलाई प्रकाशित र प्रसारण गरेका छन् । तर, प्रधानमन्त्रीको अनुमोदनसहित पर्दापछाडिका घटनाहरूले माघ १९ को घटनालाई जायज बनाउन सक्तैनन् । त्यसैले फागुन ७ को सम्बोधन र विराटनगरमा कोइरालाको अभिव्यक्ति रहस्य र षड्यन्त्रले भरिएको नेपाली राजनीतिको अर्को पाटो त हैन ? भन्ने प्रश्नले पनि मुलुकलाई केही समय बढी उद्वेलित गर्नेछ ।

संसद्को अधिवेशनमा उमेर र स्वास्थ्यका कारणबाट अक्सर अनुपस्थित रहने प्रधानमन्त्रीले संसद्बाहिर विराटनगर किन चुने यो महत्त्वपूर्ण राजनीतिक अभिव्यक्तिका लागि ? पार्टीमा जमिनदारी शैलीमा काम गर्ने परम्पराको सिर्जना गर्दै त्यसलाई निरन्तरता दिँदै आएका छन्, उनले । तर संसद्को संस्थागत विकासका लागि उनको यो अभिव्यक्ति बाहिरबाट आउनु खेदजनक मानिनेछ । उनले यस विषयमा जे भने पनि गणतन्त्रजस्तो महत्त्वपूर्ण विषयबारे अन्तिम निर्णयको अधिकार नेपाली जनताको हो र रहनेछ । कुनै पनि रूपमा स्वस्थ र भयरहित वातावरणमा त्यो अधिकार उपभोगबाट नेपाली जनतालाई वञ्चित गर्ने अधिकार कोइराला, प्रचण्ड वा अरू कसैसँग पनि छैन ।




## समय साता

### स्थगन
मधेसी जनाधिकार फोरमद्वारा आमहड्ताल स्थगित गरेको घोषणा । फोरमले पत्रकार सम्मेलन गरी आमहड्ताल स्थगित गर्दै जनअवज्ञा आन्दोलन थाल्ने बताएको छ ।

### कटौती
नेपालमा शान्ति प्रक्रियाका लागि प्रस्तावित संयुक्त राष्ट्रसंघीय बजेटमा ८० करोड रुपैयाँ कटौती गर्ने जानकारी । राष्ट्रसंघले ६ अर्ब २४ करोड रुपैयाँ उपलब्ध गराउनेछ भने निर्वाचन तथा हतियारविज्ञका लागि प्रस्तावित एक हजार जनशक्ति घटाएर ९ सयमा झारिएको बताइएको छ ।

### आग्रह


मानवअधिकार आयोगको क्षेत्रीय कार्यालय पोखराद्वारा माओवादीद्वारा जबरजस्ती कब्जामा लगिएका सर्वसाधारणका घरजग्गा तथा सवारीसाधनहरू फिर्ता गर्न आग्रह । शान्ति सम्झौतापछि पनि माओवादीले लुटेका र जफत गरेका सामग्री फिर्ता नपाएको गुनासो आएपछि आयोगको क्षेत्रीय कार्यालयले यस्तो आग्रह गरेको हो ।

### आपत्ति


नेपालभ्रमणमा आएकी अमेरिकी उपविदेशमन्त्री हेनरिटा एच फोरद्वारा प्रचण्डको अभिव्यक्तिप्रति आपत्ति । प्रचण्डले नेपालमा रहेका केही अमेरिकीको हत्या गरी त्यसको दोष माओवादीमाथि लगाउने षड्यन्त्र भइरहेको बताएका थिए ।

### संशोधन
नेपालको अन्तरिम संविधान संशोधन, मुलुकमा संघीय शासनप्रणाली लागू हुने । अन्तरिम व्यवस्थापिका संसद्को बैठकद्वारा प्रस्तुत अन्तरिम संविधान बहुमतबाट पारित ।

### सुझाव
राजनीतिक दलका कार्यकर्ताद्वारा प्रहरीलाई आचरण सुधार्न सुझाव । महानगरीय प्रहरीवृत्त बालाजु र बानेश्वरद्वारा आयोजित सर्वदलीय अन्तरक्रिया कार्यक्रममा स्थानीय कार्यकर्ताले उक्त सुझाव दिएका हुन् ।

### विल गेट्स नै अगाडि
अमेरिकी फोर्स पत्रिकाद्वारा प्रकाशित विश्वका धनाढ्यहरूको सूचीमा पहिलो स्थानमा यो वर्ष पनि माइक्रोसफ्टका मालिक विल गेट्स । उनको सम्पत्ति ५२ अर्ब अमेरिकी डलर रहेको बताइएको छ ।

### निर्देशन
प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा सुरक्षानिकायलाई शान्ति सुरक्षाको स्थितिलाई थप मजबुत पार्दै तराईको जनजीवन सामान्य तुल्याउन निर्देशन । पूर्वाञ्चलमा सुरक्षानिकायका प्रमुखलाई निर्देशन दिने क्रममा कोइरालाले यस्तो बताएका हुन् ।

### चेतावनी
जर्मनीले अफगानिस्तानमा परिचालित सेना १० दिनभित्र फिर्ता नलगे इराकमा अपहृत एकजना जर्मनेली महिला र उनका छोराको हत्या गर्ने मुस्लिम लडाकु समूहद्वारा चेतावनी ।

### खण्डन
राजदरवार संवाद सचिवालयद्वारा माओवादीद्वारा युवराज र राजदरवारप्रति दिइएका अभिव्यक्तिहरूको खण्डन । माओवादीले आठ दलका नेताहरूमाथि आक्रमण गर्न दरवारले युवराज पारसको सक्रियतामा गुण्डादस्ता निर्माण गरेको आरोप लगाएको थियो ।




## महिलाबाटै पीडित छन् महिला

*समय* (वर्ष ३, अंक १४६)मा महिलाअधिकारसम्बन्धी गरिएको रिपोर्टले थोरै भए पनि महिलाहरूले थालेको स्वतन्त्रताको आन्दोलन, उपलब्धि र आन्दोलन अल्मलिनुको कारणबारे जान्ने मौका दियो । यसका लागि *समय*लाई धन्यवाद । महिलावादीहरू साँच्चै नै अधिकारविहीन महिलाहरूलाई अधिकारसम्पन्न र स्वतन्त्र बनाउनै चाहने हुन् र राज्य पनि यसप्रति उत्तरदायी बन्ने हो भने महिलाहरूबाटै उनीहरूमाथि हुने शोषणको अन्त्य गर्ने अभियानको थालनी गर्नु जरुरी छ । महिलाहरूमाथि महिलाहरूबाटै हुने शोषणको उदाहरण दिने हो भने सयौं छन् । कोठीमा गरिने महिलामाथिको शोषणकी नायिका महिला नै छन् । घरमा आफूजस्तै महिला कसैकी श्रीमतीका रूपमा छन् भन्ने थाहा पाउँदा पाउँदै आँखा चिम्लेर सौताका रूपमा भित्रिने महिला नै छन् । बाहिर बुहारी सुटबुटमा ठाटिएर हिँड्न थाली भने त्यसको विरोध गर्ने महिलाहरू नै छन् ।

छोरीसमान भए पनि बुहारीका रुपमा भित्रिएपछि उसमाथि सामाजिक, आर्थिक र मानसिक रुपमा शोषण गर्ने सासूका रुपमा महिलाहरू नै छन् । साँच्चिकै भन्ने हो पछिल्ला वर्षहरूमा पुरुषहरूबाट हुने शोषणहरू घट्दै गएका छन् भने महिलाहरूबाटै हुने शोषण बढ्दै गएका छन् । यसमा सचेत नहुने हो भने नेपाली महिला आन्दोलन कहिल्यै सफल हुन सक्दैन । साथै महिलाअधिकारवादीहरूले जसरी सहरिया महिलाहरूले पाएको उपलब्धिलाई उद्देश्य बनाएका छन् । त्यो उपलब्धि आमनेपाली महिलाले पाएका छैनन् । महिला अधिकार स्वतन्त्रता पाउने ठेक्का सहरिया महिलाहरूको मात्र होइन ।

■ शान्ति अधिकारी
पोखरा
हाल : सानोभऱ्याङ, काठमाडौं

## आरक्षण चाहिँदैन नभनौं

*समय* (वर्ष ३, अंक १४६)मा छापिएको डा. चन्द्रा भद्राको लेखले जो शिक्षित, आधुनिक छन् र थोरै छन् उनीहरूले बारम्बार 'महिलाहरूले अब अधिकार लडेर लग्छन् आरक्षण चाहिँदैन' भन्दै आएको भनाइमाथि थप्पड हानेजस्तो लाग्यो । मुलुकको जम्मा जनसंख्याको ५२ प्रतिशत हिस्सा ओगट्ने महिलाहरूका विषयमा महिलाहरूले नै गर्ने यस्ता टिप्पणीले पनि महिला आन्दोलनले गति लिन नसकेको हो । नेपालमा आधुनिक विश्वलाई बुझ्ने १० प्रतिशत महिला पनि छैनन् । उनीहरूलाई आधुनिक विश्वले महिला आन्दोलनमा पाएको सफलता सुनाउनुको अर्थ छैन । महिला आन्दोलनलाई सशक्त बनाउने महत्त्वपूर्ण भूमिका खेल्ने शिक्षालाई कसरी भोलिका सबै महिलाहरूमा पुऱ्याउने भन्नेतर्फ नेपाली महिला गतिशील हुन जरुरी छ । महिलाहरूलाई आरक्षण दिएर नीति निर्माणको ठाउँमा पुऱ्याइसकेपछि उनिहरूलाई अधिकारसम्पन्न बनाउन सकिन्छ । त्यसैले नेपाली महिला आन्दोलनलाई अधिकारसम्पन्न बनाउने हो भने उनीहरूलाई आरक्षणको आवश्यकता छ, आरक्षण चाहिँदैन नभनौं ।

■ शारदा शर्मा
पाटन, मंगलबजार

## माओवादीभित्र पारदर्शिता खै ?

*समय* (वर्ष ३, अंक १४६)मा माओवादी सेनाका लागि सरकारले थप पाँच करोड रुपैयाँ निकासा गरेको समाचार पढ्दा दुःख लाग्यो । हालसम्म सरकारले माओवादी सेनाकै लागि भनेर अर्बौं रुपैयाँ खन्याएको छ । यसको पारदर्शिता खै ? यसबारेमा स्वयं माओवादी जिम्मेवार नेता प्रचण्ड, बाबुरामबाट पनि यसको जवाफ पाउन सकिएको छैन । केही साताअगाडि अर्थमन्त्री रामशरण महतले हिसाबकिताबको फर्स्यौट गरेमात्र अरू रकम निकासा दिने बताएका थिए, तर त्यसो भएन । संसद् जस्तो जिम्मेवार ठाउँमा हतियार लगेर जान पाउनु पर्छ भन्ने अडान राख्ने माओवादीका लागि आर्थिक हिसाबकिताव दिँदैनौं भन्नु ठूलो कुरो भएन । तर, माओवादी शान्तिपूर्ण राजनीतिमा आएको हो र विधिको शासनमा चल्न चाहन्छ भने नीति नियमभित्र अटाउन सक्नु पर्छ । माओवादीले घुर्क्याएकै भरमा जति भन्यो उति रकम उपलब्ध गराउनु कत्तिको जायज हो ? यदि माओवादीलाई रकम नपुग भएकै हो भने उनीहरूले चुस्त आर्थिक हिसाबकिताब देखाउन सक्नु पर्छ । उनीहरूलाई दिएको रकमको चुस्त हिसाबकिताब जान्ने अधिकार सरकारको मात्र होइन, आमजनताको पनि हो ।

■ प्रेमकुमार शाह
सीतापाइला, काठमाडौं

## माओवादी सुध्रिनु पऱ्यो

*समय* (वर्ष ३, अंक १४६)मा छापिएको माओवादीको दादागिरीको बारेमा छापिएको समाचार पढ्ने अवसर पाइयो । केही सातादेखि माओवादीले मुलुकका विभिन्न ठाउँमा कुटपिट, लुटपाट गरी मचाउँदै आएको आतंक र दादागिरी शैलीले भोलि उनीहरू सरकारमा आउँदा कस्तो व्यवहार देखाउलान् भन्ने कुरा प्रस्ट्याउन खोजेको जस्तो आभास हुन्छ । मूलधारको राजनीतिमा माओवादी सफल हुनलाई उनीहरूले यस्तो व्यवहार त्याग्नै पर्छ । अन्यथा उनीहरूको दादागिरी शैली उनीहरूकै लागि घातक हुन सक्छ ।

■ नरेन्द्र पाण्डे
बुटवल, सुख्खानगर

## घर भाडा तोकियोस्

केन्द्रीकृत शासन व्यवस्थाका कारण काठमाडौंमा बसाइ दुःखदायी भएको छ । ठूलोदेखि सानो कामको लागि समेत काठमाडौं नै धाउनु पर्ने भएकाले बस्न र खानको लागि ठूलो रकम खर्च हुने गर्छ । विद्यार्थीका लागि कोठाको समस्या प्रमुख हो । सजिलै कोठा नपाइने र यदि पाइहालियो भने कोठाको अवस्थाभन्दा कोठाको भाडा अत्यधिक महँगो हुन्छ । धेरैजसो ठाउँमा न्यूनतम सुविधा पानी, शौचालय आदि दिइएको हुँदैन । जसले गर्दा विद्यार्थीलाई निकै असुविधा भएको छ । पानीका लागि मानसिक यातना खेप्नुका साथै साझा शौचालयमा घन्टौं कुर्नुपर्ने हुन्छ । सरकारले कोठाको आकार र सुविधा हेरी नियम बनाई भाडाको लागि मूल्य निर्धारण गरी अनुगमन गरेको पाइँदैन । यदि यो राज्यको जिम्मेवारीभित्र पर्छ भने सरकारले आफूखुसी भाडा निर्धारण गरी प्रत्येक कोठाबाट हजारौं रकम असुली राजस्व छल्ने घरधनीलाई कारबाही गर्न सक्नुपर्छ कि पर्दैन ? काठमाडौंमा कोठा भाडाबापत अर्बौं रुपैयाँ उठ्ने गर्छ ।

तर सरकारको फितलो नीतिका कारण काठमाडौंमा घरधनीले गैरकानुनी रुपमा आफूखुसी मूल्य तोकी भाडा लिइरहेका छन् । राज्यको पुनर्संरचनाभित्र चर्को भाडालाई समायोजन गर्ने थालनी पर्छ कि पर्दैन ?

■ टहल दाहाल 'नवकिरण'
दोलखा,
हाल : विश्वभाषा क्याम्पस, प्रदर्शनीमार्ग, काठमाडौं

## 'यात्राको यो मोड' यो अंकमा

**दिनेश अधिकारीको कविता 'यात्राको यो मोड'को अधुरो भाग *समय*को गत अंकको डाँकमा असावधानीवश छापिएकोमा क्षमाप्रार्थी छौं । पूर्ण अंश यस अंकमा प्रकाशित गरिएको छ ।**

**सं.**

**समयको ग्राहक बन्नुपरेमा वा पत्रिका नआएमा सम्पर्क गर्नुहोस् । फोनः ४४४३८८८/२११२०९४**

# राजनीतिक व्यक्ति गैसस नेतृत्वमा नबस्न आग्रह

**लामो समयदेखि** नेपालको विकासमा सहयोग पुऱ्याउँदै आएको स्विस सरकार विकास सहयोग (एसडिसी)ले दोलखा, रामेछाप र ओखलढुंगाका राजनीतिक दलहरूलाई पत्र लेखेर राजनीतिक दलको नेतृत्वमा रहेकाहरूलाई गैरसरकारी संस्थाको नेतृत्वमा नबस्न आग्रह गरेको छ। फागुन २२ मा एसडिसीका नेपाल निर्देशक योर्ग फ्रिडेनले 'जिल्ला प्रमुखज्यू, सबै राजनीतिक दलहरू' शीर्षक पत्रमा राजनीतिक दलहरूलाई त्यस्तो पत्र पठाएका हुन्। पत्रको बोधार्थ प्रमुख जिल्ला अधिकारी, स्थानीय विकास अधिकारी तथा विकासका साझेदार संस्थाहरूलाई दिइएको छ। पत्रमा एसडिसीको सहयोगमा संचालित कार्यक्रमहरूमा दलगत धारणाअनुसार काम नगर्न चेतावनीयुक्त आग्रह छ।


एसडिसीले राजनीतिक दलको सदस्यता लिनु मौलिक अधिकारको कुरा भएकाले त्यसको सम्मान गर्ने तर राजनीतिक दलहरूको नेतृत्वमा बसेकाहरू गैससको नेतृत्वमा रहन नहुने धारणाको वकालत गरेको छ। माओवादी सशस्त्र द्वन्द्व चर्किएको समयमा ४ वर्षअघि संयुक्त राष्ट्रसंघलगायत ११ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाद्वारा हस्ताक्षरित 'कार्य संचालनका आधारभूत मार्गदर्शन' संस्मरण गराउने र गैसस महासंघको आचारसंहिताका आधारमा त्यस्तो आग्रह गरेको छ। पत्रमा '...हाम्रा सहयोगलाई कुनै किसिमको सैनिक, राजनीतिक वा साम्प्रदायिक अभिप्रायको लागि प्रयोग गर्ने कुरा हामीलाई मान्य हुनेछैन' भनिएको छ भने गैसस महासंघको आचारसंहितामा राजनीतिक दलको नेतृत्वमा बस्ने र गैरसरकारी संस्थाको पदाधिकारी एकै समयमा हुन नपाइने व्यवस्था छ।

दोलखाका राजनीतिक दलका नेताहरूले एसडिसी पक्षपाती भएको आरोप लगाएपछि यो संस्थाले राजनीतिक दलहरूलाई पत्राचार गरेको हो। दुई साताअघि एसडिसीका डेपुटी कन्ट्री डाइरेक्टर जिनेभिथ फिडरस्पेलको दोलखा भ्रमणका बेला एसडिसीको सहयोगमा संचालित कार्यक्रमहरू राजनीतिकरण भएको प्रश्न उठेको थियो। जिनेभिथले त्यस्ता समस्याको उपचार गर्ने आश्वासन दिएकी थिइन्। जिनेभिथ काठमाडौं फर्किएलगत्तै राजनीतिक दलहरूलाई औपचारिक पत्र पठाइएको हो। पत्रमा भनिएको छ, 'हालका महिनाहरूमा केही पर्यवेक्षक तथा राजनीतिक कार्यकर्ताहरूले एसडिसीले सहयोग उपलब्ध गराएका जिल्लाहरूमा एसडिसीको निष्पक्षतामाथि चिन्ता व्यक्त गरेका छन्। निष्पक्षतामाथिको चिन्तासम्बन्धी बढी आवाज दोलखामा उठेको छ।'

पत्रमा गैसस तथा विकासका साझेदार संस्थाहरूमा राजनीतिक व्यक्तिहरूको सम्बन्ध रहेको तथा संस्थाका कर्मचारीहरूसमेत राजनीतिक क्रियाकलापमा सक्रिय रूपले लाग्ने गरेको समस्या औंल्याएको छ, एसडिसीले, घुमाउरो भाषामा। जानकारहरूका अनुसार माओवादी खुला राजनीतिमा आएपछि एकले अर्कालाई राजनीतिक दलको प्रतिनिधिको रूपमा आरोप-प्रत्यारोप गर्ने, एसडिसीसमक्ष दलगत आधारमा कार्यक्रमहरूको माग गर्ने प्रवृत्ति ह्वात्त बढेको छ। स्रोत भन्छ, 'पहिले माओवादीको मात्र बोलबाला थियो, अन्य दलका नेताहरू आवाज उठाउन सक्तैनथे, अहिले सबै राजनीतिक स्वार्थका लागि आरोप-प्रत्यारोपको राजनीति गर्दै छन्।' पत्रमा एसडिसीको सहयोगमा संचालित गैससका कर्मचारीहरूले राजनीतिक आधारमा काम गरेको पाइएमा त्यस्ता कर्मचारी हटाउन माग गर्ने सामान्य सर्त मात्र राखेको छैन, राजनीतिकरणको बलियो प्रमाण फेला परेमा सम्झौता तोडिने खतरा पनि औंल्याएको छ।

दोलखाका एमाले जिल्ला सचिव देवशंकर पौडेलले पत्रलाई स्वभाविक रूपमा लिएको बताए। तर, दोलखाका कांग्रेस कार्यवाहक जिल्ला सभापति प्रदीपमान मानन्धरले पत्रका बारेमा अनभिज्ञता प्रकट गरे। मानन्धरले टेलिफोनमा भने, 'पत्रका बारेमा जानकारी छैन।' एसडिसीले दोलखा, रामेछाप र ओखलढुंगाका करिब तीसवटा गैससहरूमार्फत आफ्ना एक दर्जन कार्यक्रम संचालन गर्दै आएको छ। पारदर्शिता र निष्पक्षतालाई मूलमन्त्र मान्ने एसडिसीका सामु राजनीतिक दलहरूबाट प्रश्न उठेकोलाई एसडिसीका जिम्मेवारहरूले यसलाई गम्भीरतापूर्वक लिएको एक अधिकारी बताउँछन्। एसडिसीले यसअघि पनि पटक पटक मौखिक रुपमा गैससको कामलाई राजनीतिक उद्देश्यले सञ्चालन नगर्न र राजनीतिकरण नगर्न आग्रह गर्दै आएको जानकारी एसडिसीका सिनियर सेक्युरिटी म्यानेजर छवाङ नुडुपले दिए।

■ **विश्वमणि पोखरेल/काठमाडौं**




Admission Open !
Nursery to Class VIII.
LABORATORY HIGHER SECONDARY SCHOOL
Kirtipur, Kathmandu
SUPPORTED BY LITTLE ANGELS' SCHOOL SYSTEM
For further information, please call:
4-330790 / 4-331790
Application forms are available from the school office on any working day from 9:00am to 4:00pm

# अमेरिकी भिसा प्रक्रियामा परिवर्तन

नेपालस्थित अमेरिकी राजदूतावासले गैरआवासीय भिसा आवेदनको प्रक्रिया परिवर्तन गरेको छ। चैत १८ देखि लागू हुने गरी राजधानीबाहिरका आवेदकहरू राजधानीमै आउनु पर्ने बाध्यता परिवर्तन गरी विराटनगर, वीरगन्ज, बुटवल, पोखरा र नेपालगन्जमा रहेका नबिल बैंकका कार्यालयमार्फत आवेदन बुझाउन सकिने नयाँ व्यवस्था गर्ने भएको छ। दूतावासले इन्टरनेटमा गैरआवासीय भिसा फाराम राखेको छ। भिसा आवेदन फाराम डाउनलोड गरेर नबिल बैंकको शाखामा अन्तर्वार्ताको लागि आवेदन दिन सकिनेछ। तर, कम्तीमा तीसदेखि ६० दिनअगावै आवेदन दिनु पर्ने दूतावासले बताएको छ। अमेरिकाका विभिन्न विश्वविद्यालयहरूमा नेपाली विद्यार्थीहरूको आकर्षण बढेकोले आगामी सन् २००७ समरका लागि नयाँ व्यवस्था गरेको दूतावासले बताएको छ।

## सम्पदा संरक्षणमा एनआइबी अभियान

नेपाल इन्भेस्टमेन्ट बैंकले सम्पदा संरक्षणका लागि पचास लाख रुपैयाँ संकलन गर्न चैत ३ गते म्याराथन गर्ने भएको छ। पाँच लाख रुपैयाँ पुरस्कार रहेको यो दौड नेपालमा हालसम्म सबैभन्दा ठूलो धनराशि पुरस्कार भएको म्याराथन प्रतियोगिता हो। एनआईबीको सामाजिक दायित्वअन्तर्गत यसबाट उठ्ने सम्पूर्ण रकम पाटनदरबार र सुन्दरीचोक जस्ता सम्पदा संरक्षणमा उपयोग गर्ने बैंकका अध्यक्ष तथा कार्यकारी संचालक पृथ्वीबहादुर पाण्डेले बताएका छन्। प्रतियोगिता आयोजना गर्नुको मुख्य उद्देश्य पाटनदरबार सम्पदा संरक्षणका लागि २५ लाख रुपैयाँ संकलन गर्नु हो। अमेरिकाको 'वर्ल्ड मोनुमेन्ट्स फन्ड'ले संकलित रकम बराबरको आर्थिक सहयोग उपलब्ध गराउने छ। रमाइलोका लागि दौडिने र सम्पदाको संरक्षणमा रुचि राख्नेहरू म्याराथनमा सहभागी बन्नेछन्।

## सूर्य नेपाललाई डिएनभी अवार्ड

**सामाजिक** उत्तरदायित्वमा महत्त्वपूर्ण योगदान पुऱ्याएको भन्दै 'डेट नोर्स्के भेरिटास (डिएनभी)ले सूर्य नेपाल प्रालिलाई 'एसए ८०००:२००१' प्रदान गरेको छ। सन् २००६ को डिसेम्बरमा उक्त संस्थाले गरेको लेखापरीक्षणका आधारमा सूर्य नेपालले यो सम्मान प्राप्त गरेको हो। डिएनभी विश्वमा अत्याधुनिक व्यवस्थापन प्रणालीका लागि प्रमाणीकरण पत्र प्रदान गर्ने अन्तर्राष्ट्रिय मान्यताप्राप्त संस्था हो।

सामाजिक उत्तरदायित्व बहन गरिने क्षेत्रहरूमा सामाजिक उत्तरदायित्व प्रमाणीकरण एसए ८०००:२००१ को सम्मानजनक स्थान छ। नेपालमा पहिलोपटक सूर्य नेपालले यो सम्मान हात पारेको छ। सूर्य नेपालका अधिकारीहरूले यो सम्मान कोसेढुंगा सावित भएको उल्लेख गर्दै आगामी दिनमा सामाजिक उत्तरदायित्व बढाउँदै लैजाने प्रतिबद्धता जनाएका छन्। कार्यस्थलमा मानवअधिकारका मान्यता नियमपूर्वक स्थापित गर्ने र त्यसको पालना गर्नेलाई प्रदान गरिने यो प्रमाणीकरण गैरसरकारी संस्था, मजदुर संगठन र अमेरिकाको व्यवसायिक समूहद्वारा संयुक्त रुपमा विकास गरिएको हो।

## सन्धि नवीकरणको स्वागत

नेपाल तथा भारतबीच रहेको वाणिज्य सन्धि तथा अनधिकृत व्यापार नियन्त्रण सम्झौता पाँच वर्षका लागि नवीकरण भएकोमा नेपाल उद्योग परिसंघले स्वागत गरेको छ। ५ मार्च, २००७ देखि सन्धि तथा सम्झौता पाँच वर्षका लागि नवीकरण भएको हो। परिसंघले सन्धिलाई अझ फराकिलो बनाउन त्यसमा लगानी र सेवाका क्षेत्र पनि समावेश गर्न र तेस्रो मुलुकका सामान पनि एक-अर्काको देशमा 'एमएफएन बेसिस'मा निर्यातको व्यवस्था मिलाउन आग्रह गरेको छ।

## कुमारी बैंक मुनाफामा

नेपालको अग्रणी वाणिज्य बैंकका रूपमा स्थापित कुमारी बैंकले चालू आर्थिक वर्षको प्रथम ६ महिनामा १२ करोड २० लाख रुपैयाँ मुनाफा आर्जन गरेको छ। यसैसाता राजधानीमा सम्पन्न बैंकको साधारणसभामा अध्यक्ष नूरप्रताप राणाले उक्त जानकारी दिएका हुन्। साधारणसभाले २० प्रतिशत लाभांश सेयर दिने घोषणा पनि गरेको छ। यसरी जारी गरिने सेयरको कर बैंक आफैंले ब्यहोर्नेछ। बैंकको चुक्तापुँजी वृद्धि गरी ७५ करोड रुपैयाँ पुऱ्याउने निर्णय पुऱ्याउने निर्णय पनि साधारणसभाले गरेको छ। यो वर्षको ६ महिनासम्म बैंकमा ९ अर्ब ७६ करोड रुपैयाँ निक्षेप संकलन भएको जानकारी पनि दिइएको छ।

## एस फाइनान्स अब विकास बैंक

एस फाइनान्स कम्पनी लिमिटेड विकास बैंकमा परिणत हुने भएको छ। कानुनतः विकास बैंकका रुपमा परिणत हुनका लागि आवश्यक प्रक्रिया पूरा गरी फाइनान्सले मान्यता पाउनका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दर्ता गरिसकेको जनाएको छ। हाल यो फाइनान्सले 'ग' वर्गको वित्तीय संस्थाका रूपमा कारोवार गर्दै आएको छ। गत साधारणसभाको निर्णयानुसार यो संस्थाले ३२ करोड रुपैयाँ चुक्तापुँजी पुऱ्याई सबैभन्दा बढी चुक्तापुँजी हुने वित्तीय संस्थाका रुपमा स्थापित भएको जनाएको छ। फाइनान्सले १ अर्ब १६ करोड रुपैयाँ निक्षेप संकलन गरी १ अर्ब १२ करोड रुपैयाँ लगानी गरेको छ।




# सेनाको गोलीले गैंडाको सिकार

**चितवन निकुञ्जले** समातेको एकजना अभियुक्तले एसएलआर बन्दुकमा लाग्ने सात दशमलव ६२ एमएफएसको गोलीबाट गैंडा मारेको बयान दिएपछि गैंडा हत्यामा सेना पनि मुछिन पुगेको छ। यस्तो गोली आधिकारिक रूपमा नेपाली सेनाले मात्र राख्ने र बाहिर बजारमा समेत किन्न नपाइने निकुञ्जका अधिकारीहरू बताउँछन्। गोली दिने आरोप लागेका सैनिकलाई समातेर निकुञ्जले मुद्दा चलाएको छ।

गैंडा मार्ने आरोपमा निकुञ्जले गत वर्षदेखि खोज्दै आएका बारा जिल्ला डुमरवाना गाविस-७ का हरिबहादुर विश्वकर्मा पक्राउ परेपछि यी कुरा बाहिर आएका हुन्। विश्वकर्मा फागुन २ गते समातिएका थिए। उनको बयानको आधारमा काठमाडौं डिल्लीबजारका ७६ वर्षीय रमेशचन्द्र पोखरेल पक्राउ परे। पोखरेलले बारा अमलेखगन्जमा रहेको जंगल वार फेयर सैनिक शिक्षालयमा कार्यरत जम्दार माधवबहादुर बुढाथोकीलाई गैंडा मार्न गोली दिने व्यक्ति भनेर मुछेका हुन्।

बुढाथोकीको घर पनि बारा डुमरवा नै हो। डिल्लीबजार घर भएका रमेशचन्द्रको डुमरवानामा राजा महेन्द्रले बक्सिस दिएको प्रशस्त जग्गा जमिन छ। उनी नेपाल वायुसेवा निगमका अवकाशप्राप्त विमानचालक हुन्। विश्वकर्मालाई उनले आफ्नो जग्गामा छाप्रो बनाएर बस्न दिएका छन्। काभ्रेबाट बसाइ सरेर आएको बुढाथोकीको परिवारले पनि विसं २०४० सालमा रमेशचन्द्रकै एक बिघा जग्गा किनेको हो। त्यही जग्गा विवादका कारण आफूलाई फसाइएको बयान बुढाथोकीले दिएका छन्।

एक-अर्कामा राम्रोसँग परिचित यी तीनमध्ये हरिबहादुरले आफू गैंडा मारेर खाग झिक्ने काममा लागेको बयान दिएका छन्। रमेशचन्द्रले खाग बजारमा पुऱ्याउनेदेखि सिकारको प्रबन्ध मिलाउने गरेको निकुञ्जले जनाएको छ। बुढाथोकीले ६० सालमा उनलाई सय थान गोली दिएको निकुञ्जको अनुसन्धानले देखाएको छ।

हतियारका सोखिन पोखरेलसँग लाइसेन्सवाला चार थान बन्दुक छन्। हरिबहादुरलाई पनि उनैले बन्दुक चलाउन सिकाएका हुन्। उनैका क्यालिबर ३० दशमलव ०६ को स्वचालित बन्दुक लिएर हरिबहादुर गैंडाको सिकार गर्दथे।

पोखरेलबाट गोली पाएपछि तीनवटा गैंडा मारेको हरिबहादुरले स्विकारेका छन्। गैंडा मारेपछि खाग लिन प्रायः पोखरेल नै चितवन आउने गरेको उनी बताउँछन्। तर पोखरेल भने यो कुरा पनि स्विकार्दैनन्। गाउँ जाँदा हरिबहादुरलाई आफ्नो कारमा राखेर काठमाडौं ल्याउने गरेको मात्र उनको भनाइ छ। त्यति बेला उसले गैंडाको खाग बोकेको कुरा आफूलाई थाहा नभएको उनी बताउँछन्। उनले भने, 'कहिलेकाहीँ मेरो कार चढेर गाउँबाट काठमाडौं आउँथ्यो। त्यति बेला ऊसँग खाग हुँदो रहेछ, म थाहै नपाई भरिया भएछु, बस् मेरो दोष यत्ति हो।'

तर निकुञ्जले उनकै नाममा भएको बन्दुक बरामद गरेको छ, जुन बन्दुकले हरिबहादुरले गैंडा मार्दै आएका थिए। बन्दुकसँगै ४६ थान गोली पनि बरामद भएको छ। उक्त गोली सय थानमध्येकै भएको निकुञ्ज कार्यालयले जनाएको छ। पोखरेलको घरबाट एक थान ब्रह्म खाग पनि फेला परेको छ। यी तीनजनासहित गैंडा मारेको आरोपमा समातिएका आठजनालाई निकुञ्जले पुर्पक्षका लागि फागुन २९ गते कारागार चलान गरेको छ।

दुर्लभ एकसिंगे गैंडा यो वर्ष चिन्ताजनक ढंगले मारिएका छन्। सधैं निकुञ्ज आसपासका बोटे माझी थारूहरूलाई मात्र समाउँदै आएको प्रशासनले यसपटक नयाँ तथ्य उजागार गर्ने विशिष्ट खालका मान्छे पनि समातेको छ। सेनाकै संलग्नता सार्वजनिक भएपछि यो घटनाको अझै गहिरो अनुसन्धान हुनु पर्ने आवश्यकता देखिन्छ। निकुञ्ज भने सेनाको विषयमा यसभन्दा अघि नबढ्ने भएको छ।

■ **रमेशकुमार पौडेल/कसरा (चितवन)**

## बजाजलाई एभरेष्टको फाइनान्स

**बजाज मोटरसाइकल** खरिदमा एभरेष्ट बैंकले फाइनान्स सुविधा दिने भएको छ। दुईपाङ्ग्रे सवारीसाधनमा वाणिज्य बैंकको यो पहिलो फाइनान्स सुविधा रहेको दाबी विज्ञप्तिमा गरिएको छ। हालसम्म यस्तो सुविधा फाइनान्स कम्पनीहरूले मात्रै दिँदै आएका थिए। एभरेस्ट बैंकको टेकु शाखामा बजाज मोटरसाइकलको छुट्टै

BAJAJ *Inspiring Confidence* | एभरेष्ट बैंक लिमिटेड EVEREST BANK LIMITED (A Joint-Venture with punjab national bank, India) ...the name you can BANK upon!

काउन्टर हुनेछ, जसबाट ग्राहकले सुविधा, जानकारी र चाहेका सम्पूर्ण सेवा पाउन सक्नेछन्। बैंकले बजाजका ग्राहकलाई ३ वर्षको समयावधिमा विस्तृत किस्ताबन्दी सेवा उपलब्ध गराई ३० प्रतिशत डाउन पेमेन्ट सुविधा दिनेछ। ९ प्रतिशत ब्याजदर तोकिएको यो योजनामा समान मासिक भुक्तानी (इएमआई)मा ग्राहकले चाहेको अवस्थामा थप रकम तिर्न पाउने सुविधा पनि छ।



Mrs. Bharati Shrestha

SARADA EMPORIUM

A showroom of Modern Ladies Suits & Ladies Dresses

SHOP NO. 274 SUPER MARKET, 2ND FLOOR
(Left Side of the escalator)
KATHMANDU, NEPAL, Mobile : 9841542993



मानवले मानवलाई शोषण गर्ने, अन्याय अत्याचार गर्ने कार्य निन्दनीय कार्य भएको हुँदा नागरिक अधिकारप्रति सजग र सचेत बनौं र बनाऔं।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

# बालुवा चालेरै दुई हजार

**वागमतीको बालुवा** चालेरै दिनको २ सयदेखि २ हजार रुपैयाँसम्म जम्मा गर्न सक्षम छन्, त्यहाँ पैसा खोज्नेहरू । हरेक दिन जस्तो पशुपति क्षेत्रमा वागमती नदीमा पैसा खोज्नका लागि ८ वर्षका बालबालिकादेखि ७० वर्षका वृद्धसमेत व्यस्त देखिन्छन् । कसैले धागोमा चुम्बक लगाएर पैसा तान्ने गर्छन् भने कसैले साबेलले बालुवा चालेर पैसा छान्ने गर्छन् । सबैको उद्देश्य जसरी भए पनि खोलाबाट अत्यधिक पैसा हात पार्ने उद्देश्य हुन्छ ।

वागमती किनारको गौरीघाटमा जन्मेर हुर्किएका गोविन्दबहादुर पौडेललाई त्यही वागमती नदीले खान बस्न पुऱ्याएको छ । उनी भन्छन्, 'वागमती माताको चरणमा बसेको छु, खानबस्न दुःख छैन । मौका मिल्यो भने त एक दिनमै दुई हजार समेत फेला पर्छ ।' विशेष गरी शिवरात्रि, बालाचतुर्दशी र तीजजस्ता चाडवाडले उनलाई फलिफाप बनाइदिन्छ । दिनको दुई तीन घन्टा पानीमा डुबेबापत उनले दिनको दुई सयदेखि २ हजारसम्म कमाउन सक्छन् ।

यति मात्र होइन, वागमतीले कहिलेकाहीँ सुनको सिक्री, चाँदीका सिक्का आदि समेत बगाएर ल्याउने गरेको छ । त्यसले त उनलाई मालामाल बनाइदिन्छ । पौडेलले एकचोटि सुनको सिक्री भेटिएको र एक झड्कामै त्यो बेचेबापत करिब १८ हजारसम्म आम्दानी गरे । उनले वागमतीको बालुवा चालेको भरमा श्रीमती र एक छोरी गरी तीनजनाको परिवार धान्न सक्ने कमाइ गरेका छन् ।

यसरी बालुवा चाल्ने क्रममा थुप्रै पुराना सिक्का हात पारेको पनि उनी बताउँछन् । योसँग पुराना पैसाहरू हुन्छन् भनेर उनीलाई भेट्न थुप्रै मानिस आउने गरेको र पुराना पैसा बिक्री गरेबापत राम्रो रकम हात पारेको पनि उनी बताउँछन् । पुराना पैसा भेटाउने क्रममा उनले १९१८ सालको सिक्का पनि भेटाई बिक्री गरेका छन् ।

चाडो महिनामा पानी चिसो हुने हुनाले धेरै समय दिन नसके पनि गर्मीमा तातोपानीमा डुबेर मजाले पैसा खोज्ने गर्छन्, उनी ।

■ **उदयराज आचार्य/काठमाडौं**


Nepal Comfort Tour Service



Please Contact for Hiring

CAR, VAN, HIACE, PRADO, LAND CRUISER, 4WD, MINI BUS, COASTER etc.

EXTRA FACILITIES:
- Negotiable rate
- Time accuracy
- Built quality, luxurious and excellent service
- Perfect English & Hindi speaking driver
- Taking responsibility of all activities

GPO Box: 19105, Gairidhara, Kathmandu, Nepal, Tel: 4431280, 4427415, Mobile: 9851041406, 9841559814, Email: nepalcts@wlink.com.np





We will give you an "IDENTITY"

Come To Us

Kist Merchant Banking and Finance Limited

(Bittiya Sanstha)
KIST Building
Anamnagar Kathmandu Nepal
P.O.Box:8975 E.PC no. 5157 Ph no.4232500
Email: kistfinance@wlink.com.np,
Website: www.kistfinance.com.np



## मकालु यातायातको बस सेवा

कलङ्कीबाट छुट्ने : मुख्य कार्यालय, फोन नं. ४२७७५५२, ४२८१९७२, ४२८७३०६

### काठमाडौंबाट जाने

| | | | |
|---|---|---|---|
| काकडभिट्टा | बिहान ५.०० बजे | पोखरा | बिहान ७.३० बजे |
| भद्रपुर | बिहान ५.१० बजे | वीरगञ्ज रात्रि | बेलुकी ८.१५ बजे |
| मधुमल्ला | बिहान ५.२० बजे | कलैया | बिहान १०.१५ बजे |
| धरान | बिहान ६.०५ बजे | भरतपुर | बिहान ११.४५ र दिउँसो १२.१५ बजे |
| विराटनगर | बिहान ५.४५ बजे र ६ ४५ बजे | शिवनगर | दिउँसो १२.३० बजे |
| राजविराज | बिहान ६.०० बजे | टाँडी पर्सा | दिउँसो १.०० बजे |
| सिरहा/माडर | बिहान ६.१५ बजे | टाँडी-खोलेसिमल | दिउँसो १.४५ बजे |
| मलङ्गवा | बिहान ६.३५ बजे | पर्सा-कपिया | दिउँसो २.२० बजे |
| जनकपुर | बिहान ७.२० बजे | पर्साढाप-मेघौली | दिउँसो ४.४५ बजे |
| गौर | बिहान ६.५५ बजे | गीतानगर-जगतपुर | दिउँसो ४.१५ बजे |
| वीरगञ्ज | बिहान ७.०५, १०.१५ र ११.०० बजे | वरथवा | बिहान ७.४० बजे |

### काठमाडौंमा टिकट पाइने स्थानहरू

| कलङ्की | सुन्धारा | गौशाला | लगनखेल |
|---|---|---|---|
| २७३९१२/२८१७०४ | २५३१४२ | ४९३७५७/४९७१३७ | ५५२१६६६ |

### काठमाडौंतर्फ आउने

| | | | |
|---|---|---|---|
| काकडभिट्टाबाट | बिहान ५.०० बजे | वीरगञ्जबाट | बेलुका ८.३० बजे |
| भद्रपुरबाट | बिहान ४.५० बजे | कलैयाबाट | बिहान ८.०० बजे |
| मधुमल्लाबाट | बिहान ४.५० बजे | भरतपुरबाट | बिहान ५.३० बजे |
| धरानबाट | बिहान ४.२० बजे | पर्साबाट | बिहान ५.४५ बजे |
| इटहरीबाट | बिहान ५.००, ५.२०, ६.३० र ७.०० बजे | खोलेसिमलबाट | बिहान १०.३० बजे |
| विराटनगरबाट | बिहान ४.३० बजे | पर्सा-कपियाबाट | बिहान ६.३० बजे |
| राजविराजबाट | बिहान ५.३० बजे | मेघौलीबाट | बिहान ८.४५ बजे |
| सिरहा/माडरबाट | बिहान ५.१५ बजे | जगतपुरबाट | बिहान ८.१५ बजे |
| लहानबाट | बिहान ६.१५, ७.००, ७.१५ र ९.०० बजे | वीरगन्ज रात्रि | बिहान ६.४५ बजे |
| मलङ्गवाबाट | बिहान ५.१५ बजे | नारायणगढबाट | बिहान ६.१५, ६.४५, ७.००, ७.४०, ८.००, ८.१५, ८.४५ र दिउँसो ३.०० बजे |
| जनकपुरबाट | बिहान ८.१५ बजे | | |
| गौरबाट | बिहान ५.३० बजे | पार्वतीपुरबाट | दिउँसो १२.०० बजे |
| वीरगञ्जबाट | बिहान ९.००, ११.०० र ११.३० बजे | | |

अन्य स्थानहरू : काँकडभिट्टा र भद्रपुरमा मेची संघको काउन्टर, धरानमा बसपार्क (०२५)२०३७२, विराटनगरबाट बसपार्क नजिकै (०२१) ३०७२७, इटहरीमा पश्चिमचोक, राजविराजमा (०३१) २००९, लाहानमा (०३३) ६०३६६, सिराहामा (०३३) २०२३३, सिराहा/माडरमा (०३३) २०१३१, जनकपुरमा भानुचोक र रामानन्द चोक, मलङ्गवामा (०४६) २००४२, वीरगन्जमा (०५१) २१५२६, हेटौडामा भानुचोकमा (०५७) २०५३५, नारायणगढमा पुल्चोक बसपार्क (०५६) २४२०८ ।

*यात्रुहरूको सुविधाका लागि गौशाला र सुन्धाराबाट निःशुल्क मिनिबस सेवा उपलब्ध गराइएको छ ।*

# स्कुल पठाउन वातावरण चाहिन्छ

**साना नानीहरू** सकेसम्म स्कुलै जानै नपरोस्झैं गर्छन् । गएका पनि नियमितता दिँदैनन् । यस्तो हुनुको मुख्य कारण विद्यालयको वातावरणले विद्यार्थीलाई आकर्षित गर्न नसक्नु भएको ठहर अनुभवी र विज्ञहरूले गरेका छन् । पोखरामा जर्ज जोन शिक्षा प्रतिष्ठानले फागुन दोस्रो साता आयोजना गरेको प्राथमिक शिक्षालाई कसरी गुणस्तरीय बनाउने विषयक कार्यक्रममा त्यस्तो निष्कर्ष निकालिएको हो ।

कार्यक्रममा शिक्षकहरू, विद्यालय व्यवस्थापन समिति पदाधिकारी, शिक्षक अभिभावक संघ पदाधिकारी तथा विद्यार्थीहरू पनि सहभागी थिए । शिक्षकहरूले खासगरी शिक्षकहरूको दरबन्दी अभावले पप्रथमिक शिक्षा गुणस्तरीय हुन नसकेको सुनाए । यद्यपि विज्ञहरूसहितको सुझावमा आधारित रहेर सहभागीहरू विद्यालयको व्यवस्थापन र वातावरण उचित बनाउन सकिए शिक्षा गुणस्तरीय बनाउन सकिने निचोडमा पुगे । उनीहरूले विज्ञहरूको सहयोगमा प्राथमिक शिक्षालाई गुणस्तरीय बनाउनका लागि आवश्यक दसवटा सूचीसमेत तयार पारे । शिक्षकहरूले विद्यालयको भौतिक पूर्वाधार राम्रो हुन नसकेबाट गुणस्तर काम नहुन नसकेको बताएका थिए । प्राथमिक तहमा शैक्षिक सामग्रीको समेत अभाव मुख्य समस्या रहेको शिक्षक युनियन कास्कीका अध्यक्ष दीपक पौडेलको भनाइ थियो ।

प्राथमिक तहको शिक्षा नै सम्पूर्ण शिक्षा क्षेत्रकै जग भएकाले त्यो तहलाई गुणस्तरीय बनाउनुपर्ने निष्कर्षमा पुगिएको आयोजक जर्ज जोन प्रतिष्ठानका सचिव राजीव पहारीले सुनाए । कार्यक्रमबाट प्राथमिक तहको शिक्षा गुणस्तरीय बनाउन स्कुलको वातावरण उचित हुनु पर्ने मुख्य आवश्यकता ठहर गरिएको शिक्षाका जानकार तथा शिक्षासेवी धनेश्वर सुवेदीले बताए । उनका अनुसार कक्षा कोठाको वातावरण नै राम्रो बनाइए विद्यार्थीहरू स्कुल जान आकर्षित हुन्छन् । कक्षा कोठाहरूमा बेन्च डेस्कको सट्टा गुन्द्री र सुकुल नै साना केटाकेटीहरूका लागि सजिलो हुने पनि सुवेदीले सुझाए । 'विद्यालयको वातावरण नै पहिलो आवश्यकता हो', सुवेदीले भने ।

लब्धांक न्यूनतम पहिलो श्रेणीको हुनु पर्ने, सबै विद्यार्थीहरूबीचको प्राप्तांकमा समानुपात हुनु पर्ने जस्ता विषयलाई गुणस्तरको कसीमा राखिएको छ । आर्थिक स्रोतका अभावलाई प्रमुख समस्याका रुपमा देखाउने शिक्षकहरूलाई विज्ञहरूले बहुकक्षा शिक्षण विधि अपनाउन सुझाए भने स्थानीय स्रोतहरूको परिचालन गरेर भए पनि विद्यालय चलाउन सकिने तरिका सिकाइयो ।

यस्तो तरिका कास्कीका केही विद्यालयले अपनाएका पनि छन् । पुम्दीभुम्दी गाविसको महेश्वरी निमाविले प्राथमिक शिक्षामा गुणस्तर उकास्न विद्यालय सेवा क्षेत्रको नक्सांकन गरी कुन घरबाट विद्यार्थी आउँछन् कुनबाट आउँदैनन्, कसको घरमा चर्पी छ, कसकोमा छैन जस्ता जानकारीहरूको रेकर्ड कायम गरेको छ । त्यसो गर्दा विद्यार्थीलाई स्कुल डाक्न सकिने अनुभव उक्त विद्यालयसँग छ ।

त्यस्तै कतिपय विद्यालयमा चर्पीको व्यवस्था नहुँदा पनि विद्यार्थीहरू मानसिक रुपमा तनावरहित हुन सक्दैनन् । त्यसमाथि पनि बालिकाहरूका लागि बेग्लै चर्पी भएमा सजिलो हुन्छ । स्कुल पक्की नै नभए पनि रातो माटो वा चुन पोतेर सफा राख्न सकिनेतिर ध्यान दिनुपर्ने विज्ञहरूको सुझाव थियो । त्यसो त नेपालमाभन्दा गए गुज्रेको अवस्थामा हुने बंगलादेशका विद्यालयहरूमा समेत माटो पोतेरै काम चलाइएको हुन्छ । कास्कीको कालिका गाविसस्थित उषाकिरण प्रावि भरतपोखरीका शिशुकल्याण प्रावि र ब्रह्मज्योति प्रावि यस्ता धेरै विषयमा ध्यान दिएर अघि बढी छन् । ती विद्यालयमा विद्यार्थीले पढाई छाड्दै जाने दर न्यून रहेको सुवेदीले सुनाए । विद्यालयलाई सपार्न समुदायको पनि उत्तिकै भूमिका हुनु पर्ने विज्ञहरूको राय छ । 'अभिभावकहरूले विद्यालयमा बारम्बार गएर अनुगमन गरेमा शिक्षकहरू पनि उत्साहित हुन्छन्', विज्ञ सुवेदी भन्छन्, 'उनीहरूलाई उतरदायित्व बोध पनि हुन्छ ।'

■ **केशव लामिछाने/पोखरा**



# शिविरका लागि लालिगुराँस

**रोल्पाको होलेरीदेखि** तीलासम्म डाँडाभरि राताम्मे फुलेका लालिगुराँसले आगन्तुकलाई स्वागत गरिरहेको छ। फागुन महिना गुराँस फुल्ने मौसम भएकाले पनि होला यहाँका डाँडा गुराँसले राताम्मे छन्। तर, विडम्बना गलैंचा बिछ्याएभैंm डाँडालाई नै शोभा दिने गरी फुलेका तिनै लालिगुराँसका रूख माओवादीका सेनाले काटेर शिविर बसाइरहेका छन्।

रोल्पाको होलेरी, दहवन र तीला लगायतका स्थानमा माओवादी जनमुक्ति सेनाको शिविर यसरी नै लालिगुराँसका रूख फाँड्दै निर्माण भइरहेका छन्। रोल्पाको होलेरीदेखि तीलासम्म बाटोभरि रूख काटिएको देख्दा माओवादी जनमुक्ति सेनाले शिविर निर्माण गर्ने नाममा गुराँसका रूख निकै काटेको सहजै अनुमान गर्न सकिन्छ। यहाँ अन्य प्रजातिका रूख नभएकाले पनि गुराँस र सल्लाका रूख बढी काटिएका छन्। यो ठाउँ चिसो हुने भएकाले बढी मात्रामा गुराँसको जंगल रहेको छ। यहाँ विभिन्न प्रजातिका गुराँस पाइन्छन्।

माओवादी सेना आउनुअघि भने यहाँका स्थानीय बासिन्दाले यसरी ढकमक्क फुलेका गुराँसलाई कहिले पनि काट्दैनथे। 'त्यसैले यहाँ आउने जो कोही पनि यहाँ फुलेका गुराँस देखेर दंग पर्थे', तीलाका गोपाल ओलीले भने, 'तर अहिले शोभा बढाएको गुराँस काटिएकोमा भने यहाँका स्थानीय बासिन्दाको मन रोएको छ', उनको गुनासो छ। दाउराका लागि यहाँका बासिन्दा एक घन्टा हिँडेर अन्य जंगलमा जान्छन्।

शिविर बनाउन आवश्यक पर्ने काठदेखि माओवादी जनमुक्ति सेनाका चार हजारभन्दा बढी माओवादी जनमुक्ति सेनाका लागि पकाइने खानाको इन्धनमा प्रयोग हुने दाउराका लागि पनि तिनै गुराँसका रूख काटिने गरेको स्थानीय बासिन्दाले बताए। शिविर र इन्धनका साथै बिजुलीको खम्बाका लागि पनि यहाँ सल्लाका रूख काट्ने काम भइरहेको छ। यसरी गुराँस र सल्लाका रूख काटिएकोमा स्थानीय बासिन्दाको चित्त भने बुझेको छैन। तैपनि उनीहरूसँग खुलेर त्यसको विरोध गर्ने आँट छैन।

माओवादी जनमुक्ति सेनाको शिविरसम्म बिजुली लैजानका लागि त्यसरी काँचा रूख काटिने गरेको उँघाका स्थानीय बासिन्दा शिवलाल पुनले बताए। रोल्पाको उँघामा भने सल्लाका रूख बढी भएकाले तिनै रूख काटिने गरिएको छ। होलेरीदेखि उँघासम्मको सडकको तल-माथिका धेरै सल्लाका रूख अहिले काटिने गरेको छ। 'बिजुलीको लाइन तान्न रूखले अवरोध गर्ने भएकाले रूख काट्न लागिएको हो', होलेरी-उँघा सडकमा रूख काटिरहेका एक श्रमिकले भने। यहाँका रूख काटिएका सम्बन्धमा जिल्ला वन कार्यालयलाई पनि जानकारी छैन।

'माओवादी सेनाले सकेसम्म गुराँसका रूख नकाट्ने बताए पनि त्यो बोलीमा मात्र सीमित भएको छ', तीलाका स्थानीय शिक्षक नरबहादुर ओलीले भने, 'उनीहरू एउटा कुरा बोल्छन्, काम भने त्यसविपरीत गर्छन्।' यहाँ माओवादीका अधिकांश शिविर गुराँसको जंगलभित्र नै छन्।

माओवादी जनमुक्ति सेनाले इन्धनका लागि सुकेका दाउरा प्रयोग गर्ने बताए पनि शिविरमा इन्धनको अर्को विकल्प नभएकाले नचाहँदा नचाहँदै पनि गुराँसका रूख जोगाउन मुस्किल पर्ने स्वंय माओवादी जनमुक्ति सेनाहरू बताउँछन्। तीलास्थित ज्वारस्मृति ब्रिगेड कमान्डर सन्तोष अन्य विकल्प नभएकाले जंगल जोगाउन मुस्किल परेको बताउँछन्। उनी भन्छन्, 'गुराँसका रूख बचाउनु पर्छ भनेर नै हामीले सुकेका दाउरा प्रयोग गर्ने गरेका छौं।'

माओवादी जनमुक्ति सेना आउनुअघि भने यहाँका स्थानीय बासिन्दाले लालिगुराँस र सल्लाका रूख कत्ति पनि काट्दैनथे। 'अहिले नियन्त्रण गर्ने कोही नभएकाले गुराँसका रूख फाँडेर माओवादी जनसेना परेड खेलिरहेछन्', तीलाका स्थानीय बासिन्दा मानबहादुर बुढाले भने, 'गाउँलेले जोगाएर राखेका गुराँसका रूख अब सखाप भए।' यहाँका स्थानीय बासिन्दा र स्वयं माओवादी जनसेनालाई पनि यहाँ कति रूख काटियो भन्ने जानकारी छैन।

■ **अब्दुल्लाह मियाँ/दहवन (रोल्पा)**


**रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज**




**रेडियो खबर पत्रिका**

पत्रपत्रिकाको संगालो, विशेषज्ञहरूको प्रतिक्रिया र विश्लेषण, फिचर र रिपोर्ट, शेयर बजारको साप्ताहिक विश्लेषण, दैनिक हुने औपचारिक कार्यक्रमको जानकारी साथै चाडपर्व, जात्रा, दिवस, जन्मदिन र महत्त्वपूर्ण घटनाहरूको संगालो। हरेक विहान (६:००-७:१५)

**हालचाल**

ताजा खबर थाहा पाउन- **हालचाल**, विहान, ८:४५, ११:४५, अपरान्ह, २:४५, ४:४५, साँझ ६:४५ र राती ९:४५ बजे

**बिबिसी नेपाली सेवा**

हरेक दिन राती (८:४५-९:१५)

**हरेक विहान ५:०० देखि राती ११:०० बजेसम्म सूचना, शिक्षा र स्वस्थ मनोरञ्जनका लागि भरपर्दो साथी रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज**

**नेपाली रेडियो**
**नेपाली आवाज**

ठेगाना :
रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज
बखुण्डोल, ललितपुर
फोनः ५५२८०९१, ५५४२२४५, ५५४५६८०
पोष्ठ बक्स, ६९५८, काठमाडौं
ईमेल : info@radiosagarmatha.org



नागरिकता लिन प्रक्रिया पूरा गर्दै सर्वसाधारण

# छैन छानबिन संयन्त्र

**वर्षौंदेखि नेपालमा बसोवास गर्दै आइरहे पनि अहिलेसम्म नेपालको नागरिकता पाउन नसकेका व्यक्तिहरूका लागि भनेर थालिएको नागरिकता वितरणको क्रममा सीमावर्ती गाउँहरूमा प्रस्टै देखिन्थ्यो, नागरिकता लिने नेपालीहरूको संख्याभन्दा भारतीयहरूको संख्या धेरै ।**

■ **रुद्र खड्का/नेपालगन्ज** (तस्वीर पनि)

**सीमावर्ती भारत,** रुपैडिहाका सुभाषचन्द्र पाण्डे त्यहाँका सामान्य नागरिक मात्र नभई स्थानीय सीमान्त कलेजका प्रिन्सिपल पनि हुन् । तर, उनले गत फागुन ६ गते नेपालगन्ज नगरपालिका वडा नम्बर ११ मा नागरिकता वितरण गरिरहेको टोलीसमक्ष आफू नेपाली भएको दाबी गर्दै नागरिकता पाउन निवेदन दिए । नागरिकता लिन चाहिने आठजनाको हस्ताक्षर मात्र होइन, पाण्डेले सबै दलहरूका स्थानीय कार्यकर्ताहरूलाई पनि नागरिकता पाउन साक्षी राखेको निवेदन नागरिकता वितरण टोलीसमक्ष दिए । तर, पाण्डेले नागरिकता लिनै लाग्दा केही स्थानीय युवाहरूले उनी भारतीय नागरिक रहेको अडान कसेपछि नेपालको नागरिकता लिने पाण्डको धोको पूरा हुन सकेन ।

भारत, श्रावस्ती घर भएका सकुर अहमद खाँले बाँकेको वसुदेवपुर-७ बाट नागरिकता लिएको दुई दिनमै उनी भारतीय नागरिक भएको पुष्टि भएपछि गत माघ ९ गते उनलाई पक्राउ गरी जेलमा हालिएको छ । बाँके, वसुदेवपुर-७ निवासी शेरबहादुर खानकी छोरी विवाह गरेका २४ वर्षीय सकुरले शेरबहादुरसँग बाबु-छोराको नाता कायम गर्दै वंशजको आधारमा माघ ७ गते १५३८ नम्बरको नागरिकता प्रमाणपत्र लिएका थिए ।

बाँकेका प्रशासकीय अधिकृत कृष्णप्रसाद आचार्यका अनुसार सकुरले आवश्यक प्रमाणित कागजपत्रहरू पेस गर्नुको साथै स्थानीय आठजनालाई पनि साक्षी राखेर दिएको निवेदनका आधारमा नागरिकता वितरण गरिएको थियो । सकुरले नागरिकता लिएको तुरुन्तै केही स्थानीय व्यक्तिहरूले उनी भारतीय नागरिक भएको उजुरी दिएपछि प्रशासनले तुरुन्तै पक्राउ गरेको थियो ।

बाँकेको पुरैनी-९ बाट भारतीय नागरिक कोइली पठान लगायत पाँचजनालाई स्थानीय व्यक्ति र केही राजनीतिक दलका कार्यकर्ताहरूले पैसा खाएर नागरिकता दिएको आरोप केही स्थानीय बासिन्दाले लगाइरहे पनि त्यस्ता व्यक्तिबारे कुनै छानबिन नभएको गुनासो भइरहेको छ । त्यसैगरी नेपालगन्ज नगरपालिका-१३ मा खटिएको नागरिकता वितरण टोलीसँग धर्मेन्द्रकुमार बर्मा, सुकराम बर्मा, पंकज अग्रवाल लगायत आठजनाले फागुन १४ गते नागरिकता लिन लाग्दा स्थानीय बासिन्दाहरूले विरोध जनाएपछि उनीहरूलाई पनि नागरिकता दिइएन । नेपालमै जन्मेर लामो समयसम्म बस्दै आएको दाबी गर्दै नागरिकता लिन खोज्ने उनीहरू भारतीय भएको स्थानीय बासिन्दाहरू बताउँछन् ।

लामो समयदेखि नेपालमा जन्मेर यही बसोवास गर्ने थुप्रै व्यक्तिहरूले नागरिकता नपाएको भन्दै माघ १ गतेदेखि सरकारले अभियानका रूपमा नागरिकता वितरण गरिरहेका जिल्लाहरूमध्ये एक बाँकेमा सार्वजनिक भएका यी सीमित उदाहरणहरूले पनि पुष्टि हुन्छ, यसपालि बाँडिएको नागरिकता नेपाली नागरिकहरूले मात्र लिएका छैनन् । गैरनेपालीले नागरिकता पाउनु हुँदैन भन्ने सचेत ठाउँका बासिन्दाहरूले दिएको सूचनाको आधारमा केही भारतीयहरू नेपाली नागरिकता लिनबाट वञ्चित भए पनि थुप्रै अशिक्षित ग्रामीण भेकमा कतिले नेपाली नागरिकता लिए भन्नेबारे कुनै लेखाजोखा छैन । वर्षौंदेखि नेपालमा बसोवास गर्दै आइरहे पनि अहिलेसम्म नेपालको नागरिकता पाउन नसकेका व्यक्तिहरूका लागि भनेर थालिएको नागरिकता वितरणको क्रममा सीमावर्ती गाउँहरूमा प्रस्टै देखिन्थ्यो, नागरिकता लिने नेपालीहरूको संख्याभन्दा भारतीयहरूको संख्या धेरै । कसैले

शंकास्पद रूपमा नागरिकता लिने व्यक्तिबारे सोधपुछ गरे राजनीतिक दलका स्थानीय कार्यकर्ताहरूसहित नागरिकता लिन खोज्ने त्यस्ता व्यक्तिहरू सोधपुछ गर्नेलाई समेत आक्रमण गर्न खोज्थे । सरकारले बनाएको कानुनअनुसार नागरिकता लिन चाहिने आठजनाको सिफारिस उनीहरूले नागरिकता पाउने पर्याप्त आधार थियो । त्यसै आधारमा उनीहरूले नेपालको नागरिक सरहको प्रमाणपत्र पाएका छन् ।

बाँकेको साइगाउँ गाविस-५ बाट उक्त गाउँमा बसोवास गर्दै नगरेका व्यक्तिहरूले समेत नागरिकता लिएको पाइएको छ । साइगाउँका एमाले कार्यकर्ता इन्द्रबहादुर थापाका अनुसार गाउँमा कहिले पनि बस्दै नबसेका र कसैले नामै नसुनेका हिरामुन वाल्मीकि र लालजी वाल्मीकिको नाममा फागुन २६ गते साइगाउँमा पुगेको नागरिकता वितरण टोलीबाट नागरिकता लिइएको छ । 'नागरिकता लिएको भोलिपल्ट मात्र गाउँमा बसोवास नभएका व्यक्तिहरूले नागरिकता लिएको सूचना पाएका थियौं', थापा भन्छन्, 'यसपालि थुप्रै गैरनेपालीले नागरिकता लिएका छन् ।' ६६३०३२/४६ र ६६३०३२/४३ नम्बरका नागरिकता पाएका हिरामुन र लालजी भारतीय नागरिक भएको बताउँदा सद्भावना, मधेसी फोरम लगायतका व्यक्तिहरूले आक्रमण गर्न खोजेका कारण चुप लागेर बस्नु परेको सर्वसाधारणहरू बताउँछन् । दुवैजनालाई गाउँकै अशिक्षित तौहावर जोलाहा, मेराज अली र इद्रिस पठान साक्षीका रुपमा बस्दै सद्भावना, माओवादी, दुवै कांग्रेस, एमाले र जनमोर्चाले नागरिकता वितरण टोलीसमक्ष सिफारिस गरेका थिए । वाल्मीकिद्वयको साक्षी बस्नेहरूले भने आफू कसैको साक्षी नबसेको, राजनीतिक दलका कार्यकर्ताहरूले आफूहरूको नागरिकता मागेर लिएको तर के कामको लागि लिएका थिए भन्ने कुनै जानकारी नभएको बताउँछन् । एमाले कार्यकता थापाका अनुसार सद्भावना, मधेसी फोरम र पैसा लिएर नागरिकता लिन सघाउने व्यक्तिहरूको दादागिरीका कारण गाउँमा यतिखेर भारतीयहरूले नागरिकता लिएको कुरासमेत गर्न सकिने अवस्था छैन ।

माघ र फागुनमा गरी बाँकेमा मात्र वितरण गरिएको झन्डै ३७ हजार नागरिकता पाउनेहरूमा कति साँच्चिकै नेपाली र कति भारतीयहरू छन् त ? यसको लेखाजोखा अहिले त भइसकेको छैन । तर स्वयं नागरिकता वितरण गर्ने अभियानमा लागेका अधिकारीहरूले विसं २०५४ सालमा वितरण गरिएका नागरिकता खारेज गरिएझैं यसपालि वितरण गरिएका नागरिकताको पनि छानबिन हुनुपर्ने बताउँछन् ।

नागरिकता वितरणको लागि बाँकेमा गठित नौ टोलीमध्ये एकका टोली प्रमुख तथा जिल्ला प्रशासन कार्यालयका अधिकृत लोकबहादुर सुनार भन्छन्, 'नागरिकता कसले लिए भन्ने थाहा नै नभएको हुँदा पुनः उनीहरूको बारेमा छानबिन हुन जरुरी छ ।' नेपालमा जन्म भई लामो समयदेखि नेपालमै बसोवास गरिरहेको आधारमा र आठजनाको सिफारिसमा नागरिकता वितरण गर्नसक्ने अधिकार पाएका अधिकारीहरूले लामो समयसम्म गाउँमा बसिरहेको वा नेपालमा जन्मिएको हो अथवा होइन भन्ने कुरा बुझ्न नपाए पनि आठजनाको सिफारिस भने सबैले देखाएको बताएका छन् । 'कुनै व्यक्ति शंकास्पद देखिएका बेला छानबिन गर्न खोज्दा पनि राजनीतिक दलका कार्यकर्ताहरूले अनावश्यक दबाब दिन्थे', सुनार भन्छन्, 'नागरिकता वितरण गरिएका व्यक्तिहरू नेपाली भए-नभएको छानबिन गरेपछि मात्र अहिले वितरण गरिएका नागरिकताहरूलाई प्रमाणित गरिनुपर्छ । 'एकछिन अघिसम्म जन्मस्थान भारत भएको प्रमाण पेस गर्ने व्यक्तिहरूले एकछिन पछि जन्मस्थान नेपाल लेखेको प्रमाणपत्र पेस गरेर पनि नागरिकता लिएका छन्', सुनार भन्छन्, 'राजनीतिक दलहरूले यस्ता व्यक्तिहरूलाई रोक्नुको साटो उल्टै नागरिकता लिन सघाए ।'

दुई महिनाभित्र ३७ हजारलाई नागरिकता वितरण गर्ने अभियानमा लागेको प्रशासनले नागरिकता लिनुअघि कसैको बारेमा उजुरी परेपछि त्यस्ता व्यक्तिहरूलाई नागरिकता दिन नसकिने जनाउनुबाहेक नागरिकता माग गर्नेबारे अन्य कुनै छानबिन नगरी नागरिकता दिएको छ । बाँकेका प्रमुख जिल्ला अधिकारी नरेन्द्रराज शर्माका अनुसार प्रमाण पुऱ्याएर आउने हरेक व्यक्तिलाई नागरिकता दिने निर्देशनअनुसार नै नागरिकता वितरण गरिएको हो । लामो समयदेखि अहिलेसम्म १ लाख ९० हजारलाई नागरिकता वितरण गरेको बाँके प्रशासनले दुई महिनामा ३७ हजारलाई नागरिकता वितरण गर्नु पनि उत्तिकै चुनौतीपूर्ण भएको अधिकारीहरूले बताएका छन् । भारतबाट बिहेबारी गर्ने चलन रहेको यहाँ झन्डै २ हजारलाई अंगीकृत नागरिकता वितरण गरिएको छ ।

यता जनमोर्चा नेपाल बाँकेका अध्यक्ष तथा केन्द्रीय सदस्य आइपी खरेलले राजनीतिक दलहरूले पैसाको लोभले गैरनेपालीलाई नागरिकता लिन सिफारिस गरेको जनाउँदै २९ हजार नागरिकता वितरण हुँदासम्म १ हजार १ सयभन्दा बढी गैरनेपालीले नागरिकता लिएको उजुरी आफ्नो पार्टीमा परेको बताएका छन् । जनमोर्चाको कार्यालयमा परेका उजुरीहरूमध्ये केही भारतीयहरूले जन्मको आधारमा त, केहीले वंशजको आधारमा नागरिकता लिएको पाइएको नेता खरेलले बताए । नेपालगन्ज नगरपालिका र सीमावर्ती गाउँहरू प्रिपहवा, जैसपुर, साइगाउँ जस्ता स्थानहरूमा अत्यधिक गैरनेपालीले नागरिकता लिएको बताइन्छ । प्रिपहवामा मात्र ५ सय भारतीयले नागरिकता लिएको बताइएको छ ।

जिल्ला प्रशासन कार्यालयले भने ६०-७० जनाविरुद्ध उजुरी परेको जनाएको छ । 'नागरिकता वितरणका लागि खटिएको टोलीहरूसँग थुप्रै प्रमाण नपुगेका व्यक्तिहरूबाट नागरिकता लिन खोजिए पनि जिल्ला प्रशासन कार्यालयमा भने ६०-७० जनाविरुद्ध उजुरी परेको छ', प्रशासकीय अधिकृत कृष्णप्रसाद आचार्यले भने । ■

## 'वितरण होइन, बिक्री हो'



■ **आइपी खरेल,**
जनमोर्चा नेपालका केन्द्रीय सदस्य

**गैरनेपालीले नागरिकता लिएको गुनासोबारे केही जानकारी छ ?**

हो, यसपालि थुप्रै गैरनेपालीले नागरिकता लिएका छन् । खासगरी कांग्रेस, एमाले, माओवादी र सद्भावनाका कार्यकर्ताहरूको आडमा गैरनेपालीलाई नागरिकता वितरण गरिएको छ । प्राप्त जानकारीअनुसार २९ हजार नागरिकता वितरण हुँदासम्म बाँकेमा १ हजार १ सय भन्दा बढी गैरनेपालीले नागरिकता लिएका छन् । यसपालि वितरण गरिएका नागरिकताहरूको बारेमा कुनै पनि हालतमा पुनः छानबिन हुनुपर्छ । लामो समयदेखि मधेसमा बस्दै आएका नेपालीहरू फेरि पनि नागरिकता पाउनबाट वञ्चित भएका छन । तर, मधेसको नाममा भारतीय व्यापारीहरूले नागरिकता लिएका छन् ।

**जनमोर्चाका कार्यकर्ताहरूले पनि गैरनेपालीलाई नागरिकता दिन साक्षी बसेको पाइएको छ नि ?**

हामीले सकभर गैरनेपालीलाई नागरिकता दिनु हुँदैन भनेर विरोध गरेका छौं । तर जति विरोध गरे पनि सुन्दैनन्, विरोध गर्नेहरूलाई उल्टै मार्ने धम्की दिन्छन् । केही दिनअघि गैरनेपालीलाई नागरिकता दिइएको विषयमा सिडिओ कार्यालयमा भएको बैठकमा हस्ताक्षर गर्न नमान्दा कांग्रेस, एमाले, माओवादी र सद्भावनाका प्रतिनिधिहरूले मार्ने धम्की दिएका थिए । दलहरूले पैसा खाएर नागरिकता वितरण गरेका छन् । यो नागरिकता वितरण होइन, बिक्री हो । जबरजस्त घेराबन्दी गरेर नागरिकता लिएका छन् ।

**के गर्नु पर्छ अब ?**

अहिले वितरण गरिएका नागरिकताहरूको बारेमा छानबिन हुनुपर्छ । वास्तविक नागरिकता नपाएकाहरूलाई दिने व्यवस्था गर्नुपर्छ, तर गैरकानुनी रुपमा दिने र दिलाउनेलाई कारबाही गर्नु पर्छ । अहिले पनि केही गाउँमा वास्तविक नेपालीहरू नागरिकता पाउनबाट वञ्चित भएका छन् । भारतीयहरूले भने निवेदन पेस गर्नेबित्तिकै नागरिकता पाएका छन् । ■




आनन्द गुरुङ

अमेरिकामा पुनर्स्थापना गर्ने घोषणाले खुसी भएका बेलडाँगी शिविरका भुटानी शरणार्थीहरू

# अमेरिका यात्रा

**भुटानी शरणार्थीलाई आफ्नो मुलुकमा पुनःस्थापना गर्ने अमेरिकी निर्णयले भुटानी राजाको जातीय सफायाको नीति अनुमोदन मात्र भएको छैन, भुटानमा चलिरहेको प्रजातन्त्र बहालीको आन्दोलनमा पनि नराम्रो धक्का पुगेको छ।**

■ **विश्वमणि पोखरेल/काठमाडौं**

**अमेरिकी विदेश मामला** प्रबन्ध उपविदेशमन्त्री हेनेरिटा एच फोरको नेपाल भ्रमणपछि डेढ दशकदेखि नेपालका लागि जटिल समस्या बन्दै आएको भुटानी शरणार्थी समस्या नयाँ मोडमा पुगेको छ। प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले फोरसँगको कुराकानीमा शरणार्थीलाई अमेरिका लाने उसको योजनालाई साथ दिने बताए। भुटानी शरणार्थी समस्यामा नेपालको १५ वर्षपछिको उल्लेख्य परिवर्तन हो। नेपाल सरकारले अमेरिकी योजनालाई समर्थन दिएपछि नयाँखाले परिस्थिति बनेको विज्ञहरू बताउँछन्।

प्रधानमन्त्रीबाट अमेरिकी नीतिको पक्षमा धारणा आएपछि १५ वर्षदेखि भुटानी शरणार्थी समस्या समाधान गर्न टाउको खियाउँदै आएको परराष्ट्र मन्त्रालय शीतलनिवास खिन्न देखिन्छ। बालुवाटार र शीतलनिवासबीच विभाजन देखिएको छ। शीतलनिवासका अधिकारीहरू प्रधानमन्त्रीबाट १५ वर्षका प्रयासहरू उल्टाएकोमा असन्तुष्ट छन्। भुटानी शरणार्थी समस्यालाई लिएर दुई देशबीच १५ वटा वार्ता भएका छन्। नेपालको पछिल्लो नीतिका कारण द्विपक्षीय वार्ता निरर्थक बन्न पुगे, तर भारतको सुरक्षा छाताभित्रको भुटानी शरणार्थी समस्या, शरणार्थी समस्या मात्र नभएर मानवअधिकार र प्रजातन्त्र स्थापनासँग जोडिएको मुद्दा हो।

अमेरिका, नर्वे लगायतका युरोपेली देशले भुटानी शरणार्थीहरूलाई आफ्नो देशमा लाने योजना अघि सार्नु र नेपालले त्यस्ता नीति अनुमोदन गर्नुले भुटानी राजा जिग्मेको जातीय सफायाको नीतिको अनुमोदन गर्ने काम भएको छ भने नागरिकहरूको आफ्नो देशमा निर्बाध फर्कन पाउनुपर्ने मौलिक अधिकारको सम्भावना पनि बन्द गर्ने काम भएको छ। विज्ञहरू, अहिले भुटानी शरणार्थीको स्थिति तिब्बती शरणार्थीको जस्तै बनेको विश्लेषण गर्न थालेका छन्।

नेपालले आफ्नो क्षमताले धान्न पनि नसक्ने र स्वदेश फर्काउन पनि नसक्ने बाध्यात्मक स्थितिमा अमेरिकी नीतिको अनुमोदन गर्नुपरेको बताइन्छ। एक जानकार स्रोतका अनुसार शरणार्थीहरूलाई सहयोग गर्दै आएका अन्तर्राष्ट्रिय संघसंस्थाको सुझावमा सरकारले बाध्यात्मक नीति लिएको बताउँछन्। ती अधिकारी भन्छन्, 'सहायता दिनेको प्रस्ताव मान्न सरकार बाध्य भएको हो।'

संयुक्त राष्ट्रसंघीय शरणार्थीसम्बन्धी उच्चायोगकी सहायक उच्चायुक्त जुडि चेङ होपकिन्सको गत असार नेपाल भ्रमणका बेला शरणार्थी समस्या समाधन गर्न भुटान फर्काउने, नेपालमै विलय गर्ने वा तेस्रो देशमा स्थानान्तरण गर्ने तीनवटा विकल्प प्रस्तुत गर्दै तीनवटै विकल्प खुला रहेको बताएकी छन्। १६ जना भुटानीलाई तेस्रो देशमा स्थानान्तरण गर्ने बारेमा प्रक्रिया चलिरहेको र त्यसमा नेपालको परराष्ट्र मन्त्रालयले समेत सहमति दिएको जानकारी दिँदै होपकिन्सले समस्या सुरु भएको १५ वर्षमा भएको पहिलो कदमबाट आफू आशावादी भएको बताएकी थिइन्। त्यस बेला उनले भनेकी थिइन्, 'म आशावादी छु।' होपकिन्सको भ्रमणपछि उच्चायोगका वरिष्ठ अधिकारीहरूले शरणार्थीहरूलाई सहयोग गर्न नसक्ने चेतावनी बारम्बार दिँदै आएको स्थिति छ।

## शिविरमा खुसीयाली

**पूर्वी नेपालका** सातवटा शिविरमा बस्दै आएका भुटानी शरणार्थीले भने अमेरिका यात्राको मौकाको स्वागत गरेका छन् । ढेड दशकदेखि पराले छाप्रामा जीवन धान्दै आएका भुटानीले अमेरिकामा पुनःस्थापित गर्ने निर्णयको स्वागत गरे, फागुन २७ गते बेल्डाँगी शिविरमा र्‍याली र सभा गरेर ।

'हामीले घर फर्किने आशामा १५ वर्ष शिविरको कष्टपूर्ण जीवन बितायौं', शिविरकी दिलकुमारी कार्कीले भनिन्, 'स्वदेश फिर्तीको वातावरण बन्न नसकेपछि पुनःस्थापनाको विकल्प हामीलाई उत्तम लागेको छ ।'

शरणार्थीले तेस्रो मुलुकमा पुनःस्थापनाका लागि इच्छा जाहेर गरे सरकारले अनुमति दिने स्पष्ट गरेपछि शिविरवासीले सरकारी धारणाको स्वागतमा र्‍याली र सभा गरेका हुन् । उनीहरूले बिहानैदेखि बेल्डाँगी शिविरमा स्वागत सभा र र्‍याली गरे । 'तेस्रो देशमा पुनःस्थापनाको स्वागत गरौं, शरणार्थीलाई आफ्नो विवेक प्रयोग गर्न देऊ' लगायतका नारा लेखिएका ब्यानर बोकेर शरणार्थीले शिविर परिक्रमा गरेका थिए ।

■ **आनन्द गुरुङ/झापा**

अमेरिकाले केही वर्षदेखि शरणार्थी शिविरमा कम्युनिष्ट गतिविधि बढ्दै गएको, भुटानी सशस्त्र कम्युनिष्ट पार्टीको उदय भएको स्थितिको विश्लेषण गर्दै उसको आतंकवादविरोधी नीतिअन्तर्गत शरणार्थीलाई नेपालबाट स्थानान्तरण गर्ने नीति लिएको जानकारहरू बताउँछन् । अमेरिकाको यस्तो नीतिबाट भुटानी राजाको जातीय सफायाको नीति अनुमोदन मात्र भएको छैन, भुटानमा चलिरहेको प्रजातन्त्र बहालीको आन्दोलनमा पनि नराम्रो चोट लागेको छ ।

भुटानी शरणार्थी समस्याको मूल जरो छिमेकी भारतमा रहेको नेपालको मान्यता छ । १५ वर्षअघि नेपाल छिर्न बाटो प्रशस्त गरेको भारतले शरणार्थी फिर्ता हुने बाटो भने बन्द गर्दै आएको छ । नेपाल र भुटानको द्विपक्षीय मामला भन्दै पन्छदै आएको भारतका साम् पछिल्लो समय आफ्नो देशभित्र र सार्कस्तरबाट दबाब आएका थिए । गत वर्ष जेठमा सार्कस्तरीय साउथ एसियन ह्युमन राइट्स (एसएएचआर) भन्ने संस्थाले भुटानी शरणार्थीलाई स्वदेश फर्काउन भारतले भूमिका खेल्नपर्छ भन्ने आवाज उठाएको थियो । उक्त संस्थाको नेपाल च्याप्टरको अध्यक्ष नागरिक समाजका अगुवा डा. देवेन्द्रराज पाण्डे र भारतीय च्याप्टरका अध्यक्ष पूर्व प्रधानमन्त्री आइके गुजराल छन् । गैरसरकारी क्षेत्रबाट गरिएका यस्ता प्रयासको भारतले वास्ता गरेन । भारत अमेरिकी नीतिको पक्षमा मौनता साधेर बसेको छ ।

अमेरिका र युरोपेली देशहरूको प्रस्तावका कारण शरणार्थीमा विभाजन छ, अमेरिका जाने वा युरोप जाने वा स्वदेश फर्कने । लामो समय शरणार्थी जीवन बिताएका कारण उनीहरूमा निराशा र थकान छन् । उनीहरूमा सुरक्षित भविष्यको चिन्ता हुनु स्वभाविकै हो । भुटानमा प्रजातान्त्रिक आन्दोलनको पक्षमा काम गर्दै आएका राजनीतिक दलहरू पनि अन्योलमा देखिन्छन् । भुटनिज मुभमेन्ट स्टेरिङ कमिटीका प्रवक्ता थिन्ले पेन्जोर, शरणार्थी मुद्दाबारे पछिल्ला घटनाक्रमको समर्थन र विरोध गर्ने दोधारको स्थितिमा छन् । पेन्जोर, आफूहरूको मुख्य उद्देश्य प्रजातन्त्र स्थापना भएकाले भुटानमा राजनीतिक परिवर्तनका निम्ति संघर्षका कार्यक्रम ल्याउने बताउँछन् । पेन्जोर भन्छन्, 'हामी शरणार्थीहरूको विदेश जाने चाहना छेक्न पनि सक्तैनौं, उनीहरू स्वेच्छाले निर्णय लिन सक्छन् । हामी राजनीतिक संघर्ष गर्दै छौं । हाम्रो मुख्य उद्देश्य भुटानमा प्रजातन्त्र स्थापना हो ।'

डेढ दशकसम्म नेपाल र भुटानको समस्या मात्र बन्दै आएको शरणार्थी मामलामा अहिले अमेरिका र युरोपेली देशहरू साधक बन्न तम्सिएको अवस्था छ । शरणार्थीलाई आफ्नो देशमा स्थानान्तरण गर्ने अमेरिकीहरूको नीतिले भुटानी शरणार्थी समस्या साम्य हुन सक्छ, तर यस्ता नीतिले स्वदेश फिर्तीको चाहनालाई सम्बोधन भने गर्न सक्तैन । ■



# खै सुरक्षा ?

■ गोविन्द परियार/काठमाडौं
तस्वीरहरू :भास्वर ओभ्का

**राजधानीमा हुने अपराधका स्वरूपहरूमा परिवर्तन भएर आधुनिक शैलीमा अपराधहरू हुन थालेका छन्, तर नेपाल प्रहरीले भने पुरानै विधिअनुसार अनुसन्धान गर्दै आएको छ । अपराधीहरूमा आएको आधुनिकता, प्रहरी प्रशासनको पुरानै शैली र अपराधीमाथिको राजनीतिक संरक्षणले राजधानीमा अपराधीहरू थप सुरक्षित हुँदै गएका छन् ।**


गृहमन्त्रीले निर्देशन दिएको कार्यक्रममा प्रहरी अधिकारीहरू

**उपत्यकामा** अपराध नियन्त्रण गरी शान्ति सुरक्षा कायम राख्ने उद्देश्यले गठित महानगरीय प्रहरी पनि आधुनिक कार्यक्षमता र सीपका साथै भौतिक स्रोत साधनको अभावका कारण नाम मात्रको भएको छ । राजधानीको जुनसुकै क्षेत्रमा अपराधको घटना भएको बढीमा पाँच मिनेटभित्र प्रहरी पुग्ने लक्ष्य बोकेको यसको गठन भएको लामो समय बितिसक्दा समेत कार्यशैलीमा परिवर्तन भएको छैन । आधुनिक प्रविधिसहितको प्रहरी भ्यान, जासुसी यन्त्र र राजधानीका संवेदनशील क्षेत्रमा सिसी टिभी जडान गर्ने योजना राखेको महानगरीय प्रहरीले बजेटको अभावमा उद्देश्यहरू पूरा नभएको बताएको छ । पछिल्लो समयमा राजधानीमा देखिएको असुरक्षाले महानगरीय प्रहरीको उद्देश्यलाई पुष्टि गरे पनि सरकारको उदासीनताको कारण राजधानी झनै असुरक्षित हुँदै गएको छ । राजधानीमा देखिएको असुरक्षाका कारण राजधानीस्थित कूटनीतिक नियोग र संयुक्त राष्ट्रसंघीय कार्यालयहरूले सुरक्षाप्रति गहिरो चासो देखाएका छन् । कूटनीतिक नियोगका प्रतिनिधिहरूले सरकारलाई राजधानीको सुरक्षा स्थितिमा तुरुन्त सुधार गर्न सरकारलाई अनुरोध गरेका छन् ।

राजधानीमा अपराधका घटनाहरू पछिल्लो समयमा अत्यधिक मात्रामा बढेका छन् । सरकार संक्रमणकालीन अवस्था भएकाले गर्दा कतिपय अवस्थामा कारबाही चलाउँदा र 'एक्सन' लिँदा राजनीतिक वातावरण बिग्रन सक्ने हुँदा नेपाल प्रहरीले चुस्त रुपमा काम गर्न नसकेको नेपाल प्रहरीका एक उच्च अधिकारी बताउँछन् । राजनीतिक वातावरण, मानवअधिकार लगायत सबैलाई ख्याल गरेर शान्ति सुरक्षा कायम गराउँदा जनताको चेतनास्तर पनि त्यो स्तरमा सुध्रिनु पर्ने तर्क ती अधिकारीको छ । उता नेपाल प्रहरीका प्रवक्ता वरिष्ठ प्रहरी उपरीक्षक सुशीलवरसिंह थापा भन्छन्, 'मुलुक संक्रमणकालीन अवस्थामा छ । त्यसैले 'ल एन्ड अर्डर'मा सुरुमा केही समस्या देखिएकाले अपराधका घटनाहरू बढे पनि अहिले त्यस्तो समस्या छैन ।'

उता राजधानीको आपराधिक गतिविधिहरू परिवर्तन भएर फिल्मी शैलीमा हुन थालेका छन् । हतियार देखाउने र लुटपाट गर्नेदेखि दिउँसै गोली प्रहार गर्ने र त्यसको प्रतिरक्षामा समेत गोली चल्ने जस्ता गतिविधि सजिलै हुन थालेका छन् । विज्ञहरू पछिल्लो समयमा राजधानी काठमाडौं दक्षिण एसियाकै असुरक्षित राजधानी भएको बताउँछन् । राजधानीमा बढेको अपराधलाई मद्देनजर राखी गत आइतवार गृहमन्त्री कृष्णप्रसाद सिटौलाले राजधानीमा कार्यरत उच्च प्रहरी अधिकृतहरूलाई निर्देशन दिँदै राजधानीमा भएको अपराध नियन्त्रण गरी सुरक्षाको अवस्था कायम गराउन कानुनले निर्दिष्ट गरेका कुरा कार्यान्वयन गराउन निर्धक्क भएर उच्च मनोबलका साथ काम गर्न निर्देशन दिएका छन् । तर शान्ति सुरक्षा कायम गराउन नसकेको आरोप खेप्दै आएका गृहमन्त्री सिटौलाले महेन्द्र पुलिस क्लबमा उच्च अधिकारीहरूलाई यस्ता निर्देशनहरू पटक-पटक दिँदै आए पनि अवस्थामा भने सुधार आएको छैन ।

अध्यक्ष प्रचण्डलगायतले माओवादीका नेताहरूले अनधिकृत रूपमा निर्धक्क चढ्दै आएका करिब ४० वटा सवारी साधनबारे प्रहरीमा उजुरी परे पनि राजनीतिक हस्तक्षेपकै कारण प्रहरीले आवश्यक कारबाही गर्ने हिम्मत जुटाउन सकेको छैन । ती सबै सवारी साधन माओवादीले अपहरण गरेका हुन् । त्यसैले नियमअनुसार कुनै पनि कारबाही अगाडि बढाउने छुट प्रहरीलाई भएको दावी गृहमन्त्रीले गरे पनि त्यो अर्थहीन भएको सुरक्षाकर्मीहरू बताउँछन् ।

असुरक्षाको पछिल्लो सिकार नागरिक समाजका अगुवा देवेन्द्रराज पाण्डे भएका छन् । लोकतान्त्रिक आन्दोलनमा सक्रिय हुँदै आएका पाण्डेको विशालनगरस्थित घरमा गत साता अज्ञात समूहले बम राखेको थियो । उक्त घटनाको बारेमा अनुसन्धान गर्न प्रहरी प्रधान कार्यालयले प्रहरी अतिरिक्त महानिरीक्षक केशवप्रसाद वरालको संयोजकत्वमा प्रहरी नायव महानिरीक्षक कल्याणकुमार तिमिल्सिना र प्रहरी उपरीक्षक सुबोध घिमिरे सम्मिलित तीन सदस्यीय छानबिन समिति गठन गरेको छ । उता राजधानीमा चिकित्सक, व्यापारी लगायतले आफूहरू असुरक्षित भएको भन्दै सुरक्षाको व्यवस्था मिलाउन सरकारलाई अनुरोध गरेका छन् । उनीहरूले अपराधीहरूले ठूलो रकम फोनमार्फत माग्ने र त्यसको इन्कार गरेमा हत्या गर्ने जस्ता धम्की आएको बताएका छन् । सरकारले सुरक्षामा कुनै चासो नदेखाएको उनीहरूको गुनासो छ ।

उता नेपाल अन्तराष्ट्रिय अपराधीहरूको समेत सुरक्षित 'ट्रान्जिट प्वाइन्ट' समेत हुनथालेको छ ।



खुकुलो सुरक्षाका कारण अन्तर्राष्ट्रिय अपराधीहरूले समेत राजधानी काठमाडौंबाट आपराधिक गतिविधि संचालन गरेको प्रहरीले बताएको छ। महानगरीय अपराध अनुसन्धान शाखा हनुमानढोकामा मात्रै दर्जनभन्दा बढी विदेशी नागरिकहरू विभिन्न अपराध गरेको आरोपमा पुर्पक्षको लागि थुनामा छन्।

## राजनीतिक हस्तक्षेप कि अक्षमता?

ठूला अपराधमा संलग्न अपराधीहरू समेत सजिलै छुट्ने वा पक्राउ नपर्नु नेपालका लागि नौलो हुँदैन। यस्तो हुनुमा प्रहरी प्रशासनभित्रको विकृतिसँगै राजनीतिक हस्तक्षेप पनि दोषी भएको विज्ञहरू बताउँछन्। नेपाल प्रहरीभित्रको विकृतिसँगै राजनीतिक हस्तक्षेपले प्रहरीको कार्यदक्षतामा अवरोध पुगेको मात्रै होइन, अपराधीहरू समेत कानुनबाट उम्किएका छन्। बहालवाला एक उच्च प्रहरी अधिकृत भन्छन्, 'अधिकांश ठूला अपराधीहरू राजनीतिक संरक्षणका कारण सुरक्षित हुन्छन्।' शान्ति सुरक्षाका साथै जनताको जीउधनको सुरक्षाको जिम्मेवारी बोकेको प्रहरी प्रशासनलाई राजनीतिक हस्तक्षेपबाट मुक्त राखेर कानुन पालना गराउनमा थप सशक्त बनाउनु पर्छ। तर सबैभन्दा बढी राजनीतिक हस्तक्षेप खेप्दै आएको प्रहरी प्रशासनले अहिलेको संक्रमणकालीन अवस्थामा झनै चौतर्फी दबाब भोग्नु परेको गुनासो प्रहरी अधिकृतहरूको छ। नेपाल प्रहरीमा सरुवा बढुवादेखि सुरु हुने राजनीतिक हस्तक्षेपले गर्दा प्रहरीको तहगत संरचनामै असर गरेको गुनासो प्रहरी अधिकृतहरूको छ। अपराधशास्त्री माधवप्रसाद आचार्य भन्छन्, 'सुरक्षाको जिम्मेवारी लिएको निकायमाथि राजनीतिक हस्तक्षेप भयो भने कार्यक्षमतामा ह्रास आउँछ, नेपाल प्रहरीमा त्यस्तै भयो।'



महानगरीय प्रहरी : नाममात्र परिवर्तन भयो

नेपाल प्रहरीले अनुसन्धान गरिहेको वर्षौं पुराना दर्जनौं ज्यान मुद्दाको फाइल अझै पनि हनुमानढोकामा थन्किएर बसेका छन्। अनुसन्धानबाट अझैसम्म कुनै प्रमाण जुटाउन नसकेका यस्ता घटनाले नेपाल प्रहरीको दक्षतामा प्रश्न उठाएको छ। सामाखुसीको रानीबारीमा भएको इन्जिनियर दम्पतीको हत्याकाण्डमा अझैसम्म प्रहरी प्रशासनले अपराधीहरूलाई पत्ता लगाउन सकेको छैन। यस्ता दर्जनौं हत्याका घटनामा नेपाल प्रहरी पूर्णरूपमा असफल देखिएको छ। काठमाडौं प्रहरी प्रमुख प्रहरी उपरीक्षक ढकबहादुर कार्की भन्छन्, 'राजधानीमा अपराधका स्वरूपहरूमा परिवर्तन भएकाले गर्दा नेपाल प्रहरी पनि सोअनुरूप परिवर्तन हुनुपर्छ, तर त्यसको लागि आवश्यक तालिम, भौतिक पूर्वाधार लगायतका समस्याले गर्दा हामीले अपेक्षित रूपमा प्रहरी प्रशासनलाई परिवर्तन गर्न सकेका छैनौं।' यी नमुना घटनामा वर्षौंसम्म प्रहरी प्रशासन बेखबर बनेर अनुसन्धानविधि र प्रहरीको कार्यदक्षतामा तत्काल सुधार गर्नु पर्ने पुष्टि गरेको छ।

राजधानीमा द्रुतगतिमा बढेको आधुनिकता, विकास र जनघनत्वसँगै प्रहरी प्रशासनको सुधार नगरेका कारण अपराध मौलाउँदै गएको छ। प्रहरीले २०४२ सालको दरबन्दीको आधारमा अहिले पनि राजधानीमा काम गर्दै आएको छ। महानगरीय प्रहरी गठन भएपछि सानो संख्यामा प्रहरी थप गरे पनि राजधानीको लागि आवश्यक प्रहरीको दरबन्दी नभएको गुनासो प्रहरी अधिकृतहरूको छ। महानगरीय अपराध अनुसन्धान शाखाका प्रमुख प्रहरी उपरीक्षक केशव अधिकारी भन्छन्, 'दुई दशकअघि र अहिले राजधानीको जनघनत्व दोब्बर भएको छ, तर प्रहरीको दरबन्दी भने जस्ताको तस्तै छ। त्यसैले चुस्त काम गर्न मानव शक्तिको अभाव देखिएको छ।' मानव शक्तिका साथै नेपाल प्रहरीको अनुसन्धान विधिमा पनि कुनै सुधार आएको छैन। नेपाल प्रहरीले गर्ने अधिकांश अनुसन्धान परम्परागत विधिमा हुने गरेका छन्। तसर्थ नेपाल प्रहरीलाई समयानुकूल कार्यदक्षता र सीपमा परिवर्तन गरी चुस्त सुरक्षा संयन्त्र कायम गराउनु पर्छ।

## बढ्दो हतियार प्रयोग

विगत केही समयदेखि राजधानीमा दिनदहाडै अपराधीहरूले व्यापारीहरूमाथि गोली प्रहार गर्न थालेका छन्। यसको पछिल्लो निसाना वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष एलपी साँवा भएका थिए। केही वर्षअघिसम्म हत्याकाण्डमा तरवार र खुकुरी लगायतका घरेलु हतियार प्रयोग हुन्थे, तर अहिले भने पेस्तोल, रिवल्बर लगायतका आधुनिक हतियार प्रयोग हुन थालेका छन्। नेपालमा हतियारको चलखेल बढ्नुमा माओवादीले सुरु गरेको जनयुद्ध प्रमुख कारण भएको विज्ञहरूको विश्लेषण छ। माओवादीले सहजरूपमा हतियार प्रदर्शन गरेर आफ्ना राजनीतिक गतिविधि संचालन गरेका कारण अपराधीहरूले पनि त्यसलाई सहज मान्दै हतियार प्रयोग गर्न थालेका छन्। उता छिमेकी मुलुक भारतका कतिपय सहरमा हातहतियारहरू सहजरुपमा खरिद गर्न सकिने भएकाले पनि नेपालमा हतियारको प्रयोग बढ्न थालेको छ। भारतसँगको खुला सिमानाका कारण अपराधमा संलग्न जुनसुकै समूहले पनि सजिलै हतियार नेपाल भित्र्याउन सक्छ। पछिल्लो समयमा यसको फाइदा राजधानीमा अपराध गर्ने समूहले लिएको ठहर प्रहरीको छ।

गत साता महानगरीय अपराध अनुन्धान कार्यालय हनुमानढोकाले लुटपाट र डकैटीमा संलग्न समूहलाई भारतबाट भर्खरै खरिद गरेको हतियारसहित पक्राउ गरेको छ। महानगरीय अपराध अनुसन्धान शाखाका प्रमुख अधिकारी भन्छन्, 'राजधानीमा भएका अपराधका घटनामा प्रयोग भएका अधिकांश हतियार भारतका विभिन्न सहरबाट खरिद गरिएका छन्।' प्रहरीले स्युचाटार र नयाँ बसपार्कवाट कट्वा पेस्तोल, पेस्तोल र रिवल्बर सहित राजधानीमा लुटपाट र डकैतीमा सक्रिय विनोद गौतम, थमन मगर, गोपाल बम्जन र सुरज विष्टलाई पक्राउ गरेको छ। प्रहरीका अनुसार गत २७ गते पक्राउ परेका गोपाल बम्जन विगत दुई महिनादेखि राजधानीको लुटपाट र डकैती गर्ने समूहका नाइके हुन्। ■

# एम्बुलेन्स पनि असुरक्षित

'हामी पहाडे र मधेसी भन्दैनौं, जो विरामी हुन्छ, उसलाई अस्पताल पुऱ्याउँछौं'

विगतका चक्काजामहरूमा निर्बाध चल्ने एम्बुलेन्सहरूले पछिल्ला बन्दका बेला प्रशस्त अवरोध झेले । मानवीय सेवाका लागि सञ्चालन हुने सवारीमा अवरोध पैदा नगर्न सबैले आग्रह गरे पनि एम्बुलेन्समा तोडफोड हुने क्रम चलिरहृयो ।

पछिल्लोपटक गत फागुन २३ गते मोरङको बाँसबारीमा ग्रामीण महिला जागरण समूहको एउटा एम्बुलेन्समा तोडफोड भयो । १५ दिनअघि मात्रै सेवा सुरु गरेकोले 'नम्बरप्लेट' पाइनसकेको उक्त एम्बुलेन्स एक विरामीलाई धरानस्थित विपी प्रतिष्ठानको आकस्मिक कक्षमा छोडेर विराटनगर फर्किरहेका बेला तोडफोडको सिकार भएको थियो । कट्टी र भाला लिएर सडकमा बसेका मधेसी जनाधिकार फोरमका कार्यकर्ताले चालकलाई भुइँमा ओरालेर एम्बुलेन्समा तोडफोड गरेका थिए ।

यसअघि गत माघ २० गते राति गोमा मेमोरियल ट्रष्टको को. १ च ३१६९ नम्बरको एम्बुलेन्समाथि सुनसरीको दुहबीमा तोडफोड भएको थियो । मधेसी जनाधिकार फोरमका कार्यकर्ताले उक्त एम्बुलेन्सका चालकलाई पनि हातपात गरेका थिए । उनीहरूले भोलिपल्ट माघ २१ गते बिहान दुहबीमै नेपाल रेडक्रस सोसाइटी इटहरी उपशाखाका दुईवटा एम्बुलेन्स तोडफोड गरे । विरामी पुऱ्याएर फर्किरहेको को. १ ड २१२१ र को. १ ख ३६५५ नम्बरको एम्बुलेन्समा ढुंगामुढा प्रहार गरिएको थियो ।

अस्पतालमा विरामी पुऱ्याएर फर्किरहेको सवारीमा तोडफोड गरी क्षति पुऱ्याइएपछि माघ २१ गते नै सुनसरी र मोरङका झन्डै तीन दर्जन एम्बुलेन्सले विरोधस्वरुप एकैसाथ दुहबी बजार परिक्रमा गरेका थिए । त्यही दिन झापाका एम्बुलेन्सहरूले पनि दमकमा एक घन्टा चक्काजाम गरेका थिए । उनीहरूले विरामीको जीवन र मृत्युमा निर्णायक सावित हुनसक्ने एम्बुलेन्समा व्यवधान नपुऱ्याउन आन्दोलनकारीसँग आग्रह गरे ।

तर, दोस्रो संस्करणको मधेसी आन्दोलनमा पनि त्यही घटना दोहोरियो । फेरि मोरङका एम्बुलेन्सहरूलाई सडकमै तेर्स्याएर विरोध प्रदर्शन गरियो । मधेसी आन्दोलनमा मात्रै एम्बुलेन्स तोडफोड भएको छैन । गत मंसिर २६ गते संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चले आह्वान गरेको लिम्बुवान बन्दको क्रममा पनि इटहरीमा एउटा एम्बुलेन्समाथि तोडफोड भएको थियो । खासगरी दोस्रो जनआन्दोलनपछि लगातारजसो भइरहेका जिल्ला तथा क्षेत्र बन्दमा बारम्बार तोडफोड हुन थालेपछि एम्बुलेन्स चालकहरूले असुरक्षा महसुस गरेका छन् ।

उनीहरूले यस विषयलाई लिएर मोरङका प्रजिअ मोदराज डोटेललाई पनि भेटे । प्रजिअ डोटेलले 'सुरक्षाको जिम्मा लिने' आश्वासन दिएर औपचारिकता पूरा गरे पनि एम्बुलेन्स चालकहरूले खासै राहत महसुस गर्न सकेनन् । त्यसो त उनीहरूले मधेसी फोरमका स्थानीय नेताहरूलाई पनि एम्बुलेन्स सेवामा अवरोध नपुऱ्याउन आग्रह गरेका छन् । 'हामी पहाडे र मधेसी भन्दैनौं, जो विरामी हुन्छ, उसलाई अस्पताल पुऱ्याउँछौं', फोरमका स्थानीय नेताहरूलाई भेट्न गएका एम्बुलेन्स चालकहरूको नेतृत्व गर्दै डिल्लीप्रसाद वाँस्कोटाले भनेका थिए, 'यसैले हामीलाई हाम्रो काम गर्न दिइयोस् ।'

तर, मधेसी फोरमका सुनसरी अध्यक्ष सत्यनारायण मेहता एम्बुलेन्समात्र नभई शववाहन, विवाहका गाडी, वारुणयन्त्र, मानवअधिकारकर्मी, पत्रकार कसैको सवारीमा पनि अवरोध नपुऱ्याउने नीतिप्रति आफूहरू प्रतिबद्ध रहेको बताउँछन् । यति हुँदाहुँदै पनि आन्दोलनमा मिसिने 'उद्दण्ड केटाहरू'ले एम्बुलेन्समा तोडफोड गर्ने गरेको मेहता बताउँछन् । 'हाम्रा केटाहरूले यस्तो काम गर्दैनन्', उनी भन्छन्, 'यो हाम्रो आन्दोलनलाई बिगार्न चाहनेहरूको चाल हो ।'



बन्दमा तोडफोड गरिएको एम्बुलेन्स

अर्कोतिर, विरामी बोक्नुपर्ने केही एम्बुलेन्सले सट्टे मानिसलाई गन्तव्यसम्म पुऱ्याएर तोकिएको दरभन्दा बढी पैसा लिने 'ट्याक्सी'को काम गरेकाले पनि त्यस्ता सवारीमा क्षति पुऱ्याइएको एकथरि आन्दोलनकारीको भनाइ छ, जुन एक हदसम्म सही छ । तर, यस्तो धारणा राख्ने आन्दोलनकारीले अस्पतालबाट फर्किरहेको खाली एम्बुलेन्सलाई पनि कहिलेकाहीं त्यस्तै 'ट्याक्सी'को श्रेणीमा राख्ने गल्ती गर्ने गरेका छन् ।

एम्बुलेन्स चालकहरूले पेसागत हित र सुरक्षाका लागि गठन गर्न लागेको संघका अध्यक्ष डिल्लीप्रसाद वाँस्कोटा भन्छन्, 'हो, केही एम्बुलेन्सले सेवाको नाममा व्यापार गरेका छन्, तर सबैलाई एउटै श्रेणीमा राखिनुहुन्न, जुन एम्बुलेन्सले सट्टे मानिस बोकेको छ, त्यसलाई नियन्त्रणमा लिएर कारबाही गरे हुन्छ ।' खासगरी उर्लाबारी र दमकका एम्बुलेन्सले बन्दका बेला यस्तो व्यापार गर्दै आएको वाँस्कोटा बताउँछन् ।

■ **ओमआस्था राई/धरान** (तस्वीर पनि)

# किन भइरहन्छ दंगा ?




नेपालगन्जमा फागुन २९ गते सबै जाति र धर्मका व्यक्तिहरूले निकालेको सद्भाव ऱ्याली

**दुई महिनाअघि** फैलिएको साम्प्रदायिक हिंसाबाट नराम्ररी प्रभावित भएको नेपालगन्जको घाउ निको हुन नपाउँदै भड्किएको अर्को साम्प्रदायिक दंगाले पुनः यहाँको जनजीवन आक्रान्त बनाएको छ । दंगाका कारण करोडौं मूल्यका निजी तथा सरकारी सम्पत्ति नष्ट भएका छन् ।

मधेसी जनाधिकार फोरमले आयोजना गरेको बन्दका बेला मोटरसाइकल चलाएको घटनालाई लिएर सुरु भएको यसपटकको झडपमा बाँके खजुरामा दुईजनाको ज्यान मात्र गएको छैन, कयौं सर्वसाधारण जनता साम्प्रदायिक हिंसाको मार खप्न नसकी गाउँबाट पलायन भएका छन् । मिहिनेतका साथ बनाइएका सर्वसाधारणका घर र अन्य सम्पत्ति नष्ट पारिएको छ । साम्प्रदायिक दंगा नियन्त्रणका लागि प्रशासनले नेपालगन्ज-गुलरिया सडकको खजुरामा लगाएको कर्फ्युको मार समेत सर्वसाधारणले खप्नु पऱ्यो । आपसी दंगामा तीन दर्जन बढी घाइते भए ।

दुई महिनाअघि पनि सद्भावना पार्टीले बन्दको आयोजना गरेका बेला भएको घटनाको सानो निहुँका कारण नेपालगन्जमा साम्प्रदायिक हिंसा भड्किएको थियो । उक्त घटनामा एक सर्वसाधारणको ज्यान गएको थियो ।

> अधिकांश बासिन्दाले साम्प्रदायिक हिंसाको पीडा भोगेको लामो समय बित्न नपाउँदै पुनः नेपालगन्जमा अर्को दंगा भड्किएपछि प्रश्न उठेको छ, नेपालगन्जमा किन पटक-पटक साम्प्रदायिक हिंसा भइरहेको छ ?

अधिकांश बासिन्दाले साम्प्रदायिक हिंसाको पीडा भोगेको लामो समय बित्न नपाउँदै पुनः नेपालगन्जमा अर्को दंगा भड्किएपछि प्रश्न उठेको छ, नेपालगन्जमा किन पटक-पटक साम्प्रदायिक हिंसा भइरहेको छ ? यसको ठ्याक्कै कारण बताउन नसके पनि पटक-पटक साम्प्रदायिक हिंसा भड्किनुको कारण अधिकांश जनताको कमजोर चेतनास्तर भएको स्थानीय बुद्धिजीवीहरू अनुमान लगाउँछन् । हिंसा भड्किएपछि मात्र कर्फ्यु घोषणा गर्ने अथवा बल प्रयोग गर्न खोज्ने सरकारले समयमै जनतालाई सचेत पार्नु पर्ने टड्कारो आवश्यकता रहेको सर्वसाधारण जनता बताउँछन् ।

'नेपालगन्जको मिश्रित समुदायको महत्त्वलाई यहाँका बासिन्दाहरूले त बुझेनन्, साथै जान्ने बुझ्नेहरू र सरकारले पनि मिश्रित समुदायको फाइदाबारे सर्वसाधारणलाई बुझाउने प्रयास नगरेका कारण बारम्बार जातीय दंगा भइरहेको हो', अधिवक्ता राजेन्द्र शर्मा भन्छन् । बौद्ध, हिन्दु, मुस्लिमदेखि लिएर क्रिस्चियन धर्मावलम्बीहरूको समेत बसोवास रहेको नेपालगन्जमा विगतका वर्षहरूमा धार्मिक दंगा हुने गरेको भए पनि दुई महिनादेखि भने पहाडी र मधेसीको नाममा जातीय हिंसा भड्किने गरेको छ । हिंसा भइरहेका बेला यो साता बाँकेको खजुरामा मानवअधिकारवादी र पत्रकारहरूलाई समेत जातीयताको आधारमा आक्रोश पोख्ने प्रयास गरेका थिए, दंगामा सरिक भएकाहरूले ।

केही महिनाअघिसम्म वल्लो घरको मान्छेलाई परेको समस्यामा पल्लो घरको मान्छेले सहयोग गर्ने र आपसमा मिलेर गुजारा गर्नेहरूबीच यतिखेर मनमा द्वेषको वातावरण पाइन्छ । कुनै कारणविना फलानो समूह अथवा त्यस्तै केही बहाना बनाएर जनजीवन अस्तव्यस्त पार्ने काम भइरहेको छ । पहाडियाहरूको बसोवास बढी भएको ठाउँमा उनीहरूले मधेसीको रिसमा टायर बालेर अथवा त्यस्तै गतिविधिद्वारा विरोध गर्ने र मधेसी समुदायको बसोवास बढी भएको ठाउँमा उनीहरूले पहाडियाहरूको रिसमा आफ्नै टोलको बाटो अवरुद्ध गर्ने वा टायर बाल्ने जस्ता अवाञ्छित कामसम्म भए, दंगाका क्रममा ।

दुई महिनाअघि ख्यालख्यालैमा भड्किएको दंगा पटक-पटक हुन थालेपछि यसमा प्रतिगामी तत्त्वहरूको हात रहेको हुन सक्ने अनुमान लगाउनेहरूको संख्या पनि कम छैन । 'संविधानसभाको चुनाव नचाहनेहरूले जातीय दंगालाई उकासिरहेका छन्', अधिवक्ता विष्णु पोखरेल भन्छिन् ।

मुस्लिम, हिन्दु, मधेसी, पहाडी, थारू र अन्य जनजातिहरूको बसोवास रहेको नेपालगन्जमा शिक्षित समुदाय अन्य सहरहरूको तुलनामा कम छ । भारत, उत्तरप्रदेशको रुपैडिहासँग जोडिएको नेपालगन्जमा दुई महिनाअघिको साम्प्रदायिक दंगाबाट नष्ट भएको ८ करोड मूल्य बराबरको सम्पत्तिको क्षति उपलब्ध गराउन नसकिरहेको सरकारलाई यो साता पुनः खजुरामा भएको क्षति उपलब्ध गराउनु पर्ने अर्को दायित्व थपिएको छ । पटक-पटक जातीय दंगा भइरहनुको कारण सधैं अस्तव्यस्त बनाएर फाइदा लिनेहरूको खेल भएको हुन सक्ने पनि केही व्यक्तिहरू आशंका गर्छन् । मानवअधिकारकर्मी भोला महत भन्छन्, 'यतिखेर शान्ति नचाहनेहरूले हिंसा भड्काउन खोजिरहेका छन् ।'

## पत्रकारहरू पनि निसानामा

यसैबीच मधेसी टाइगर हतियारधारी संगठनको नाममा नेपालगन्जमा मंगलवार बाँडिएको एक विज्ञप्तिले पत्रकार र अन्य अधिकारवादीहरू पनि सुरक्षित हुन नसक्ने चिन्ता बढेको छ । मधेसी टाइगर हतियारधारी संगठनको नाममा जारी विज्ञप्तिमा दुई महिनादेखि जारी रहेको प्रहरी दमन, माओवादीको हतियार प्रदर्शन र पत्रकारहरूका व्यवहारका कारण हतियार चलाउनु पर्ने अवस्था सृजना भएको उक्त संगठनका प्रवक्ता प्रकाश सिंहले उल्लेख गरेका छन् ।

बजारमा भेटिएका त्यस्ता विज्ञप्तिहरू नक्कली अथवा सक्कली के हुन् भनेर पहिचान हुन नसके पनि यसले अर्को समस्या सृजना गरेको सञ्चारकर्मीहरू बताउँछन् । पत्रकारहरूले यस्तो धम्की दिने व्यक्तिहरूको बारेमा सत्यतथ्य पत्ता लगाउन प्रशासनसँग माग पनि गरेका छन् ।

■ रुद्र खड्का/नेपालगन्ज (तस्वीर पनि)



निजी विद्यालयका शिक्षकहरू स्थायी हुनुपर्ने र नियुक्तिपत्र पाउनुपर्ने माग राख्दै शिक्षा मन्त्रालय घेराउ गर्दै

भास्कर ओझा

# सेवासुविधाको ग्यारेन्टी खोज्दै

**नियुक्तिपत्र, सरकारी स्केलबमोजिम तलब सुविधालगायत विभिन्न माग अघि सारेर निजी विद्यालयमा कार्यरत शिक्षकहरू आन्दोलनमा होमिएका छन् । सरकार, विद्यालय संस्थापक र संस्थागत विद्यालय युनियनबीच साझा सहमति नबनेसम्म उनीहरूको माग पूरा हुन सजिलो छैन ।**

■ **छत्र कार्की/काठमाडौं**

**मुलुकभरका** निजी विद्यालयमा कार्यरत शिक्षकहरू गत फागुन २५ गते कक्षा ठप्प पारेर सडकमा निस्किए । उक्त दिन राजधानीमा एकत्रित भएका करिब ५ हजारजति शिक्षकले ३ घन्टाजति शिक्षा मन्त्रालयअगाडि धर्ना दिएर आफ्ना मागबारे ध्यानाकर्षण गराए भने उपत्यकाबाहिरका विभिन्न जिल्लामा पनि र्‍याली र सभा भए । माग पूरा गराउने नाममा विद्यालयको पठनपाठन बन्द गराई शिक्षकले सडकमा आएर आन्दोलन गर्नु उचित नभएको तर्क गर्नेहरू पनि धेरै छन् । शिक्षकहरू भने सडक आन्दोलन रहर नभई हकअधिकार प्राप्तिका लागि गरिएको बाध्यात्मक लडाइँ भएको बताउँछन् ।

संस्थागत विद्यालय शिक्षक युनियनका अध्यक्ष मुकुन्द गौतम भन्छन्, 'शान्तिपूर्ण तरिकाले भन्दा विद्यालय संस्थापक र सरकारले हाम्रा माग सुनेको भए सडकमा आउनु नै पर्दैन थियो । जायज माग ओझेलमा पार्न खोजिएकाले सडकमा आउन परेको हो ।'

तर, शिक्षकहरूले उठाएका सबै माग एकैचोटि पूरा हुने खालका देखिँदैनन् । निजी विद्यालयलाई हेर्ने विषयमा सरकारको अस्पष्ट नीति कायम रहेसम्म त्यहाँ भित्रका कमीकमजोरी सुधार्न हम्मे पर्ने विज्ञहरूको विश्लेषण छ । शिक्षाविद् डा. विष्णु कार्की भन्छन्, 'निजी स्कुलको सञ्चालन, निरीक्षण, अनुगमनलगायत विषयमा स्पष्ट दृष्टिकोण आएमा पठनपाठनको स्तर, शिक्षकको सेवासुविधालगायतका कुरा व्यवस्थित गर्न सकिन्छ ।'

निजी विद्यालयमा कार्यरत संस्थागत विद्यालय शिक्षक युनियन (इस्टु)ले शैक्षिक योग्यता भएका र एक वर्ष कार्यरत शिक्षकलाई स्थायी नियुक्तिपत्र, १ वर्षभन्दा कम अवधि भएकालाई अस्थायी र कार्यरत विदेशी शिक्षकका हकमा करार नियुक्तिपत्र व्यवस्था गर्नुपर्ने माग अघि सारेको छ । साथै प्रचलित सरकारी स्केलबमोजिम तलबभत्ता, दसैं, औषधोपचार र उपदानको व्यवस्था गर्न प्रमुखतासाथ माग उठाएको छ । तीन वर्षअघि गठित संस्थागत विद्यालय शिक्षक युनियन अहिले आफ्नो संगठन विस्तारको तीव्र अभियानमा लागेको छ । स्कुल-स्कुलमा आफ्नो युनियनको एकाइ बनाउनेदेखि लिएर सभा गर्नेसम्म कार्यक्रमले तीव्रता पाएको छ । निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन (प्याब्सन)का वरिष्ठ उपाध्यक्ष भोजबहादुर शाह भन्छन्, 'शिक्षकहरूले उठाएका पेसागत हकअधिकारका कुरा जायज छन्, तर माग अभिव्यक्त गर्ने शैली ठिक भएन ।' उनी युनियनका पदाधिकारीले संगठन विस्तार र माग अगाडि ल्याउने क्रममा विद्यालय संस्थापकप्रति गरिएको व्यवहार उपयुक्त नभएको धारणा राख्छन् ।

शिक्षकहरू आफ्ना माग लिएर आन्दोलनमा आएपछि सरकारले मध्यमाञ्चल क्षेत्रीय शिक्षा निर्देशक सुशील पाण्डेको संयोजकत्वमा प्याब्सन, एनप्याब्सन प्रतिनिधि, संस्थागत शिक्षक युनियन प्रतिनिधि सम्मिलित समिति बनाएको छ । छलफलकै चरणमा रहेकाले अहिलेसम्म समिति कुनै निष्कर्षमा

पुग्न सकेको छैन ।

निजी विद्यालयमा कार्यरत शिक्षकहरूको सेवासुविधा धेरै पहिलेदेखि उठेको विषय हो, तर संस्थागत शिक्षक युनियनमार्फत संगठितरूपमा माग उठेको यो पहिलोपटक हो । नेपाल राष्ट्रिय शिक्षक संगठनका महासचिव बाबुराम अधिकारी भन्छन्, 'शिक्षकहरूले अघि सारेका माग कसरी सम्बोधन गर्ने भन्नेबारे स्पष्ट दृष्टिकोण आउनु पर्छ, नियुक्तिपत्र, तलबस्केललगायत मागलाई सम्बोधन गरिनु पर्छ ।' राष्ट्रिय अभिभावक संघका अध्यक्ष वाङ्छे शेर्पा शिक्षकहरूलाई शिक्षा ऐनमा उल्लेख भएअनुसार सेवासुविधा उपलब्ध गराउनु पर्ने माग जायज भएको बताउँछन् ।

संस्थागत विद्यालयका शिक्षकहरूले राखेका सेवासुविधासम्बन्धी माग जायज भए पनि अहिलेको अवस्थामा सबै माग पूरा गर्न सकिने अवस्था नरहेको विद्यालय संस्थापकहरूको धारणा छ । तीन वर्षअघि अहिलेका शिक्षा विभागका महानिर्देशक जनार्दन नेपालको संयोजकत्वमा गठित निजी विद्यालयको शुल्कसीमा निर्धारण कार्यदलले तोकेको प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहको औसत शुल्कको पछिल्लो समयमा पुनरावलोकन नभएको उनीहरूको भनाइ छ । न्यून शैक्षिक र भौतिक पूर्वाधार भएका विद्यालयलाई प्रस्थानविन्दु बनाएर उक्त समितिले प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहको औसत शुल्क ५ सय, ६ सय र ७ सय रुपैयाँ तोकेको थियो । एउटा कक्षामा न्यूनतम ३३ जना विद्यार्थी भएको खण्डमा मात्र निर्धारण गरिएको यो शुल्कसीमाबाट शिक्षकलाई सरकारीसरह तलब उपलब्ध गराउन सकिने निष्कर्ष निकालिएको थियो । कार्यदलले भौतिक र शैक्षिक पूर्वाधार जुटाउन नसकेका विद्यालयलाई निर्धारण गरिएभन्दा २५ प्रतिशत कम शुल्क लिने प्रावधान तोकेको थियो । त्यस बेला अपेक्षित र विशेष सुविधा भएका विद्यालयले अभिभावकको सहमतिमा क्रमशः १५ र २५ प्रतिशत थप शुल्क लिन सक्ने प्रावधानसमेत राखिएको थियो । शुल्कसीमा निर्धारण हुँदा प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहको सरकारी तलब स्केल ४ हजार १ सय, ४ हजार ९ सय र ७ हजार ५ सय रुपैयाँ रहेको थियो । त्यसपछि सरकारले दुईपटक गरेर उक्त तलबस्केलमा ३० प्रतिशतसम्म वृद्धि गरेको छ ।

सरकारले तीन वर्षअघि निर्धारण गरेको सिलिङलाई आधार मानेको नजिर पेस गर्दै निजी विद्यालयले त्यसमा पुनरावलोकन नभई शिक्षकलाई पछिल्लो तलब खुवाउन अप्ठ्यारो पर्ने तर्क विद्यालय संस्थापकहरूले अघि सार्दै आएका छन् । प्याब्सनका वरिष्ठ उपाध्यक्ष शाहको प्रश्न छ, 'तीन वर्षअघि निर्धारण गरेको शुल्क यथावत् राखेर शिक्षकलाई बढेको सरकारी स्केलबमोजिम तलब खुवाउनै पर्छ भन्नु कति व्यवहारिक हुन्छ ?' तर, संस्थागत शिक्षक युनियनका अध्यक्ष गौतम भने अधिकांश निजी विद्यालयले त्यस बेला लागू गरिएको शुल्कसीमा पालना नगरेको आरोप लगाउँछन् । उनी भन्छन्, 'केही विद्यालयको उदाहरण दिएर अधिकांश संस्थागत निजी विद्यालयले शिक्षकमाथि गरेको शोषणलाई ढाकछोप गर्न मिल्दैन । राजधानीमै पनि माध्यमिक तहमा पढाउने स्नातक शिक्षकलाई २ हजार ५ सय रुपैयाँ दिने निजी विद्यालय धेरै छन् ।'

एक अध्ययनअनुसार निजी विद्यालयमा कार्यरत शिक्षकलाई अति राम्रो सुविधा उपलब्ध गराउने विद्यालय ५ प्रतिशत, सरकारी स्केलभन्दा बढी दिने १५ प्रतिशत, सरकारी स्केल दिने ३० प्रतिशत र सरकारी स्केलभन्दा कम तलबसुविधा दिने ५० प्रतिशतजति विद्यालय छन् ।

स्रोतसाधन नभएका विद्यालयलाई जबरजस्ती माग राखेर अड्को थाप्दा कालान्तरमा ती विद्यालय बन्द हुने अवस्था आउने प्याब्सनका वरिष्ठ उपाध्यक्ष शाहको तर्क छ । गौतम भने विद्यालय सञ्चालकहरूको नाफामुखी सोच नै शिक्षकले सुविधा नपाउनुको कारक तत्त्व रहेको तर्क दिन्छन् । तीन सयजति विद्यार्थी भएको विद्यालयले प्रचलित सरकारी स्केलबमोजिम तलब खुवाउन सक्ने तर्क उनको छ ।

अहिलेसम्म सरकारले निजी विद्यालयलाई स्थायी प्रकृतिमा विकास गर्नेबारे कुनै सोच ल्याएको छैन । डेढ दशकअघिसम्म निजी विद्यालयलाई अनुमति दिँदा स्थायी भनेर उल्लेख गरिएको हुन्थ्यो, तर पछिल्लो चरणमा भने अस्थायी स्वीकृति मात्र दिने गरिएको छ । निजी विद्यालयलाई स्थायीरूपमा विकास गर्न स्पष्ट नीति ल्याएपछि मात्र शिक्षकहरूका माग पूरा हुने विश्लेषकहरूको धारणा छ । तर, संस्थागत शिक्षक युनियनले अघि सारेका माग कसरी सम्बोधन गर्ने भन्ने विषयमा सरकार, विद्यालय संस्थापक र शिक्षकबीच साझा सहमति बन्नु आवश्यक देखिन्छ । ■





त्रिभुवन विमानस्थलमा अवतरण भएको साउदर्न चाइना एयरलाइन्सको विमान

भास्कर ओझा

# सजिलो बाटो

■ मधुसूदन पौडेल/गोन्जाओ, चीन

**काठमाडौं–गोन्जाउ सीधा हवाई उडानको फाइदा चिनियाँ सामान आयात गर्ने व्यापारीहरूले उठाएका छन् । नेपालमा आयात गरिने चिनियाँ कुल वस्तुमध्ये गोन्जाउबाट मात्रै ५० प्रतिशत हुने गर्छ ।**


**काठमाडौं–गोन्जाउ** सीधा हवाई सम्पर्कबाट नेपाल-चीन व्यापारका लागि सजिलो ढोका खुलेको छ । युरोपेली शैलीमा विकासको शिखर चुम्दै गरेको चीनको यो आधुनिक सहर नेपालीका लागि भने सस्ता चिनियाँ सामान निर्यात गर्ने चीनको सबैभन्दा मुख्य व्यापारिक केन्द्र हो । अमेरिका, युरोप वा एसियाका अन्य मुलुकहरूमा चिनियाँ 'एक्सपोर्ट क्वालिटी'का सामान निर्यात गर्ने गोन्जाउले नेपालका लागि बहुराष्ट्रिय कम्पनीहरूको ब्रान्डमै किन नहोस्, नेपालीको आम्दानीले थेग्न सक्ने वस्तु पठाइरहेको छ । काठमाडौंमा चिनियाँ वस्तुका आयातकर्ता व्यापारी होमनाथ दंगाल भन्छन्, 'काठमाडौंका जुनसुकै व्यापारिक केन्द्रमा यिनै गोन्जाउबाट आयात गरिएका सामानको आधिपत्य छ ।'

चाइना साउदर्न एयरलाइन्सको गोन्जाउ-काठमाडौं सीधा हवाई उडानको फाइदा नेपालमा चिनियाँ सामान आयात गर्ने यिनै व्यापारीहरूले उठाएका छन् । नेपालमा आयात गरिने चिनियाँ कुल वस्तुमध्ये गोन्जाउबाट मात्रै ५० प्रतिशत सामान नेपालमा आयात हुने गरेको छ । हिमालय सीमापार व्यापार संघका महासचिव केशव रायमाझी भन्छन्, 'चिनियाँ व्यापारमा संलग्न व्यवसायीका लागि गोन्जाउ नै सबैभन्दा महत्त्वपूर्ण व्यापारिक सहर बनेको छ ।'

सीधा उडानपछि व्यापारीहरूले हङकङ हुँदै गोन्जाउ पुग्नु पर्दाको हैरानीबाट मुक्ति पाएका छन्, अहिले । 'एक देश, दुई व्यवस्था'को सिद्धान्तअनुरूप चिनियाँ स्वायत्तता पाएको हङकङले नेपाली नागरिकलाई भिसा उपलब्ध गराउने मामिलामा धेरै अड्चन कायम राखेको छ । त्यससँगै व्यापारीहरूले हङकङ हुँदै गोन्जाउ पुग्दा लाग्ने समय र पैसा पनि बचत गर्न पाएका छन् । सीधा उडानका लागि व्यापारीहरूले नेपाल वायुसेवा निगम र नेपाल सरकारलाई लामो समयसम्म दबाबकै शैली प्रयोग गर्दा पनि सरकारले यसतर्फ खास पहल गर्न नसकेपछि चिनियाँ वायुसेवा नेपालको उडानमा अग्रसर भएको छ । महासचिव रायमाझी भन्छन्, 'यो सीधा उडानको फाइदा भने नेपालले उठाउन सक्छ ।' गोन्जाउका अतिरिक्त नेपालका अन्य व्यापारिक केन्द्र मानिएका चिनियाँ सहरहरू फुजेन वा इयु पुग्नका लागि पनि यो उडान लाभदायी सावित भइरहेको छ । यसले नेपाल-चीन व्यापारमा सहजीकरण ल्याएको त छ नै, व्यापारको आकार बढ्ने अपेक्षा पनि गरिएको छ । चीनसँग व्यापारको बढ्दो क्रमसँगै नेपालको व्यापार घाटा पनि चुलिँदै जानेछ । किनभने व्यापार सहजीकरणका प्रयाससँगै चीनमा निर्यात व्यापार बढाउन सकिने अवस्था रहे पनि व्यापार प्रतिस्पर्धामा नेपालको गिर्दो अवस्थाका कारण नेपालका उत्पादन चिनियाँ बजारमा बढ्ने

सम्भावना देखिएको छैन । सन् २००५-२००६ मा नेपाल-चीन व्यापारमा नेपालले ६ अर्ब ५३ करोड रुपैयाँको व्यापार घाटा व्यहोरेको छ, जब कि यो वर्ष दुई देशबीचको व्यापार ६ अर्ब ७४ करोड रुपैयाँ रहेको छ । व्यापार प्रवर्धन केन्द्रका कार्यकारी निर्देशक नारायणप्रसाद श्रेष्ठ भन्छन्, 'आयातको तुलनामा हामीले १० प्रतिशत सामान पनि चीनमा निर्यात गर्न सकेका छैनौं ।' सरकारले चिनियाँ बजारमा माग रहेका छाला लगायतका केही सीमित वस्तुको निर्यातमा विशेष पहल गर्न सके नेपालको व्यापार घाटालाई एक हदसम्म रोक्न सकिन्छ ।

नेपालीका लागि अब दैनिक आवश्यकता टार्न पनि चिनियाँ उत्पादनकै खाँचो पर्न थालेको छ । चीनबाट भित्रिन थालेका सस्ता लत्ताकपडाले नेपाली कपडा उद्योगलाई धराशायी पारिदिएको छ । अब फलफूल, तरकारी, लसुन र प्याजसम्म पनि भित्रिन थालेको छ । नेपालीका लागि आवश्यक अधिकांश सामान अहिले चिनियाँ बजारबाट नेपालमा भित्रिन्छन् । अधिकांश यी सामान खासा नाकाबाट भित्रिन्छन् भने कतिपय सामान चीनको सेनजेन बन्दरगाहबाट कोलकाता हुँदै नेपाल ल्याउने गरिएको छ ।


गोन्जाउको पर्ल नदीमा प्रतिविम्बित बत्ती

मधुसूदन पौडेल

## पर्यटक भित्र्याउने अवसर

सीधा उडानबाट नेपालले चिनियाँ पर्यटक नेपाल भित्र्याउने सबैभन्दा महत्त्वपूर्ण अवसर हात पारेको छ । त्यसको सकारात्मक असर देखिएको छ, सुरुका दिनहरूमा पनि । चाइना साउदर्न एयरले उडान सुरु गरेको पहिलो महिना फेब्रुअरीमा मात्रै करिब २ हजार चिनियाँ पर्यटकले नेपाल भ्रमण गरेका छन् । यो संख्या गत वर्षको सोही महिनामा नेपाल आउने चिनियाँ पर्यटकको तुलनामा २८१ प्रतिशतले बढी हो । नेपालमा शान्ति स्थापनाको चरणमा देखिएको यो उत्साहले यो वर्ष नेपालमा चिनियाँ पर्यटकको संख्या उल्लेख्य मात्रामा बढ्ने आशा गरिएको छ ।

चीनले नेपाललाई गन्तव्य राष्ट्रका रुपमा सूचीकृत गरेको छ । वायुसेवाको अभाव, भाषाको समस्या र महँगो प्याकेजका कारण चिनियाँहरू नेपालतर्फ आकर्षित हुन सकेका छैनन् । नेपाल र चीनबीचमा नेपाल एयरलाइन्स र चाइना एयरका सातामा एक-एक उडान संचालनमा रहेको अवस्थामा गत वर्ष साढे ६ हजार पर्यटक मात्रै नेपाल भ्रमणमा आएका थिए । यो वर्षको सुरुदेखि चाइना साउदर्नले सोमवार र शुक्रवार गोन्जाउ-काठमाडौंका लागि साताका दुई उडान संचालनमा ल्याएको छ । यी उडानबाट चिनियाँ पर्यटकको संख्या उल्लेख्य मात्रामा बढाउने लक्ष्य राखेको छ । चाइना साउदर्नका लागि नेपालको जनरल सेल्स एजेन्ट्स (जिएसए) गोर्खा ट्राभल्सका कार्यकारी अध्यक्ष दीपक भट्ट आफ्नो एयरलाइन्समार्फत यो वर्ष नेपाल आउने चिनियाँ पर्यटकको संख्या १० हजार पुऱ्याउने लक्ष्य राखिएको बताउँछन् । करिब २ सय सिट क्षमता रहने ७५७ बोइङको व्यवसायिक उडानका लागि पनि उक्त संख्याका चिनियाँ नेपाल भित्र्याउने लक्ष्य स्वभाविक मान्न सकिन्छ ।

आफ्ना नागरिकलाई नेपाल भ्रमणमा पठाउन चीन सरकारको सकारात्मक सहयोगका बाबजुद पनि चिनियाँ पर्यटक नेपाल भित्र्याउन नेपालको खास पहल नहुँदा नजिकको ठूलो पर्यटन बजारबाट नेपालले आशातीत लाभ लिन सकेको छैन । पर्यटन प्रवर्धनका लागि नेपाल पर्यटन बोर्डको परम्परागत बजार प्रवर्धन कार्यक्रमबाहेक नेपाल सरकारले चिनियाँ पर्यटकलाई नेपालमा आकर्षित गर्ने प्रयास गरेको छैन । एक तथ्यांकअनुसार प्रतिवर्ष साढे ३ करोड चिनियाँ नागरिक भ्रमणका लागि निस्किने गर्छन् । सम्भवतः संसारमा एउटा मुलुकबाट यति धेरै संख्यामा पर्यटक पठाउने मुलुक चीन मात्रै हो । सीमा जोडिएको सहयोगी छिमेकी मुलुकका पर्यटक भित्र्याउन नसक्दा नेपालको पर्यटन उद्योग संकटमा बाँच्दै आएको छ । नेपालमा चिनियाँ पर्यटक आकर्षित गर्न सरकारले खास कार्यक्रम ल्याउनु आवश्यक देखिएको छ ।

## खाँचो महावाणिज्य दूतावासको

गोन्जाउमा महावाणिज्य दूतावास नहुँदा गोन्जाउ, सेनजेन र आसपासका चिनियाँ सहरबाट नेपाल भ्रमणमा आउन चाहने पर्यटकले समस्या झेल्नु परेको छ । गोन्जाउ-काठमाडौंबीच सुरु भएको सिधा हवाई उडानबाट नेपालले फाइदा उठाउनका लागि गोन्जाउमा तत्काल महावाणिज्य दूतावास स्थापना गर्नु पर्ने आवश्यकता देखिएको छ । किनभने सीधा उडानबाट नेपाल आउन चाहने यस क्षेत्रका नागरिकले नेपाल आउनका लागि आवश्यक पर्ने भिसा लगायतका प्रशासनिक प्रक्रियाका लागि सांघाई पुग्नु पर्ने बाध्यता छ । जसका कारण उनीहरू नेपाल आउन प्रोत्साहित बनिरहेका छैनन् । चाइना साउदर्नको नेपाल उडान व्यवस्थापनका लागि गोन्जाउमा कार्यरत गोर्खा ट्राभल्सका प्रतिनिधि श्रीराम थापाको अनुभवमा चिनियाँ नागरिकलाई नेपाल भ्रमणका लागि सहज वातावरण बनाउन पनि गोन्जाउमा नेपाल सरकारको उपस्थिति आवश्यक देखिएको छ । जसको प्रत्यक्ष आर्थिक फाइदा नेपालले पाउन सक्छ । सीधा उडानमा अहिले मुख्य रुपमा नेपाली व्यापारीहरू उडिरहेका छन्, चिनियाँको तुलनामा । गोन्जाउमा महावाणिज्य दूतावासको स्थापना र पर्यटन बजार प्रवर्धनका प्रभावकारी कार्यक्रम संचालन गरिएमा यो सहरबाट नेपाल आउने पर्यटकको संख्या वृद्धि हुने व्यवसायीहरू बताउँछन् ।

व्यापारिक कारोवारमा विद्यमान समस्या समाधानका लागि पनि गोन्जाउमा वाणिज्य दूतावास स्थापना गर्नु पर्ने आवश्यकता व्यवसायीहरूले उठाउँदै आएका छन् । महासचिव रायमाझी भन्छन्, 'व्यवसायीले ओहोरदोहोर गरिरहनु पर्ने गोन्जाउमा कसैको राहदानी हरायो भनेमात्रै पनि बेइजिङ वा सांघाई पुग्नु पर्ने बाध्यता छ ।' त्यहाँ नेपाल सरकारको उपस्थिति नरहेका कारण कतिपय व्यापारिक कारोवारका क्रमामा पनि नेपाली व्यवसायीहरू चिनियाँ पक्षबाट समस्यामा पर्दै आएका छन् । बिडम्बना के छ भने सरकारले मुलुकको आवश्यकताअनुसार वाणिज्य दूतावासहरू स्थापना गर्ने वा नगर्ने निर्णय लिनु पर्नेमा त्यसका लागि पनि व्यवसायीहरू परराष्ट्र वा वाणिज्यमन्त्रीहरूको चाकरीमा धाउनु पर्ने अवस्था कायमै छ । ■




निरज सापकोटा

◀ नेपालमा पहिलोपल्ट भएको धर्मपुत्र-पुत्री सम्मेलनको उद्घाटन समारोहमा

धर्मपुत्र–पुत्रीसम्बन्धी पहिलो सम्मेलनले यो क्षेत्रमा देखिएको विकृति/विसंगति हटाउन चुस्त व्यवस्थापनको खाँचो औंल्याएको छ

# चुस्त व्यवस्थापनको खाँचो

■ **गोविन्द परियार/काठमाडौं**

**धर्मपुत्र–पुत्रीसम्बन्धी** हेग महासन्धि पारित गर्नुपर्ने, ऐन कानुन परिवर्तन गर्नु पर्ने र बालगृहमा देखिएका विकृतिहरू तुरुन्त सुधार गर्नु पर्ने लगायतका सुझावसहित धर्मपुत्र-पुत्रीसम्बन्धी पहिलो अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न भएको छ।

सम्मेलनमा सहभागी विभिन्न देशका प्रतिनिधिले सरकारले आफ्ना ऐन कानुनमा सुधार गरेर 'हेग महासन्धि'ले सुनिश्चित गरेअनुरूपको बालअधिकारको पालनासहितको धर्मपुत्र-पुत्रीसम्बन्धी कार्य गर्न सुझाव दिएका थिए। धर्मपुत्र-पुत्रीसम्बन्धी 'हेग महासन्धि'ले बालबालिकाहरूले सबैभन्दा पहिला आफ्नो परिवारमा, त्यो नभए आफ्नो समाजमा, त्यो पनि सम्भावना नभए आफ्नो देशमा र अन्तमा मात्र विदेशमा हुर्कन पाउनु पर्ने व्यवस्था गरेको छ। आयोजकहरूले यो सम्मेलनले नेपालमा धर्मपुत्र-पुत्रीसम्बन्धी देखिएका विकृतिहरू सुल्झाउनमा सहयोग गरेको बताएका छन्। बालबालिकाको निम्ति गैरसरकारी संस्थाहरूको महासंघ नेपालका अध्यक्ष उपेन्द्रकेशरी न्यौपाने भन्छन्, 'सम्मेलनले सरकारको फितलो कानुन र बालगृहहरूको विकृतिको बारेमा छलफल गरेर सरकारलाई सुझाव दिएकाले पनि यसले विगतका कमी कमजोरी सुल्झाउन सहयोग गरेको छ।' धर्मपुत्र-पुत्रीको अनुगमन लगायतका कार्यको लागि सरकारले स्वायत्त निकाय गठन गर्नु पर्ने निष्कर्ष पनि सम्मेलनले निकालेको छ। सम्मेलनमा सरकारका तर्फबाट महिला बालबालिका तथा समाज कल्याण राज्यमन्त्री उर्मिला अर्यालले धर्मपुत्र-पुत्रीका अधिकार सुनिश्चितताको लागि चाँडै नै हेग महासन्धि पारित गर्ने बताएकी थिइन्। राज्यमन्त्री अर्यालले विगतका कमी कमजोरी सच्याएर सम्मेलनले दिएको सुझावलाई आधार मानेर ऐन कानुन तुरुन्त परिवर्तन गर्ने बताएकी थिइन्।

धर्मपुत्र-पुत्री राख्नेसम्बन्धी व्यवस्था नेपालमा परापूर्वदेखि सुरु भए पनि मुलुकी ऐन संशोधन २०३४ ले यसलाई अन्तरदेशीय बाटो खोलेको थियो। यसअगाडि नेपाली नागरिकले मात्र धर्मपुत्र-पुत्रीको रुपमा बच्चाहरू अपनाउन पाउने व्यवस्था गरिएको थियो। तीन दशकअघिदेखि सुरु भएको नेपाली बालबालिकाहरूलाई विदेशीले पनि धर्मपुत्र-पुत्रीको रूपमा लैजान पाउने व्यवस्थाले अहिलेसम्म २ हजारभन्दा बढी बालबालिकाहरू विदेशीले अपनाएको यस क्षेत्रमा कार्यरतहरूका तथ्यांकले देखाएका छन्।

धर्मपुत्र-पुत्रीको नाममा बालगृहका संचालकहरूले मानव बिक्री गर्दै आएको आरोप लाग्दै आएको थियो। धर्मपुत्र-पुत्रीको रूपमा विदेशी नागरिकले बच्चा अपनाउँदा विभिन्न सरकारी निकायको स्वीकृति लिनुपर्ने व्यवस्था गरिएको भए पनि व्यवहारमा त्यो लागू नभएको जानकारहरू बताउँछन्। बालगृहहरूले मोटो रकम लिएर धर्मपुत्र-पुत्रीहरू विदेशीलाई हस्तान्तरण गरेको रहस्य खुल्दै आएको छ। बालमन्दिर लगायतका बालगृहहरूले समेत बालबालिकालाई धर्मपुत्रको नाममा विदेशी नागरिकलाई बिक्री गरेको आरोप लागेको छ। एउटा बच्चा विदेशीलाई हस्तान्तरण गर्दा दस हजार डलरसम्म बालगृहहरूले लिने गरेको रहस्य स्वयं विदेशीहरूले नै खुलाएका छन्।

बालगृह संचालनको लागि न्यूनतम मापदण्डमा केन्द्रीय बालकल्याण समिति र सम्बन्धित जिल्ला बालकल्याण समितिले अनिवार्यरूपमा प्रत्येक वर्ष अनुगमन र मूल्यांकन गर्नु पर्ने उल्लेख गरिए पनि यसको पूर्ण कार्यान्वयन भने हुन सकेको छैन। जसले गर्दा बालगृहमा रहेका बच्चाहरू बालगृह संचालकहरूले मनपरी रूपमा धर्मपुत्र-पुत्रीको नाममा विदेशी नागरिकलाई मोटो रकम लिएर हस्तान्तरण गर्ने गरेका छन्। सरकारको फितलो नीति र बालगृह संचालकहरूको व्यापारमुखी सोचका कारण धर्मपुत्र-पुत्रीको नाममा बालबालिकाको व्यापार हुने गरेको विज्ञहरू बताउँछन्। उता च्याउ उम्रिएझैं खोलिएका बालगृहहरूले सरकारले तोकेको न्यूनतम मापदण्डसमेत पूरा नगरी संचालन गरेका छन्। सरकार भने उनीहरूको यस्तो कार्यशैलीप्रति मुकदर्शक मात्र बनेको आरोप लागेको छ। सरकारको फितलो कार्यशैली र बालगृह संचालकको हेलचक्रचाइँका कारण बालबालिकाहरू थप जोखिममा परेका छन्।

सम्मेलनमा अमेरिका, क्यानडा, फ्रान्स, इटाली, नर्वे, स्पेन, पोल्यान्ड, भारत, बेलायत, स्विजरल्यान्ड र स्विडेनका ६७ जनाले भाग लिएका थिए। नेपालका बालबालिकालाई धर्मपुत्र-पुत्रीको रुपमा अपनाउने यी प्रमुख मुलुक हुन्। धर्मपुत्र-पुत्रीसम्बन्धी विकृतिका कारण केही विदेशी मुलुकले नेपालका बालबालिका नअपनाउने घोषणासमेत गरेका छन्। स्पष्ट ऐन कानुनअनुरूप चुस्तरूपमा धर्मपुत्र-पुत्रीको व्यवस्थापन गर्ने हो भने नेपालजस्तो मुलुकका हजारौं बेसहारा बालबालिकाको लागि सहयोग पुग्ने बताइएको छ। ■


प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले जेठमा चुनाव गर्ने रटान दोहोऱ्याइरहे पनि त्यो असम्भव भएको छ

भास्कर ओझा

# चुनाव कात्तिकमा

■ किरण भण्डारी/काठमाडौं

**फागुनको अन्तिम साता सम्पन्न आयोगका पदाधिकारीहरूको अनौपचारिक बैठकले स्वतन्त्र र धाँधलीरहित निर्वाचनका लागि आवश्यक सुरक्षाको वातावरण कायम गराउनसमेत गृह प्रशासनको ध्यानाकर्षण गराएको छ ।**

**जेठभित्रै कुनै** पनि हालतमा संविधानसभाको निर्वाचन सम्पन्न गर्ने एकोहोरो रटान जारी राख्ने, तर त्यसका लागि आवश्यक पूर्वतयारी नगर्ने आठ राजनीतिक दल र सरकारको रवैयाबाट निर्वाचन आयोग दिक्क भएको छ। प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासहित आठ राजनीतिक दलका शीर्षस्थ नेताहरूले सार्वजनिक मञ्चहरूबाट संविधानसभाको निर्वाचन जेठमा गर्ने विषयमा जति जोडदार आवाज उठाएका छन् निर्वाचनका लागि आधारभूत वातावरण बनाइदिन त्यति नै पछि परेको मूल्यांकन आयोगले गरेको छ ।

जेठभित्रै निर्वाचन सम्पन्न गर्न सरकार र अन्तरिम संसद्ले कानुनी र अन्य व्यवस्थापकीय तयारी पूरा नगरेको मूल्यांकन गर्दै आयोगले सम्बन्धित पक्षहरूलाई त्यसबारे जानकारीसमेत गराएको छ। फागुनको अन्तिम साता सम्पन्न आयोगका पदाधिकारीहरूको अनौपचारिक बैठकले स्वतन्त्र र धाँधलीरहित निर्वाचनका लागि आवश्यक सुरक्षाको वातावरण कायम गराउनसमेत गृह प्रशासनको ध्यानाकर्षण गराएको छ ।

'संविधानसभाको निर्वाचन गर्ने विषयमा सरकारको कथनी र करणी ठ्याक्कै उल्टो देखिएको छ', एक आयुक्तले नाम उल्लेख नगर्ने सर्तमा समयसित भने, 'यही चालाले कात्तिकभन्दा पहिले निर्वाचन हुँदैन ।' माओवादी रवैया, मधेसी आन्दोलनले सुरक्षाको वातावरण झन् बिग्रँदै गएकाले ती समस्याको समाधान नभई संविधानसभाको चुनाव हुन नसक्ने ती आयुक्तको धारणा छ ।

आयोगका पदाधिकारीहरूले विभिन्न सरकारी अधिकारी र संविधानसभामा चासो व्यक्त गर्ने विदेशीहरूसँग समेत सुरक्षा र अन्य वातावरणका विषयलाई प्रथमिकताका साथ उठाउँदै आइरहेका छन् । तर, उनीहरू संविधानसभाको निर्वाचन जेठमा गर्न सम्भव छैन भनेर औपचारिक धारणा व्यक्त गर्ने अवस्थामा समेत छैनन् । 'राजनीतिक दलका नेताहरू समेत जेठमा निर्वाचन गररै छाड्ने भनिरहेका छन् भने हामी कसरी सकिँदैन भन्न सक्छौं', आफूहरूको बाध्यताबारे ती आयुक्तले भने । सुरक्षा, कानुनी र अन्य व्यवस्थापकीय तयारी निर्वाचनका आवश्यक सर्त भएको बताउँदै प्रमुख आयुक्त भोजराज पोखरेलले संविधानसभाको निर्वाचन सर्ने विषयमा समयले राखेको जिज्ञासामा विस्तृत कुरा गर्न मानेनन् । मधेसी जनाधिकार फोरम र माओवादीबीचको घम्साघम्सीले संविधानसभाको निर्वाचनलाई जेठभन्दा पर धकेल्ने धारणा धेरै राजनीतिक विश्लेषकहरूको छ ।

माओवादीलाई सरकारमा सम्मिलित नगरी संविधानसभाको अवरुद्ध प्रक्रियाहरूले गति लिन नसक्ने र मधेसको आन्दोलनको बैठान नभएसम्म माओवादीलाई सरकारमा सामेल गराउन नसक्ने माखेसाङ्लोमा निर्वाचन परेको छ। मधेसमा माओवादीविरुद्धको आक्रोश चर्कँदै गएकाले यो माखेसाङ्लो झन् जेलिँदै गएको छ। कैलाली जनसरकार प्रमुख रहिसकेका लक्ष्मण थारू (रोशन) र अरू तेह्रजना माओवादी नेताहरूको पार्टी परित्यागले यही सिलसिलाको एउटा शृंखलाको रूपमा लिइएको छ ।

तराई आन्दोलन र माओवादी रवैयाले मात्र जेठमा निर्वाचन नहुने जानकारी दिएको हैन, सरकार र आयोगका उच्च प्रशासनिक अधिकारीहरूले पनि केही दिनदेखि विभिन्न बैठकहरूमा अनौपचारिक रूपमा निर्वाचन सर्ने बताउन थालेका छन् । निर्वाचनसम्बन्धी ऐनहरूको दफावार छलफलका लागि दिनहुँ चलिरहेको राज्य व्यवस्था समितिको बैठकपछि सरकारका सचिवहरूले समिति सचिवालयका कर्मचारीहरूसँग अचेल 'जेठमा निर्वाचन हुने हैन, केको चटारो' भन्न थालेका छन् ।

संविधानसभासम्बन्धी विधेयकहरूलाई यथासम्भव टुंग्याउन राज्य व्यवस्था समितिको दिनहुँ बैठक बसिरहेको छ। सरकारले संसद्मा ऐनहरू प्रस्तुत गर्न ढिलाइ गरेका कारण आयोगले दिएको 'डेड लाइन' नाघेको एक महिना बितिसक्दा पनि आवश्यक ऐन, नियम र निर्देशिका बन्न सकेको छैन ।

जेठभित्र संविधानसभाको निर्वाचन सम्पन्न गर्न आयोगले अन्तरिम विधायिकामा प्रतिनिधित्व गर्ने दलहरूसमक्ष अनुरोध गरेअनुसार सरकार र संसद्ले कार्यसम्पादन गरेको भए फागुन अन्तिम साताभित्रै दलदर्ता कार्यक्रम सुरु भइसकेको हुन्थ्यो । हिमाल, पहाड र तराईको मतदाता नामावली संकलनको काम सकिएर मतदाता नामावलीको अन्तिम सूची जिल्ला जिल्लामा पठाउने काम सुरु भइसक्नुपर्थ्यो ।

दर्जनौं ऐन नियम र निर्देशिका निर्माण, मतदाता



समय

सुरक्षा, कानुनी र अन्य व्यवस्थापकीय तयारी निर्वाचनका आवश्यक सर्त हुन्: प्रमुख आयुक्त भोजराज पोखरेल

# गुज्रियो मिति

| महत्त्वपूर्ण काम | समयसीमा (महिना साता) |
|---|---|
| ऐन, नियम निर्माण तथा स्वीकृति | माघ पहिलो - फागुन पहिलो |
| निर्देशिका र आचारसंहिता तयारी तथा उत्पादन | माघ तेस्रो - फागुन अन्तिम |
| मतदाता नामावली एकीकृत गरी अन्तिमरूप दिने | फागुन चौथो - वैशाख दोस्रो |
| राजनीतिक दलदर्ता कार्यक्रम | फागुन तेस्रो - चैत चौथो |
| मतदाता सचेतना कार्यक्रम | माघ पहिलो - जेठ तेस्रो |
| निर्वाचन अनुगमन तथा पर्यवेक्षण | फागुन पहिलो- जेठ चौथो |
| निर्वाचनसम्बन्धी कार्यका लागि सुरक्षा व्यवस्था | माघ तेस्रो- जेठ चौथो |

नाम संकलन तथा अद्यावधिको काम सकिएर आम सहमतिमा निर्वाचन आचारसंहिता पनि बनिसक्थ्यो। निर्वाचन कार्यक्रमको प्रस्थानविन्दुका रूपमा रहेका यी चरणमा विलम्ब भएकाले यति बेला सुरु भइसक्नुपर्ने मतदाता सचेतना कार्यक्रम र निर्वाचन अनुगमन तथा पर्यवेक्षणको सुरसारसमेत भएको छैन।

प्रमुख निर्वाचन आयुक्त पोखरेलले संसद्मा प्रतिनिधित्व गर्ने माओवादीसहित दलहरूका शीर्षस्थ नेताहरूसमक्ष माघ २८ गते समयसीमाभित्र कार्यहरू सम्पन्न नगर्ने हो भने जेठ अन्तिमभित्र संविधानसभाको चुनाव सम्पन्न गर्न मुस्किल हुने धारणा व्यक्त गरेका थिए।

संविधानसभाको निर्वाचन समयमै नभएमा हुने अपजस आयोग र आफ्नो थाप्लामा नपरोस् भनी सचेत पोखरेलले आफूले जागिरको जोगाउनकै लागि पूर्ववर्तीले जस्तै चुनावको नाटक मात्र रच्न नसक्ने पनि बताएका थिए। 'निर्वाचनमा जान कुनै ढोका नखोलिदिएसम्म हामी कसरी अघि बढ्ने ?', उनले त्यति बेलै प्रश्न गरेका थिए।

निर्वाचन प्रक्रियालाई सक्दो संकुचित गरिसकेकाले आयोगले अझ कम अवधिमा सबै कार्यक्रम सम्पादन गरिसक्ने सम्भावना समेत क्षीण हुँदै गएको छ। साविकमा मतदाता नामावलीबाहेक निर्वाचनका लागि कम्तीमा ५ महिनाको अवधि लाग्ने गरेकोमा अहिले तीन महिनामात्र बाँकी हुनुले पनि निर्वाचन हुन नसक्ने देखाउँछ।

संविधानसभाको निर्वाचन आवधिकभन्दा बढी सहभागीमूलक र विशिष्ट निर्वाचन भएकाले अन्तर्राष्ट्रिय अभ्यास र मान्यतालाई अनुसरण गर्न सचेत गराउँदै नेपालस्थित संयुक्त राष्ट्रसंघीय मिसन (अनमिन)ले चुनाव प्रक्रियालाई धेरै नखुम्च्याउन आयोग र सरकारका मन्त्रीहरूसँग आग्रह गरेको छ।

एमाले स्थायी समिति सदस्य प्रदीप नेपालले जेठमा कुनै हालतमा निर्वाचन हुन नसक्ने ठोकुवा गरेका छन्। संविधानसभाको चुनाव भनेको विगतमा भएजस्तो पंचवर्षीय चुनावी नाटक नभएको बताउँदै उनले भने, 'जंगेले बोलेपछि बोल्यो भन्ने शैलीमा जेठको चुनावी रट लगाउन छोडे हुन्छ।'

निर्वाचनका लागि आधारभूत ऐन नियम निर्माणकै क्रममा रहेको, मतदाता नामावली अद्यावधि नभएको, नागरिकता वितरण नसकिएको र निर्वाचनका लागि भय र त्रासरहित वातावरण नरहेकाले जेठमा चुनाव हुनै नसक्ने दाबी नेपालको छ। मधेस आन्दोलनका कारण तराईका १० जिल्लामा मतदाता नामावली संकलन र कतिपय जिल्लामा नागरिकता वितरण अवरुद्ध भएको छ।

जेठमा वा असोजमा निर्वाचन हुन्छ भन्ने कुरा महत्त्वपूर्ण नभएको बताउँदै कांग्रेसभित्र संविधानसभाका प्रखर पक्षधर नेपाली कांग्रेस नेता नरहरि आचार्यले प्रक्रियाहरूलाई पूर्णता दिएर मात्र निर्वाचन गर्नुपर्ने बताएका छन्। लोकतान्त्रिक गणराज्य नेपालका लागि कांग्रेस अभियान विषयक अन्तरसंवाद कार्यक्रममा आचार्यले भने, '१५ दिनमा ल्याउने भनिएको संविधानले ६ महिनासम्म पूर्णता पाएको छैन, पूर्व तयारी नसकी चुनाव हुँदैन।'

संविधानसभाको निर्वाचन विलम्ब हुँदै गए २००७-२०१७ साल दोहोरिन्छ ? भन्ने प्रश्नमा आचार्यले भने, 'त्यति बेला दलहरूको मात्र मुद्दा बनेको संविधानसभाको चुनाव अहिले जनता र नागरिक समाजको चाहना भएकाले त्यस्तो भय मान्नुपर्ने अवस्था छैन।'

असारमा आठबुँदे सहमतिका क्रममा पन्ध्र दिनभित्र जारी हुने भनिएको अन्तरिम संविधान ६ महिना ढिलो गरी जारी हुनुलाई नै संविधानसभाको यात्रातर्फको ढिलाइको मूल कारण मानिएको छ। जारी भएको दुई महिना नबित्दै संशोधन भएको संविधान फेरि दोस्रो संशोधनको पर्खाइमा छ।

निर्वाचनसँगै जोडिएको धारा ६३ मा भएको संशोधनमा निर्वाचन क्षेत्र कति हुने भन्नेसमेत उल्लेख नभएकाले त्यो धारा पुनः संशोधन नगरी निर्वाचनमा जान नसकिने अवस्थाले अर्को विलम्ब हुने राजनीतिशास्त्री कृष्ण खनालले बताएका छन्, 'जनताको अपेक्षा सकेसम्म चाँडो निर्वाचन होस् भन्ने छ, तर संविधान संशोधन गर्दा कति क्षेत्र हुने भन्ने समेत व्यवस्था गरिएको छैन। यस्तो महत्त्वपूर्ण विषय छुटेकाले झनै विलम्ब हुने भएको छ।'

संविधानसभाको निर्वाचन गर्न विलम्ब हुँदा अनिष्ट हुन सक्नेतर्फ पनि उनले सचेत गराएका छन्। 'संक्रमणकाल लम्बिँदै जाँदा राजनीतिक प्रक्रिया विचलित हुने सम्भावना अधिक हुन्छ', खनालले भने। ■

## संविधानसभा कति सदस्यीय हुने भन्ने किटान नभएकाले निम्नलिखित संशोधित धारा नै अपूर्ण भएको छ।

अन्तरिम संविधान २०६३ को धारा ६३ मा संशोधन : संविधानको धारा ६३ को (१) उपधारा ३ को सट्टा देहाएको उपधारा ३ राखिएको छ।

३. संविधानसभामा समान जनसंख्या र भौगोलिक अनुकूलता तथा विशिष्टताका आधारमा र मधेसमा जनसंख्या प्रतिशतका आधारमा कानुनमा व्यवस्था भएबमोजिम मिश्रित निर्वाचन प्रणालीअनुरूप देहायबमोजिम निर्वाचन र मनोनयन हुने देहायको संख्याका सदस्यहरू रहनेछन्।

(क) प्रशासकीय जिल्लालाई निर्वाचन जिल्ला कायम गरी संविधानसभाको निर्वाचन हुनभन्दा अघिको राष्ट्रिय जनगणनाबाट निश्चित भएको जनसंख्याका आधारमा त्यस्ता जिल्ला र सदस्य संख्याबीचको अनुपात यथासम्भव समान हुने गरी धारा १५४ (क) बमोजिम व्यवस्था भएको निर्वाचन क्षेत्र निर्धारण आयोगबाट निर्धारण भएबमोजिम संख्या बराबर निर्वाचन क्षेत्र कायम गरी प्रत्येक निर्वाचन क्षेत्रबाट एकजनाको दरले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअनुसार निर्वाचित सदस्य।

(ख) सम्पूर्ण मुलुकलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणालीअनुसार खण्ड (क) बमोजिम सदस्य संख्याबराबर निर्वाचित हुने सदस्य। ■

# सबैतिर अन्योल

■ विश्वमणि पोखरेल/काठमाडौं


अमेरिकी उपविदेशमन्त्री हेनेरिता फोर

तस्वीरहरू : भास्कर ओझा

**अहिलेसम्म राष्ट्रसंघीय मिसनलाई सहयोग गर्ने, आचारसंहिता पालना भए–नभएको हेर्ने संयन्त्र समेत निर्माण गरिएको छैन**


इयान मार्टिन

**मुलुकमा केही समयदेखि** विकसित घटनाक्रमहरूले मुलुकको राजनीति फेरि अन्योलग्रस्त बन्दै गएको संकेत दिएको छ। जेठमा संविधानसभाको निर्वाचन गर्ने र माओवादीसहितको अन्तरिम सरकार बन्ने मात्र होइन, नेपालको शान्ति प्रक्रिया नै खलबलिने खालका गतिविधिले स्थान पाइरहेका छन्।

यस्तो अवस्थामा माओवादीको दबाबमा चाँडै अन्तरिम सरकार गठन हुन्छ त ? राजनीतिमा यो प्रश्नको उत्तर जटिल बन्दै गएको छ। आठ राजनीतिक दलबीचको आपसी सम्बन्ध र समीकरणमा विभाजनका रेखा देखिन थालेका छन् भने प्रमुख राजनीतिक दलहरू गणतन्त्र घोषणा गर्ने क्रान्तिकारी प्रतिस्पर्धामा उत्रिएका छन्। यद्यपि, सत्ताधारी प्रमुख राजनीतिक दलहरूबीचको आपसी अविश्वास, माओवादीको सरकारमा सामेल हुने दबाब र व्यवहार परिवर्तन गरिनु पर्ने सर्तका कारण शान्ति प्रक्रिया बिथोलिएको छ, संविधानसभाको निर्वाचनमा प्रशस्त चुनौती थपिएका छन्। संविधानसभा र शान्ति प्रक्रिया दुवै धरापमा पर्ने त होइनन् भन्ने शंका बढ्दो छ। त्यसमाथि कानुन व्यवस्थाको स्थिति दिनदिनै खराब हुँदै जानु पनि अन्तरिम सरकारका लागि थप चुनौतीपूर्ण छ भने हतियार व्यवस्थापनविना माओवादीलाई अन्तरिम सरकारमा नलानका लागि अमेरिकी उपविदेशमन्त्री हेनेरिता फोरको दबाबको सामाना गर्नुको चुनौती पनि छ। अर्कोतिर सरकारले मधेसको आन्दोलनप्रति देखाएको निराशापूर्ण रवैयाले थप समस्या निम्त्याएको छ। सरकार अझै पनि मधेसको आन्दोलनलाई दबाउने मनस्थितिमा देखिएको छ। सरकारले हालैमात्र अघोषित रूपमा मधेसको आन्दोलनसम्बन्धी वेवसाइटहरूलाई अघोषित रुपमा प्रतिबन्ध लगाइसकेको छ।

यो परिस्थितिमा माओवादी अन्तरिम सरकारमा सहभागी बन्न आतुर मात्र छैन, चाँडै सरकारमा नलगेमा विद्रोह गर्ने धम्की पनि दिँदै छ भने अर्कोतिर माओवादीइतरका शक्तिहरू माओवादीको व्यवहारले संविधानसभाको निष्पक्ष र स्वतन्त्र निर्वाचनका निम्ति बाधक हुने अडानमा छन्। माओवादीको व्यवहारमा परिवर्तन र लुटिएको सम्पत्ति फिर्तालाई प्रमुख मुद्दा बनाउँदै कांग्रेस, एमाले र कांग्रेस (प्रजातान्त्रिक)ले माओवादीका प्रतिबद्धता र वक्तव्यहरूमा विश्वास गर्न नसकिने निचोडमा पुगेका छन्।

यसो हुनुका पछाडि माओवादीइतरका दलहरूसँग प्रत्यक्ष कारणहरू पनि छन्। माओवादी कुरा एउटा काम अर्को गरिरहेकाले पनि दलहरू माओवादीसँग बढी नै सशंकित भएका हुन्। त्यस्तै क्रियाकलापमध्येको एउटा हो, माओवादी मुखपत्र जनादेशले फागुन २९ गते छापेको 'अब आलटाल भए भीषण आन्दोलन' शीर्षक पनि हो। समाचारमा सोही दिन माओवादीसहित आठ दलको बैठक बस्ने, बैठकले अन्तरिम सरकार निर्माणको निर्णय गर्ने, संविधानसभाको मिति तय गर्ने अनुमान पनि पाठकसमक्ष पस्कियो। उक्त समाचारमा चेतावनी दिँदै भनिएको छ, 'यदि सात दलीय गठबन्धनका शीर्षस्थ नेताहरूले देशी विदेशी दबाबमा अझै पनि अन्तरिम सरकार गठन गर्न र संविधानसभाको मिति घोषणा गर्न आलटाल गरेमा नेकपा (माओवादी)ले अन्तरिम सदन दुवै ठाउँबाट गणतन्त्र घोषणा गर्दै भीषण आन्दोलन सुरु गर्ने भएको छ। नेकपा (माओवादी) अध्यक्ष क. प्रचण्डले सोमवार (फागुन २७ गते) बागलुङमा यो कुराको घोषणा गर्नुभएको छ।'

त्यसो त माओवादी मुखपत्र जनादेशले बिहानै पाठकसमक्ष पस्किएको समाचार त्यही दिनभर पनि टिक्न सकेन। सोही दिन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला, एमाले महासचिव माधवकुमार नेपाल, माओवादी अध्यक्ष प्रचण्ड, नेपाली कांग्रेस (प्रजातान्त्रिक)का सभापति शेरबहादुर देउवा लगायतका नेताहरूको बैठकमा कोइरालाले स्पष्ट शब्दमा एक साताभित्र माओवादीको जबरजस्ती व्यवहारमा परिवर्तन आउनु पर्ने तथा हतियार प्रदर्शन र प्रयोग रोकिनु पर्ने, विस्थापितको पुनःस्थापना, लुटिए र कब्जा गरिएको सम्पत्ति फिर्ता, हतियार प्रदर्शन र प्रयोग बन्द गर्ने एक साताको म्याद दिएका थिए ।

सोही दिन नेपालस्थित संयुक्त राष्ट्रसंघका महासचिवका प्रतिनिधि इयान मार्टिनले पनि प्रचण्डलाई भेटेर एक साताभित्र दर्ता नभएका हतियार दर्ता गर्ने एक साताको अल्टिमेटम दिए।

वास्तवमा अहिलेको शान्ति प्रक्रियाभरिमा नै राष्ट्रसंघले पहिलोपटक यसरी समग्र प्रक्रियाका बारेमा आफ्नो आंशका व्यक्त गरेको हो। प्रचण्डसँगको भेटको लगत्तै मार्टिनले वक्तव्य जारी गर्दै भनेका छन्, 'दर्ता नभएका कुनै पनि माओवादी सेनाका हतियार शिविरबाहिर भेटिएमा मिसन र संयुक्त अनुगमन संयोजन समितिले अनुसन्धान गर्नेछ। यस्ता दर्ता नभएका हतियार राख्नु जारी सम्झौताहरूविपरीत मात्र मानिनेछैन, त्यो गैरकानुनी समेत हुनेछ। मिसन माओवादीलाई त्यस्ता दर्ता नभएका हतियारहरू संयुक्त अनुगमन संयोजन समितिसमक्ष बुझाई आफ्नो प्रतिबद्धता पूरा गर्न पनि आह्वान गर्दछ।'

मार्टिनले संविधानसभाको निर्वाचनमा हतियार बाधक हुने स्मरण गराउँदै भनेका छन्, 'आउँदो संविधानसभाको निष्पक्ष र शान्तिपूर्ण चुनावका लागि पनि यस्ता कुनै पनि दर्ता नभएका हतियारहरू चाहे त्यो माओवादीसँग होस् वा अन्य कुनै व्यक्ति वा समूहसँग होस् ती तुरुन्तै प्रहरीको नियन्त्रणमा हुनु अत्यन्त जरुरी रहेको कुरा मिसन महसुस गर्दछ।'

मार्टिनसँगको भेटमा प्रचण्डले शिवरबाहिर पनि

अझै थुप्रै हतियार र सेना रहेको भन्नेबारेमा आइरहेका समाचार गलत भएको स्पष्टीकरण दिएको कुरा पनि वक्तव्यमा उल्लेख छ।

वास्तवमा आफ्नो दबाबमूलक रणनीतिअन्तर्गत एक महिनादेखि माओवादी अध्यक्ष प्रचण्ड राजधानीमा अन्तरिम सरकारमा आफूहरूको सामेली गराउने अभियानमा लागी परेका छन्। यसै अभियानका क्रममा व्यक्त अभिव्यक्तिहरूले एकपछि अर्को आशंका जन्माउने काम गरेको छ। आमसभा र पत्रकारहरूसँगको अन्तरक्रियामा पनि परस्पर विरोधी कुरा सार्वजनिक भएका छन्। आफैँले रोपेका विवादास्पद विषयको खण्डन गर्नु पर्ने बाध्यात्मक स्थिति प्रचण्डका सामु उपस्थित भएको छ। बागलुङको २७ फागुनको आमसभामा काठमाडौं पुगेर अन्तरिम सरकार गठन गर्ने र संविधानसभाको मिति घोषणा गराउने आमसभामार्फत आश्वासन दिएपछि पत्रकारहरूसँग प्रचण्डले खुलासा गरेका थिए '....राष्ट्रसंघको नियमानुसार दर्ता गर्न नमिल्ने हजारौं हतियार बाहिरै छन्, तिनलाई कहाँ थन्क्याउने भन्ने समस्या छ।' प्रचण्डले कस्ता कस्ता हतियार दर्ता हुन नसकेका हुन्, त्यो भने स्पष्ट गरेनन्। हतियार बाहिरै रहेको मात्र जानकारी प्रचण्डले दिएका छैनन्, उनले एकैपटक धेरै ठाउँमा हान्न सक्ने दक्ष प्राविधिक क्षमता भएका हतियार पनि माओवादीको अस्थायी शिविरबाहिरै रहेको बताए। प्रचण्डले मार्टिनसँग यो समाचार गलत भएको भनेर मुक्त त भएका छन्, तर मार्टिनले प्रचण्डसँग सोधपुछ गरेर मात्र चित्त बुझाएका छैनन्। मार्टिनले माओवादीबाट थप स्पष्टीकरणको आशा पनि राखेका छन्।

तर मार्टिन र उनको टोली आफैं पनि समस्यामुक्त भने छैन। अहिलेसम्म राष्ट्रसंघीय मिसनलाई सहयोग गर्ने, आचारसंहिता पालना भए-नभएको हेर्ने संयन्त्र समेत निर्माण गरिएको छैन। मार्टिनले पटक-पटक आचारसंहिता अनुगमन गर्ने संयन्त्रको आवश्यकता औंल्याउँदै आएका छन्।

उता मार्टिनसँगको स्पष्टीकरणपछि चार दलका शीर्षस्थ नेताहरूको बालुवाटारमा सम्पन्न बैठकमा प्रचण्डले आफूले बोलेका कुराको प्रतिवाद गर्नेभन्दा समाचारको सत्यतामाथि प्रश्न उठाउने काम गरे। बैठकमा सहभागी सूत्रका अनुसार प्रचण्डले पोखराको आमसभामा - दरबार अमेरिकीहरूको हत्या गरेर त्यसको दोष माओवादीलाई लगाउने र संविधानसभाको निर्वाचन बिथोल्ने काम गरिरहेको भाषणको खण्डन गर्ने प्रयास गरेका थिए। प्रचण्डले आफूले सामान्य अर्थमा त्यस्तो आरोप लगाएको र पत्रपत्रिकाले त्यसलाई उछालेको बताउँदै उम्कने प्रयास गरेका थिए। प्रचण्डको पोखराभाषणका बारेमा अमेरिका र दरबारले स्पष्टीकरण माग्ने काम सार्वजनिक रूपमै गरेका छन् भने कोइरालाले त्यसलाई 'केटाकेटीपन'को संज्ञा दिएका छन्। यसअघि बुटबलमा प्रचण्डले धेरै हतियार खोलामा बगेका र आगोमा परेको भनेर पत्याउन नसकिने दाबी गरेका थिए। संयुक्त राष्ट्रसंघको निगरानीमा अस्थायी शिविरमा दर्ता भएका ३० हजारभन्दा बढी छापामारको तुलनामा करिब ३ हजार मात्र हतियार दर्ता भएको यथार्थका बीच माओवादीले ठूलो संख्यामा हतियार लुकाएको आशंका उठिरहेका बेला प्रचण्डका अभिव्यक्तिहरूले आशंकालाई अझ बल पुऱ्याएको छ।

**एक सातादेखि माओवादीलाई अन्तरिम सरकारमा सामेल गराउनेबारे गृहकार्यमा जुटेका कांग्रेस, एमाले, कांग्रेस (प्रजातान्त्रिक) र माओवादीका पटक-पटकका बैठक निष्कर्षमा पुग्न सकेका छैनन्।**

प्रधानमन्त्री कोइरालाले विराटनगरबाट मुलुक गणतन्त्रात्मक भइसकेको संकेत गर्दै राजा ज्ञानेन्द्र र युवराज पारसलाई गद्दी त्याग्न सल्लाह दिएका छन् भने एमालेले संसदीय पद्धति र प्रक्रियाविपरीत अन्तरिम संविधानमा राजालाई कारबाही गर्न पाउने संशोधन हाल्ने राजनीतिक प्रपञ्च गरेको दुई साता बितेको छैन। संसदीय परम्परा र अन्तरिम व्यवस्थापिकाको नियममा समेत सरकारले संविधानका जुन जुन धाराका संशोधनको प्रस्ताव ल्याएको छ, त्यसमा मात्र संशोधन प्रस्ताव गर्न पाइने प्रावधान मिचेर संशोधनका लागि नखोलिएको धारामा संशोधन प्रस्ताव राखेर राजामाथि कारबाही गर्न राजनीति अघि सारेको थियो। एमाले अहिले त्यो प्रस्ताव बिर्सिएजस्तो गर्दै छ। माओवादीले भने 'प्राइवेट' विधेयक दर्ता गरेर गणतन्त्रात्मक राजनीतिक व्यवस्था स्थापना गर्ने रणनीति अख्तियार गरेको छ। विश्लेषकहरू माओवादीको प्रस्ताव एमालेको प्रस्तावमाथिको प्रतिक्रिया मान्छन्। यता प्रधानमन्त्री कोइरालाले विराटनगरबाट नेपाल र प्रचण्डलाई माथ गर्ने राजनीतिको पासा फाले। कोइरालाले मुलुक गणतन्त्रात्मक भइसकेको संकेत गर्दै राजा ज्ञानेन्द्र र युवराज पारसलाई गद्दी त्याग्ने सल्लाह दिएका छन्। संवैधानिक राजतन्त्र र राजालाई पनि ठाउँ दिनुपर्छ भन्ने मान्यता सार्वजनिक रूपमा व्यक्त गर्दै आएका कोइरालाको पछिल्लो अभिव्यक्तिले कांग्रेसजनमै आश्चर्य छाएको छ। कोइरालाको यो क्रान्तिकारिताको पछाडि प्रचण्ड रहेको विश्लेषण गरिँदै छ, प्रचण्डले केही दिनअघि कोइरालाबाट गणतन्त्रको कुरा आउने संकेत गरेका थिए। राजनीतिक विश्लेषकहरू प्रचण्डको सिफारिसमा कोइराला गणतन्त्रवादी बनेको बताउँछन्। राजनीतिशास्त्रका एक विज्ञ भन्छन्, 'कोइरालाको गणतन्त्रवादी वक्तव्यको राजनीतिका पछाडि माधव नेपालले पाल्पा र गुल्मीका कार्यक्रमहरूमा अन्तरिम सरकारको प्रधानमन्त्रीका बारेमा निर्णय भइनसकेको कुरालाई महत्त्व दिए। त्यसको प्रत्युत्तरमा प्रचण्ड र कोइरला नजिकिएका हुन्।' तर कोइराला, नेपाल र प्रचण्ड सबैले आफूलाई गणतन्त्रवादी देखाउने होडमा उनीहरूले निर्माण गरेको संविधानसभाको पहिलो बैठकले राजतन्त्रबारे निर्णय गर्ने प्रावधानको खिल्ली उडाउने काम भएको छ।

एक सातादेखि माओवादीलाई अन्तरिम सरकारमा सामेल गराउनेबारे गृहकार्यमा जुटेका कांग्रेस, एमाले, कांग्रेस (प्रजातान्त्रिक) र माओवादीका पटक-पटकका बैठक निष्कर्षमा पुग्न सकेका छैनन्। कांग्रेस (प्रजातान्त्रिक)का प्रतिनिधि डा. प्रकाशशरण महत भन्छन्, 'वक्तव्य र प्रतिबद्धताहरूले मात्र भएन, व्यवहारमा देखिनु पऱ्यो।'

महतले कब्जा गरिएको-लुटिएको सम्पत्ति फिर्ता, हतियार प्रदर्शन र प्रयोग तत्काल रोकिनुपर्ने अडानमा दलहरू रहेको बताए। कोइरालाले फागुन २८ को चार दलको शीर्ष बैठकमा माओवादीलाई आफूहरूसँग दर्ता भएकाबाहेक अरू हतियार नभएको र त्यस्ता हतियार फेला परेमा कानुनअनुसार कारबाही गर्न पाउने भाषामा वक्तव्य जारी गर्न आग्रह गरेका थिए। महत भन्छन्, 'हतियारको धम्की समाप्त भएको छैन, अब वक्तव्य र प्रतिबद्धताले मात्र हुँदैन।' माओवादीलाई अन्तरिम सरकारमा ल्याउनेबारे प्रमुख चार दलबीच सरकारका न्यूनतम साझा कार्यक्रम, सरकार संचालन विधि र आचारसंहिता जस्ता विषयमा पनि छलफल भइरहेको छ। तर, 'माओवादी सुध्रिएको' अवस्थामा मात्र उनीहरू सरकारमा सामेल हुने हो भने त्यस्तो वातावरण कहिलेसम्म निर्माण हुने हो ? यो प्रश्नको उत्तर दलका नेताहरूसँग पनि छैन।

माओवादीमाथि अपहरण, जबरजस्ती चन्दा असुली, ठेक्कापट्टामा हस्तक्षेप, कारबाही जस्ता दबाबमूलक आपराधिक कामहरू भइरहेको आरोप छन्। बैठकहरूमा माओवादी नेतृत्वले आफ्ना तर्फबाट बाह्रबुँदे समझदारी, विभिन्न बुँदाका सम्झौता, शान्ति सम्झौता र अन्तरिम संविधानको प्रावधानअनुसार कार्यान्वयन पक्षलाई तीव्रता दिएको दाबी गर्दै आएका छन् भने प्रत्युत्तरमा राजनीतिक बन्दी रिहा गर्ने, बेपत्ताको स्थिति सार्वजनिक, आफ्ना सहिद परिवारलाई क्षतिपूर्ति र अस्थायी शिविरमा रहेका 'जनमुक्ति सेना'को उचित रेखदेख र भरणपोषणको मुद्दा अघि सार्ने गरेका छन्। अन्य दलहरूले माओवादीको व्यवहार सुध्रिनुपर्छ भन्ने मागलाई माओवादी नेताहरूले संविधानसभाको निर्वाचन टार्न बहाना बनाएको प्रतिक्रिया दिएर पन्छने गरेका कुरा पनि वार्ताका सहभागीहरू बताउँछन्। मन्त्री गोपालमान श्रेष्ठले समयसँग भने, 'माओवादीसँग ठूलो संख्यामा चिनियाँ पेस्तोल र ठूलो मात्रामा विस्फोटकहरू छन्। ती सबै बुझाएपछि मात्र अन्तरिम सरकारमा सामेल गराउनु पर्छ।'

माओवादी अध्यक्ष प्रचण्डले फागुन २४ मा प्रेस विज्ञप्ति जारी गर्दै सात राजनीतिक दल र नेकपा (माओवादी)का बीचमा गत सालको बाह्रबुँदे समझदारीबाट अगाडि बढेको सहकार्यको प्रक्रिया सुदृढ गर्नु अनिवार्य भएको बताएका छन्। ■

# पुनर्संरचना र पृथ्वीनारायण

**सत्य के हो भने विवादका केही प्रसंग जोडिए पनि यतिखेर हामीलाई उपलब्ध एकीकृत नेपाल देशको पहिलो रचनाकार पृथ्वीनारायण थिए ।**



नरहरी आचार्य

**पृथ्वीनारायणको** भूमिकामाथि एक महिनापूर्व समाचारपत्रहरूमा आलोचना र प्रशंसाका थुप्रै पंक्तिहरू लेखिए । राजा-महाराजाहरूका सबै क्रियाकलाप र व्यवहारलाई प्रशंसामात्रै गर्ने अभ्यासमा जुट्नेहरूलाई यस्ता स्वतन्त्र टिप्पणीमा प्रकट विचार अनौठो लागेको हुनसक्छ । तिनमा आलोचना र प्रशंसासँगै पृथ्वीनारायणका सम्बन्धमा स्वतन्त्र र वस्तुपरक टिप्पणी पनि आएका छन् । हामी यतिखेर राज्य पुनर्संरचनाबारे बहस गर्दै छौं । राज्य पुनर्संरचना गर्दा इतिहासको पुनरावलोकन र पुनर्मूल्यांकन पनि गर्नुपर्छ । यो मेलोमा आजसम्म स्थापित भएका धेरै व्यक्ति र विषयको लेखाजोखा गर्नै पर्छ । विचारहरू प्रकट भएर स्थिर भएपछि मात्रै निष्कर्ष निकाल्नु उपयुक्त हुन्छ । प्रतिक्रियाका रूपमा मात्र अघि सारिएका विषयहरू प्रायः हचुवा र तात्कालिक हुन्छन् ।

सरकारले पृथ्वीनारायणको जन्मदिनमा दिइने बिदा अकस्मात् कटौती गर्दा यससम्बन्धी विवाद र बहस उम्रिएको हो । अहिलेको अवस्थामा छिटो छरितो ढंगले काम गर्नु आवश्यक छ, तर यसो भन्दैमा हचुवा र विनाआधार गरिनु हुँदैन । सरकारको निर्णयले पुस २७ गते राष्ट्रिय एकतादिवस भनेर दिइने बिदा खारेज गरेको जानकारी दिएको छ, तर राष्ट्रिय एकतादिवस खारेज गर्‍यो वा गरेन भन्ने कुरा बताएन । त्यसमाथि खारेज गर्नुको कारण पनि बताएन । नयाँ परिस्थितिमा सम्पूर्ण दिवस वा उत्सव अनि तिनमा दिइने बिदाको पुनरावलोकन गर्न समिति बनाउन जरुरी छ । अहिलेको परिवर्तित सन्दर्भमा अध्ययन र पुनरावलोकनपछि थप्नुपर्ने, हटाउनु पर्ने र निरन्तरता दिनुपर्ने उत्सव, दिवस र तिनमा दिइने बिदाहरूका कारण र औचित्यसहित जनसमक्ष पारदर्शी ढंगले प्रस्तुत गर्नु सरकारको जिम्मेवारी हो । त्यसैले पुस २७ गते राष्ट्रिय एकतादिवस किन मनाइएन ? र, फागुन ७ गते यथास्थितिमा प्रजातन्त्र दिवस मनाउनुको आधार के भनेर प्रश्न उठेका हुन् । जनताले सरकारले गर्ने कुनै पनि निर्णयको आधार र औचित्य खोज्छ । त्यसको चित्तबुझ्दो उत्तर सरकारले दिनै पर्ने हुन्छ । जनतामा निहित सार्वभौमसत्ताको मुख्य प्रयोजन पनि यही हो । जनताले सोधेका प्रत्येक प्रश्नको उत्तर दिएर मात्र लोकतान्त्रिक सरकारले शासन गर्न पाउँछ ।

नेपालको यो भूखण्डमा विविध कालक्रममा उत्पन्न र समाप्त भएका राजाहरूका परम्परा अलग-अलग किसिमका छन् । पृथ्वीनारायणभन्दा अगाडि पनि खस, लिच्छवि र किराँतजस्ता विविध राजवंशले विस्तारित र एकीकृत नेपालमा राजतन्त्र चलाएकै देखिन्छ, तर त्यसपछि भने पद्धतिका रूपमा राजतन्त्र भत्केर सामन्ती परिपाटीकै रूपमा छरिएको इतिहास पाइन्छ । पछिल्लोपटक राजवंशलाई पद्धतिमा परिवर्तन गर्ने प्रयत्नको श्रेय पृथ्वीनारायणलाई जान्छ ।

राज्यहरू विजय गर्ने र त्यसलाई फेरि भाइ र छोराहरूका बीच अंशबन्डा गर्ने चलन राज्यलाई निजी सम्पत्तिको रूपमा ठान्ने सामन्ती मनोवृत्तिकै लक्षण थियो । त्यस बेलाको संगठित र सम्पन्न राज्यका रूपमा रहेको नेपाल उपत्यकाका मल्ल राजाहरूले यही भागबन्डाको परिपाटीलाई निरन्तरता दिएको परिप्रेक्ष्यमा पनि पृथ्वीनारायणले राज्यलाई भाइहरूका बीचमा बाँड्ने प्रक्रिया रोके । यो उनको मौलिक थालनी थियो र यसबाट पृथ्वीनारायणले राज्यलाई व्यक्तिगत सम्पत्ति नभएर सामूहिक प्रयत्नको प्रतिफल हो भन्ने मान्यता स्विकार्न खोजेको देखिन्छ । यसले पछिल्लोपटक यो हिमाली खण्डमा राजतन्त्रलाई पद्धतिका रूपमा अघि बढाउने प्रयत्न पनि गर्‍यो ।

पृथ्वीनारायणले विस्तारित गोरखा राज्य पछि 'नेपाल' नामकरण स्वीकृतको शासन लामो समय गर्न पाएनन् । तैपनि नयाँ राज्यको संरचना र संचालनका विषयमा उनका तर्फबाट जारी गरिएको दिव्य उपदेशका रूपमा चिनिने नीतिवक्तव्यलाई तत्कालीन परिवेश र चिन्तनको सीमाबीच शाहवंशीय राजतन्त्रको महत्त्वपूर्ण थालनीका रूपमा लिन सकिन्छ । तर, राजतन्त्रको स्वभाविक चरित्रअनुरूप राजपरिवारभित्रै बढेको पारस्परिक अविश्वास, कटुता, मनोमालिन्य र सत्ताद्रोहका कारणले पृथ्वीनारायणको मृत्युपछि उनका नीति-निर्देशनको मात्रै उपेक्षा भएको होइन, सामान्य मानवीयता र मर्यादाको पनि पालन हुन सकेन । फलस्वरूप संसारमा आधुनिक चेतनासहितका राज्यहरू पुनर्संरचनामा अग्रसर हुँदै गरेका बखत हामी थप निरंकुशताको जहानियाँ शासनमा प्रवेश गर्‍यौं ।

निश्चय नै पृथ्वीनारायणको राज्यविस्तारको मूल आधार सैनिक गतिविधि र निजी महत्त्वाकांक्षा पनि हो । यस क्रममा धेरैका पहिचान खल्बलिए, परिवर्तन र घुलमिल पनि भए । म आफैं यतिखेर सम्झन्छु, म आफूलाई अहिले नेपाली भनेर विनासंकोच परिचय दिन्छु, तर मेरा पूर्वजहरूको पहिचान नेपाली थिएन । यो पहिचान मलाई काठमाडौं उपत्यका र यहाँको नेवाः (नेपाः) समाजले प्रदान गरेको हो । यथार्थमा गोर्खाली पहिचान पनि मेरो पूर्वजहरूको मौलिक पहिचान थिएन । यो करिब सवा दुई सय वर्षपूर्व आइपरेको ऐतिहासिक परिघटना मात्रै थियो । किनभने त्यसअघि मेरा पूर्वज तनहुँका थिए र त्यसपूर्व सिंजाली । मेरो पूर्वजको भाषाको नाम पनि सिंजाली नै थियो, तर यो परिवर्तन र घुलमिलप्रति मलाई कुनै गुनासो छैन । पृथ्वीनारायणले थालनी गरेको गोर्खा राज्यको विस्तारक्रमपछि यसलाई नेपाल नामकरण गरिनु र गोर्खालीहरूको समेत नेपाली पहिचान स्थापित गरिनुले विस्तारसँगै एकीकरणको बीज पनि यसमा थियो भन्ने महत्त्वपूर्ण पक्षलाई देखाउँछ । आन्तरिक स्वायत्तता प्रकारान्तरले आन्तरिक एकीकरणको मूल आधार बन्न सक्थ्यो, तर एकपछि अर्को गर्दै भत्केको राज्यप्रबन्ध अन्ततः राणा शासनको उदयसँगै झन् बढी केन्द्रीकृत बन्दै जाँदा सहज र स्वभाविक एकीकरणको आन्तरिक परिस्थिति नेपाललाई उपलब्ध भएन ।

सात सालको जनक्रान्तिपछि एकपटक नेपाललाई लोकतान्त्रिक प्रक्रियाद्वारा आन्तरिक एकीकरणमा लैजाने अवसर उपलब्ध भएको हो । त्यसप्रति पृथ्वीनारायणका उत्तराधिकारीहरू इमानदार भएनन् र जनप्रतिनिधिहरू पनि समर्थ देखिएनन् । त्यसैले पृथ्वीनारायणको देहावसानको करिब सवा दुई सय वर्षपछि हामी पुनर्संरचनाका माध्यमबाट सहभागितामूलक र प्रतिनिधित्वपूर्ण राज्य खोजी गरिरहेका छौं, पूर्णतः लोकतान्त्रिक प्रक्रियाद्वारा । संविधानसभा लोकतान्त्रिक प्रक्रियाद्वारा राज्यको पुनर्संरचना गर्ने एउटा बृहत् आयोजना हो । एउटा सत्य के हो भने विवादका केही प्रसंग जोडिए पनि यतिखेर हामीलाई उपलब्ध एकीकृत नेपाल देशको पहिलो रचनाकार पृथ्वीनारायण थिए । नेपालमा शाह राजसंस्था वा राजसंस्था नै कुनै पनि रूप र अवतारमा समेत रहने परिस्थिति पनि अब रहेन । यसो भन्दैमा संघीय गणतन्त्र नेपालले पृथ्वीनारायणलाई सम्झना वा सम्मान गर्न नमिल्ने वा नपर्ने भन्ने होइन । कतिपय अभिव्यक्ति तात्कालिक प्रतिक्रियाका रूपमा पनि आएका छन् । सम्भवतः धेरैले पृथ्वीनारायणलाई बृहत् जनआन्दोलन (२०६३)ले तिरस्कार गरेका राजा ज्ञानेन्द्रका जिजुबाजे मात्रै भनेर हेरेका होलान् । कतिले सामन्ती व्यवस्थाको प्रतिनिधि बनेको राजतन्त्रसँग जोडेर पनि धारणा बनाएका होलान् । कतिसँग एकीकृत नेपाल निर्माण हुँदा गुमेका पहिचानका कथाहरू पनि पृष्ठभूमिमा बसेका होलान् । निश्चय नै यी सबै सोचाइका पछाडि वस्तुगत आधार छन्, तर भविष्यमा निर्माण हुने जुनसुकै राज्यसंरचनामा पनि पृथ्वीनारायणको ऐतिहासिक महत्त्व र स्थान भने नेपालमा रहन्छ । ■


अलपत्र विस्फोटक पदार्थ पड्किएर घाइते भएका युवा
ओमआस्था राई


माओवादीले चितवनमा सार्वजनिक गरेका हतियार
रमेशकुमार पौडेल

# अलपत्र गोलाबारूद

■ ज्योति देवकोटा/काठमाडौं
■ ओमआस्था राई/धरान

**माओवादी शान्तिपूर्ण राजनीतिमा आइसकेपछि मुलुकभर विस्फोटक पदार्थकै कारण ६८ जना घाइते भएका छन् भने १४ जनाको ज्यान गएको छ । माओवादी छापामारले विस्फोटक पदार्थ राखेको ठाउँ बिर्सिएका कारण कतिपय घटना भएका छन् भने कति ठाउँमा माओवादी कार्यकर्ताले विस्फोटक पदार्थ खुलेआम प्रयोग गर्दै आएकाले यस्ता घटना दोहोरिरहेका छन् ।**

**संयुक्त राष्ट्रसंघले** 'हतियार' नमानेको तर माओवादीले ११ वर्ष लामो युद्धमा सबैभन्दा बढी परिमाणमा प्रयोग गरेको ग्रिनेड, ल्यान्डमाइन, प्रेसर कुकर बमजस्ता थुप्रै विस्फोटक पदार्थ अझै अलपत्रजस्तै छ । माओवादीले ती विस्फोटक पदार्थलाई सुरक्षित तरिकाले भण्डारण गरेको दाबी गरे पनि विश्वस्त हुने ठाउँ भने छैन । माओवादी अध्यक्ष प्रचण्डकै शब्दमा हजारौंको संख्यामा रहेका हतियार कहाँ थन्क्याउने भन्ने समस्या छ ।

'राष्ट्रसंघको नियमअनुसार दर्ता गर्न नमिलेका हजारौं हतियार शिविरबाहिरै छन्, तिनलाई कहाँ थन्क्याउने भन्ने समस्या छ', माओवादी सेनाका सर्वोच्च कमान्डर पनि मानिने प्रचण्डले गत फागुन २८ गते बागलुङमा आयोजित सभामा भनेका थिए । प्रस्ट छ, राष्ट्रसंघले दर्ता गर्न नमानेका हतियार तिनै विस्फोटक पदार्थ हुन्, जुन ठूलो परिमाणमा छन् ।

आफैंले निर्माण गर्ने गरेका घरेलु विस्फोटक पदार्थको सहायताले दसवर्षे जनयुद्ध लडेको बताउने माओवादीसँग अहिले आफूसँग कति विस्फोटक पदार्थ छ भन्ने जानकारी छैन । 'हतियारको पूर्ण विवरण नभएझैं विस्फोटक पदार्थको यथार्थ विवरण पनि हामीसँग छैन । भएका सबै विस्फोटक पदार्थ इमानदारीका साथ माओवादी कार्यकर्ताले बुझाएका छन्', माओवादी मध्यमाञ्चल कमान्डिङ इन्चार्ज वर्षमान पुन 'अनन्त' भन्छन् ।

गत महिना प्रचण्डले माओवादीसँग विस्फोटक पदार्थको दाँजोमा हतियार एकदमै न्यून भएको र आफ्ना पार्टीका लडाकुहरूसँग सबैभन्दा बढी सकेट बम रहेको बताएका थिए । प्रचण्डको भनाइ आधिकारिक मान्ने हो भने माओवादी शिविरमा कम्तीमा पनि ४० देखि ४५ क्विन्टल विस्फोटक पदार्थ हुनु पर्थ्यो । तर, माओवादीले सातवटा शिविरमा गरी जम्मा २५ क्विन्टल विस्फोटक पदार्थ भएको बताएको छ । 'हामीसँग भएका विस्फोटक पदार्थ संकलन गरेर शिविरमा थन्काउने अभियान जारी राखेका छौं', पुन अगाडि भन्छन् ।

माओवादीका जिल्लास्तरीय कार्यकर्ताले अहिले पनि आत्मरक्षाका लागि भनेर बम बोक्दै हिँड्ने गरेका घटनाले पनि माओवादीसँग प्रशस्त विस्फोटक पदार्थ बाहिर रहेको देखाएको छ, जुन माओवादीले भने अस्वीकार गरेको छ । 'हाम्रा कार्यकर्ताले कतै पनि बाहिर विस्फोटक पदार्थ लगेका छैनन्', पार्टीले दाबी गर्दै आएको छ ।

माओवादी शान्तिपूर्ण राजनीतिमा आइसकेपछि मुलुकभर विस्फोटक पदार्थकै कारण ६८ जना घाइते भएका छन् भने १४ जनाको ज्यान गएको छ । माओवादी छापामारले विस्फोटक पदार्थ राखेको ठाउँ बिर्सिएका कारण कतिपय घटना भएका छन् भने कति ठाउँमा माओवादी कार्यकर्ताले विस्फोटक पदार्थ खुलेआम प्रयोग गर्दै आएकाले यस्ता घटना दोहोरिरहेका छन् ।

सरकार, संयुक्त राष्ट्रसंघ र माओवादीबीचको

समझदारीअनुसार माओवादीसँग भएका विस्फोटक पदार्थहरू जम्मा गरेर तीन महिनाभित्र नष्ट गर्नु पर्छ । यसलाई लागू गराउन अप्ठ्यारो भएपछि माओवादी छापामारले जम्मा गराएका विस्फोटक पदार्थहरू मुख्य सातवटा शिविरबाट करिब १ किलोमिटर टाढाको दूरीमा भण्डारण गरिएका छन् ।

'उनीहरूले आफूसँग भएको विस्फोटक पदार्थले लडाइँ जितेको बताएका छन् । यसलाई मूल्यांकन गर्ने हो भने शिविरमा जम्मा भएका विस्फोटक पदार्थ थारै मान्नु पर्छ', माओवादी हतियार व्यवस्थापनमा संलग्न एक अधिकारी बताउँछन् । उनका अनुसार माओवादीले जम्मा गरेका विस्फोटक पदार्थ र त्यसको सही व्यवस्थापन नहुँदा आउने समस्याका बारेमा हतियार व्यवस्थापन समितिमा रहेका माओवादी, सरकार र संयुक्त राष्ट्रसंघले पनि चासो देखाएका छैनन् ।

'सबै प्रकारका बम, मोर्टार र घरेलु हतियारमा प्रयोग हुने गोलाबारुदलाई निष्क्रिय पारेर शिविरआसपास सुरक्षित तरिकाले राखेका छौं', माओवादी सेनाको पहिलो डिभिजनअन्तर्गत सोलु-सल्लेरी ब्रिगेडियरबाट हालसालै योङ कम्युनिष्ट लिग (वाइसिएल)का केन्द्रीय सदस्य भएका किरण राई (निसान) भन्छन् । तर, विभिन्न ब्रिगेडसँग रहेका बम र गोलाबारुद गाउँ-गाउँमै पनि राखिएको स्रोतले जनाएको छ । भोजपुरनिवासी एक पूर्व माओवादी कार्यकर्ताका अनुसार जंगलमा रहेका ओडारमा समेत ग्रिनेडलगायतका विस्फोटक पदार्थ राखिएको छ ।

'पहिले मेरै एकजना आफन्तको घरभरि बम राखिएको थियो', उनी भन्छन्, 'अहिले ती सबैलाई नजिकैको ओडारमा सारिएको रहेछ ।' एक पूर्व ब्रिगेड कमिसारले पनि माओवादी सेनाको शिविरमा सबै बम र गोलाबारुद भण्डारण नगरिएको स्वीकारे । उनले जहाँ राखिए पनि ती विस्फोटक पदार्थको सुरक्षामा ध्यान दिइएको बताए ।

ती पूर्व ब्रिगेड कमिसारका अनुसार राष्ट्रसंघले हतियारको मान्यता नदिएका बम, ग्रिनेड एउटा डिभिजनमा मात्रै हजारौं छन् । माओवादीले गत वैशाख ११ गते प्रतिनिधिसभा पुनःस्थापना भएलगत्तै हतियार त्यागेर खुला राजनीतिमा आएपछि पनि ग्रिनेड र अन्य घरेलु बम बनाउने काम जारी राखेको थियो । 'पछिल्लो युद्धविरामपछि पनि हामीले हजारौं बम बनायौं', ती पूर्व ब्रिगेड कमिसारले भने, 'ग्रिनेडमात्रै १५ हजारभन्दा बढी बनायौं ।' अहिले भने बम, ग्रिनेड उत्पादन रोकिएको, बरु पुरानैलाई नियमित रुपमा मर्मत गरिँदै आएको उनले बताए ।

स्रोतका अनुसार २०६२ सालको माघमा भोजपुरको घोडेटार आक्रमणपछि माओवादीले अलि उन्नत प्रकारका ग्रिनेड बनाउन थालेको थियो । त्यसअघि प्रयोग हुने ग्रिनेडका विभिन्न पार्टहरूलाई खोलेर छुट्टाछुट्टै राख्न मिल्दैनथ्यो । पछि फ्युज, खोका, विस्फोटजन्य पदार्थलाई छुट्टाछुट्टै राख्न मिल्ने र प्रयोग गर्ने बेला क्षणभरमै जोड्न सकिने ग्रिनेड बन्न थाल्यो ।

'यस्ता ग्रिनेडका सबै पार्टलाई एक-अर्काबाट अलग गरेका छौं, कुकरबम, ल्यान्डमाइनका तारहरू चुँडाएका छौं', ती पूर्व ब्रिगेड कमिसार भन्छन् । लामो समयसम्म भण्डारण गर्न नसकिने र सामान्य धक्काबाट नै विस्फोट हुनसक्ने बमहरूलाई भने गत असारमै निष्क्रिय पारिएको उनले बताए । तर, शिविरबाट भागेका, प्रमाणीकरणमा अनुत्तीर्ण भएपछि पार्टी सम्पर्कबाहिर गएका माओवादी सेनाले यदाकदा आफूसँगै बम र गोलाबारुद पनि लैजाने खतरा देखिएको छ ।

गत फागुन २० गते राति धरानमा भएको बम विस्फोटले यस्तै खतराको संकेत गर्छ । मासिक १६ हजार तलब पाइने आशामा गत कात्तिकमा माओवादी सेनामा भर्ना भएका नुनढाकी, संखुवासभाका १७ वर्षीय दावा ओङ्दी शेर्पाले शिविरबाट भाग्दा आफूसँगै एउटा बम पनि ल्याएका थिए । दावा ओङ्दीले मातेको सुरमा त्यसलाई पड्काउँदा उनीसहित १६ वर्षीय प्रमेश तामाङ र ३५ वर्षीय मोहन सुब्बा घाइते भएका थिए ।

प्रमेश पनि दावा ओङ्दीसँगै माओवादी सेनामा भर्ना भएका थिए । इलामको चुलाचुलीस्थित माओवादी पहिलो डिभिजन शिविरबाट भागेका प्रमेश आफूले भने बम नल्याएको दाबी गर्छन् । 'मसँगै अरू पनि भागेका थिए, उनीहरूले ल्याए-ल्याएनन् भन्ने चाहिँ थाहा छैन', विस्फोटबाट खुट्टामा चोट लागेका प्रमेश भन्छन् । माओवादीले दावा ओङ्दीलाई 'भगुवा' भएको र बम देखाएर थुप्रैलाई धम्क्याउँदै पैसा असुलेको आरोप लगाएको छ । माओवादीको आरोप सही हो भने राष्ट्रसंघले हतियार नमानेको उसको बम र गोलाबारुद झन् चिन्ताको विषय हुन सक्छ ।

'हतियार चलाउन जान्नेले मात्र प्रयोग गर्न सक्छ, तर विस्फोटक पदार्थमा त्यो सिद्धान्त लागू हुन सक्दैन । त्यसैले हतियारभन्दा पनि विस्फोटक पदार्थको व्यवस्थापनमा राज्य, माओवादी र संयुक्त राष्ट्रसंघ टोली बढी जिम्मेवार बन्नु पर्छ', विस्फोटक पदार्थसम्बन्धी लामो समयदेखि अध्ययनरत गरिरहेकी पूर्णशोभा चित्रकार बताउँछिन् ।

युद्ध सकिएको २५ वर्षपछि अहिले पनि कम्बोडियामा अव्यवस्थित रुपमा राखिएका विस्फोटक पदार्थहरूको विस्फोटनकै कारण महिनामा सयौं सर्वसाधारणले ज्यान गुमाउने गरेका छन् । 'माओवादीले पनि अवैध रूपमा कतै लुकाएका छन् वा कतै युद्धअवधिमा गाडेर राखेर बिर्सेका छन् भने ती विस्फोटक पदार्थले भोलि भयावह अवस्था निम्त्याउन सक्छ', चित्रकारको भनाइ छ । गत वर्षमात्र तीन जिल्लामा घरलाई लक्षित गरी बम विस्फोटन भएका छन् भने ३८ वटा जिल्लामा घर र आँगनमा विस्फोटक पदार्थ पड्केका छन् ।

माओवादीले सातवटा मुख्य शिविरमा जम्मा गरेका विस्फोटक पदार्थमा डेटोनेटर तथा सामान्य डेटोनेटर ५०-५० हजारको संख्यामा रहेको उल्लेख गरेको छ । आफ्ना लडाकुहरूसँग विस्फोटक पदार्थ निर्माणका लागि चाहिने सयौं थान स्टिक, जेलिटिन, हवाइ पाउडर जस्ता कच्चापदार्थ भएको र ती पनि सम्झौतानुसार शिविरमा भण्डारण गरिएको पुन बताउँछन् । ■

## चितवनमा हतियार सार्वजनिक


राष्ट्रसंघमा दर्ता नभएका विस्फोटक पदार्थ

रमेशकुमार पौडेल

चितवनमा रहेको माओवादी सेनाको तेस्रो डिभिजनले संयुक्त राष्ट्रसंघमा दर्ता नभएका हतियार सार्वजनिक गरेको छ । शिविरभित्रै प्लास्टिकले छाएको सामान्य टहरोमा राखिएका ती हतियारमा सकेट बमदेखि जिलेटिन, सोडा, डेटोनेटर, फ्युजजस्ता विस्फोटक छन् ।

माओवादी सेनाको चितवनस्थित तेस्रो डिभिजनले बुधवार बिहान पत्रकार सम्मेलन गरेर दर्ता नभएका हतियारको विवरण दिएको हो । माओवादी जनमुक्ति सेनाका मध्यमाञ्चल कमान्डिङ इन्चार्ज वर्षमान पुन 'अनन्त'का अनुसार तेस्रो डिभिजनमा १५० थान सकेट बम छन् । त्यस्तै १५० किलो जिलेटिन, ३५० किलो सोडा, २५० किलो सल्फर, फ्युज १९ क्विन्टल, चुटपुटे बम ४७ रोल र डिस्चार्ज १८ थान छन् ।

त्यसैगरी विभिन्न किसिमका डेटोनेटर ६ हजार २ सय ११ थान छन् । राष्ट्रसंघको टोलीले दर्ता नगरेपछि यी हतियार बाहिरै रहेको अनन्तले बताए । माओवादी सेनाको तेस्रो डिभिजनमा प्रमाणित ९ सय ५४ महिलासहित ५ हजार ९ सय ६६ छापामार छन् । डिभिजन कमान्डर विविधका अनुसार प्रमाणित हतियारको संख्या ७ सय ६ छ ।

■ **रमेशकुमार पौडेल/जुटपानी, चितवन**


माओवादी प्रतिकारमा उत्रेका गाउँलेहरू




# अझै ज्यादती

# जनता प्रतिकारमा

■ **श्याम भट्ट/महेन्द्रनगर** (तस्वीर पनि)

**हिजो जंगलमा** बसेर सर्वसाधारणमाथि अत्याचार गर्ने बानी परेका माओवादीले जनआन्दोलन-२ ले सुध्रिने मौका दिएको हो भन्ने बिर्सेर बारम्बार पुरानै चरित्र दोहऱ्याइरहेकाले सरकारमात्र होइन, सर्वसाधारण पनि दिक्क भएका छन् ।

माओवादी ज्यादतीको प्रतिकार गर्ने संख्या विस्तारै बढिरहेको छ । हतियारको दम्भमा उनीहरूले प्रदर्शन गरेका व्यवहार कसैलाई चित्त बुझेको छैन भन्ने एक महिनादेखि कञ्चनपुरको बेलौरी, कैलालीका अत्तरिया, धनगढी र चौमाला तथा बैतडी सदरमुकाम र अर्को गाउँ चौखाममा भएका प्रतिकारले देखाएको छ । 'अझै पनि उनीहरूले आफूलाई सुधारेनन् भने खस्किँदो जनमत शून्यमा पुग्न बेर छैन', नेपाली कांग्रेस कञ्चनपुर सभापति यज्ञराज जोशी भन्छन् ।

सुदूरपश्चिममा एक महिनादेखि मात्रै हेर्ने हो भने माओवादी ज्यादतीले पराकाष्ठा नाघेको छ । यसै साता बैतडीमा माओवादीले गाविस सचिवमाथि कुटपिट गरेको एक दिन नबित्दै धनगढीमा विद्यार्थीलाई निर्घात कुटपिट गरेका छन्, उनीहरूले । अखिल क्रान्तिकारीका विद्यार्थीहरूले उपचारार्थ भर्ना भएका नेपाल विद्यार्थी संघ प्रजातान्त्रिकका केन्द्रीय सदस्य लेखराज जोशीलाई सेती अञ्चल अस्पतालभित्र पसेर निर्मम कुटपिट गरेका थिए । कैलाली बहुमुखी क्याम्पसभित्र प्रवेश गरी क्रान्तिकारीको एक समूहले कक्षामा पढिरहेका जेम्स घिमिरेलाई बाहिर तानेर कुटपिट गरेपछि क्याम्पसका विद्यार्थीहरूले क्रान्तिकारीका एक कार्यकर्तालाई कुटपिट गरेको भन्दै जोशीलाई पिटेका हुन्, माओवादी विद्यार्थीहरूले ।

घिमिरेलाई क्याम्पसमै नियन्त्रणमा लिई कुटपिट गरेपछि स्ववियु सभापति यज्ञराज ढुंगानाले उनलाई सेती अञ्चल अस्पताल पुऱ्याएका थिए । घटनापछि विद्यार्थीहरूले माओवादीविरुद्ध चर्को नाराबाजी गरे । घटनापछि अस्पताल पुगेका प्रहरी उपरीक्षक विजयराज भट्टमाथि समेत माओवादी कार्यकर्ताहरूले दुर्व्यवहार गरेका थिए । भिन्न राजनीतिक आस्था राखेकै कारण माओवादीले उद्दण्ड मचाएको र उपचार गर्नुका साथै माफी नमागे चरणबद्ध आन्दोलन गर्ने तथा त्यसको परिणामको जिम्मा माओवादीले लिनु पर्ने चेतावनी दिँदै क्रान्तिकारी बाहेकका विद्यार्थी संगठनले घटनाको विरोधमा संयुक्त विज्ञप्ति जारी गरेका छन् ।

यसको एक दिनअघि माओवादी बैतडी जिल्लाका पूर्व जनसरकार प्रमुख विजय सुन्दरले कुवाकोट गाविस सचिव चक्रप्रसाद उपाध्यायलाई कुटपिट गरे । सचिवले विजय सुन्दरमाथि कारबाहीको माग गर्दै जीवनरक्षाका लागि स्थानीय प्रशासनलाई गुहारेका छन् । माओवादी जिल्ला सचिवालय सदस्यसमेत रहेका विजय सुन्दरले बैतडी सदरमुकामको प्रमुख बजार गोठालापानीमा उपाध्यायलाई कुटेका हुन् । सचिवलाई कुटेपछि बजार दिनभर तनावग्रस्त भएको थियो ।

सचिवलाई कुट्दा नजिकै रहेका प्रहरीले प्रतिरोध गरेनन् । बैतडीका व्यवसायीहरूले प्रहरीको मौनताप्रति असन्तोष जनाएका थिए । 'दुई साताअघि उनले कार्यालयमा बोलाएका थिए, तर म गइनँ, त्यसैले कुटेका होलान्', सचिव चौलागाईले कुट्नुको कारणबारे भने । यसअघि पनि विजय सुन्दरले गोठालापानीमै नेपाली कांग्रेस प्रजातान्त्रिका सचिव घनश्याम भट्टमाथि हातपात गरेपछि स्थानीय




माओवादी ज्यादतिपछि अस्पतालमा सिर्जिएको तनाव

**माओवादी ज्यादतीको प्रतिकार गर्ने संख्या विस्तारै बढिरहेको छ । हतियारको दम्भमा प्रदर्शन गरेका व्यवहार कसैलाई चित्त बुझेको छैन भन्ने कञ्चनपुरको बेलौरी, कैलालीका अत्तरिया, धनगढी र चौमाला तथा बैतडी सदरमुकाम र अर्को गाउँ चौखाममा भएका प्रतिकारले देखाएको छ**

प्रशासनले सम्झौता गराएको थियो । उनीमाथि कारबाही गर्न माग गर्दै सचिवहरूले न्याय नभए कामकाज ठप्प पार्ने चेतावनी दिएका छन् ।

माओवादी जनसेनाका लागि सरकारले पर्याप्त रकम छुट्याए पनि माओवादीले विगतमा झैं कर उठाउन र राजस्व छल्न छोडेका छैनन् । गत साता मात्रै उनीहरूले कञ्चनपुरस्थित गड्डाचौकी नाका हुँदै भारत बाट ल्याइएका १७ गाँठ कम्ब्याट ड्रेस राजस्व नतिरी धम्क्याएर ल्याए । भन्सारका कर्मचारीहरूले केही बोल्न सकेनन् । माघ अन्त्यतिर बेलौरीका विभिन्न स्थलमा चेक पोस्ट राखेर माओवादीले भन्सार कर उठाएपछि बढेको विवाद साम्य नहुँदै उनीहरूले यसो गरेका छन् । यसअघि स्थानीय बासिन्दा र माओवादीबीच कञ्चनपुरको दक्षिणी भेगमा पर्ने बेलौरीमा झडप हुँदा बजार तनावग्रस्त बनेको थियो । लट्ठी बोकेका माओवादीले स्थानीय बासिन्दालाई कुट्ने धम्की दिएपछि बेलौरी खुलामञ्चमा झडप भएको थियो ।

तनावले तीन दिन बजार बन्द भयो । शैक्षिक संस्थाहरूमा पठनपाठन भएन । यातायातका साधन ठप्प रहे । कर नउठाउन माग गर्दै स्थानीय बासिन्दा माओवादीकहाँ गएपछि विवाद भएको थियो । विवादकै कारण माओवादीको एक समूहले जनमोर्चा नेपालका केन्द्रीय सल्लाहकार लाहानु चौधरी तथा शान्तिपुरका सुमेन्द्र गिरी र जितेन्द्र खड्कालाई राति घरमै गई कुटपिट गरेका थिए भने अखिल नेपाल महिला संघ केन्द्रीय सदस्य पवित्र पौडेलसँग दुर्व्यवहार गरी उनको फोन लाइन काटिदिएका थिए । विवाद साम्य नभएपछि राजनीतिक दलका नेता तथा कार्यकर्तासँग प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्मा बेलौरी पुगेका थिए । उनीसहितको प्रहरी टोलीले मध्यरातमा बेलौरीबाट घाइते माओवादीहरूलाई महेन्द्रनगर ल्याएको थियो ।

बेलौरी विवादकै बेला महेन्द्रनगर बसपार्कमै माओवादीको भातृ संगठन अखिल नेपाल मजदुर संघले ट्रिप शुल्क भन्दै सवारीसाधनहरूबाट रकम असुली गरिरहेको थियो । माओवादीको भातृ संगठनले बस पार्कदेखि देशका विभिन्न ठाउँका लागि छुट्ने यात्रुवाहक बस, मिनी बस, जिप, टाँगा तथा भारतबाट भित्रिने सवारीसाधनबाट रकम असुल्ने गरेको थियो । संघले प्रत्येक सवारीसाधनबाट दैनिक १० देखि ५० रुपैयाँसम्म जबरजस्ती असुलेको थियो । अवैध असुलीका सम्बन्धमा नेपाल मजदुर संघका केन्द्रीय सदस्य नरहरिनाथ योगीले स्वेच्छाले मात्रै ट्रिप शुल्क उठाउने गरेको बताए । माओवादीले घुमाउरो शैलीमा जबरजस्ती चन्दा असुल्ने नयाँ बाटो अपनाएको पीडितहरूले गुनासो गरेका छन् ।

आफ्नो वार्षिकोत्सवको अवसरमा कैलाली मालाखेतीमा माओवादीले तीन सर्वसाधारणलाई कुटपिट गरी घाइते बनाए । गाविस कार्यालयमा नागरिकता सिफारिसका विषयमा विवाद भएपछि माओवादीले स्थानीय बासिन्दालाई कुटपिट गरेका थिए । यसले गर्दा नागरिकता वितरण कार्य स्थगन भएको थियो । मालाखेतीमा 'गुण्डाशैली'को व्यवहार गरेका माओवादीप्रति आक्रोशित स्थानीयवासी र विद्यार्थीले अत्तरियास्थित माओवादीको कार्यालय तोडफोड गरेका थिए ।

हजारौंको संख्यामा आएका स्थानीयवासी र विद्यार्थीले माओवादीविरुद्ध नाराबाजी गर्दै राजमार्गसमेत अवरुद्ध पारेका थिए । उनीहरूले माओवादीद्वारा झुन्ड्याइएका ब्यानर तथा झन्डासमेत च्याते । मालाखेती घटनाको विरोधमा उत्रिएका जनताको सामना गर्न नसकी माओवादीले उल्टै अर्को दिन अत्तरियामा पाँच घन्टा जबरजस्ती चक्काजाम गरेका थिए भने 'जुम्राको रिस कात्रोमाथि' भन्ने उखान चरितार्थ गर्दै अत्तरिया चोकमा रहेको क्षतिग्रस्त राजा महेन्द्रको सालिक ध्वस्त पारेका थिए । यसअघि क्रान्तिकारीले महेन्द्रनगरस्थित राजा महेन्द्रको स्मारक र सालिक तोडफोड गरेका थिए ।

उता पहाडी जिल्ला बैतडीको चौखाम गाविसस्थित श्रीभावरमा पनि स्थानीय बासिन्दा र माओवादीबीच झडप भयो । माओवादीले मदिरा व्यापारी विजयसिंह बोहरालाई नियन्त्रमा लिएपछि संगठित भएका स्थानीयवासी र माओवादीबीच झडप भएको हो । माओवादी नियन्त्रणमा रहेका बोहरालाई छुटाउन भूमिराज, हाट र शिखरपुरबाट समेत सर्वसाधारण श्रीभावर पुगेका थिए, जसले तनाव झन् बढाएको थियो । झडपमा १३ माओवादी कार्यकर्ता र केही सर्वसाधारण घाइते भए । झडपपछि माओवादी कार्यकर्ता भागेका थिए ।

सबै ठाउँमा आफ्नो हैकम लाद्न खोज्ने बानीअनुरूप कैलाली चौमालामा सर्वदलीय बैठकले गरेको बजार व्यवस्थापन निर्णयविरुद्ध माओवादीले यसै साता दुई घन्टा पूर्व-पश्चिम राजमार्गको चौमाला खण्डमा यातायात अवरुद्ध गरे । चौमाला बजार व्यवस्थित गर्न आठ दल र स्थानीय बासिन्दाको सहमतिमा भएको निर्णयविरुद्ध माओवादी कार्यकर्ताले हस्तक्षेप गरेपछि गाउँलेले माओवादीविरुद्ध नाराबाजी पनि गरे । बजार विस्तार गर्ने निर्णय भएपछि उक्त क्षेत्रमा रहेका रूख कटान गर्न आएका जिल्ला वन कार्यालयका तीनजना कर्मचारीलाई माओवादीले फिर्ता पठाएका थिए । माओवादीले आफूहरू सरकारमा नगएकाले यो निर्णय नमान्ने जनाउँदै अवरोध खडा गरेको बताएका छन् । आफूहरू सरकारमा गएपछि मात्रै चौमाला बजार व्यवस्थापनका लागि निर्णय गर्ने उनीहरूको भनाइ छ ।

उता विकट जिल्ला बाजुरामा गत माघ तेस्रो साता माओवादीहरूले नेपाल रेडक्रस सोसाइटी बाजुरा शाखाका उपसभापति देवजंग शाहीलाई अपहरण गरेका थिए । दल र अधिकारकर्मीहरूको दबाबमा तीन दिनपछि शुक्रवार राति ब्रह्मतोला गाविस सेराबाट रिहा गरिएका शाहीको अपहरण सशस्त्र माओवादीले गरेको र उनीहरूसँग थ्रिनट थ्रि राइफल र ग्रिनेड भएको रिहाइका लागि जाने पत्रकार र प्रहरीले जनाएका छन् । 'हतियार व्यवस्थापन' भइसकेको अवस्थामा माओवादीले गाउँमा हतियार लिएर अपहरण गरेको घटनाप्रति बाजुरा प्रहरी र नागरिक समाजले समेत चिन्ता व्यक्त गरेका थिए । शाहीलाई माओवादीले कुटपिट गरी यातना दिएका थिए । अपहृत शाहीको उद्धारका लागि गएका पत्रकारहरूलाई पनि माओवादीले धम्काएका थिए । नेपाल पत्रकार महासंघ बाजुराका सभापति दयाराम पण्डित लगायतका पत्रकारलाई आफ्नो पार्टीविरुद्ध समाचार लेखे बाँधेर कुट्ने धम्की दिएको पण्डितले बताए ।

आफ्नो धम्कीलाई निरन्तरता दिँदै पुनः माओवादीले गत साता पत्रकारलाई जे पनि गर्नसक्ने धम्की दिएका छन् । माओवादीका बाजुरा सेक्रेटरी मनलाल खत्री मिलनले सभापति एवं रेडियो नेपालका संवाददाता पण्डितलाई चन्दाका विषयमा समाचार नलेख्न धम्की दिएका छन् । मिलनले पार्टीविरुद्ध समाचार लेखेकाले चारपटक रातोसूचीमा परेको जनाउँदै पण्डितले अझै यस्ता समाचार लेखे नछोड्ने भन्दै धम्क्याएका हुन् । 'तिमीबाट पनि लाखौं रुपैयाँ चन्दा माग्छौं । नदिए के गर्नु पर्छ थाहा छ ?' भन्दै ज्यान लिनेसम्मको धम्की दिएको पण्डितले बताए । द्वन्द्वको समयमा बैतडीमा उद्दण्ड मचाएका मिलनलाई माओवादीले बढुवा गरेर बाजुरा सेक्रेटरी बनाएको छ । उनले आफ्नो उद्दण्ड स्वभाव दोहोर्‍याउँदै नेपाल दलित संघ बाजुराका अध्यक्ष वीरबहादुर विकलाई पनि धम्क्याएका छन् । ■


न्याय चाहियो : नूरप्रसाद अधिकारी

**आवरण** माओवादी चरित्र

# माओवादी पीडितको आवाज

**देश दौडाहामा** निक्लेका माओवादी अध्यक्ष प्रचण्डको पोखरा निकै भड्किलो स्वागत भइरहेको थियो । प्रचण्डले सार्वजनिक सम्बोधन गर्ने कार्यक्रमको अघिल्लो साँझ पोखराको निकै चल्तीको बजार पृथ्वीचोकको स्वागत गेटमा एक्कासि आगोको मुस्लो देखियो । के भयो भन्दै धुइरिएका मान्छेहरूको भीडमा एकजना युवा हाकाहाकी भन्दै थिए, 'आगो मैले लगाएको हुँ ।'

माओवादी गेटमा त्यसरी आगो झोस्ने ती युवा माओवादी जनयुद्धको उद्गम थलो गोरखा फुजेल गाउँका युवा नूरप्रसाद अधिकारी थिए । किन झोसे उनले प्रचण्डको स्वागत गेटमा आगो ? 'माओवादीले मेरो निर्दोष भाइ मारे । मैले न्याय पाइनँ', माओवादी गेट जलाइएपछि कास्की जिल्ला प्रहरीको हिरासतभित्र रहेका नूरले *समय*सँग भने ।

बूढा भएका बाजेबज्यैलाई भेट्न चितवन गएका नूरका १७ वर्षीय भाइ अचानक माओवादीको सिकार बनेका थिए, ३३ महिनाअघि । त्यतिबेला नूर पोखराको पृथ्वीनारायण क्याम्पसमा पढ्दै थिए । भाइको नराम्रो खबर छ भन्ने सुनेपछि पहिलोपटक चितवन गएकाले हराएको वा बस दुर्घटनामा परेको हुनसक्ने लख काट्दै उनी हतार हतार गोर्खा हान्निए । तर, उनको सोचाइ र सत्यताबीच धेरै फरक थियो । माओवादीले भाइ कृष्णको प्राणपखेरु उडाइसकेका थिए । 'हाम्रा परिवारका कसैले पनि माओवादीको र अरू कसैको पनि केही नबिगारेकोले सुरुमा त होइन होला जस्तो लाग्यो', उनी भन्छन्, 'तर पछि उल्टै भाइ सेनाको सुराक भएको भनियो, झन् चित्त दुख्यो ।' मारेपछि झूटो लाञ्छना लगाएर चरित्र हत्या गरेकोमा नूरको झन् चित्त दुखेको थियो ।

भाइ निर्दोष हुँदाहुँदै मारिएको दोषीलाई कारबाही हुनुपर्‍यो भनेर नूरले आवाज उठाउँदा उनीमाथि पनि सुराक गरेको आरोप माओवादीले लगाए । त्यसपछि माओवादीप्रति थप आक्रोशित बनेका नूरले पोखरामा माओवादीको भड्किला स्वागत शैलीलाई झड्का दिँदै गेटमा आगो झोसेका थिए । 'मेरो कुरा कतै नसुनेकाले ध्यान खिच्ने उपाय खोज्दै जाँदा पोखराको मुख्य बजारकै गेट जलाउने प्रयास गरेको हुँ, उनी भन्छन् ।

चितवनमा एकजना आफन्तलाई भेट्न रत्ननगरको बकुल्लर चोकको चौतारीमा सुस्ताइरहेका बेला मोटरसाइकलमा गएका माओवादीले कृष्णलाई कब्जामा लिएका थिए । 'मलाई बचाउनुस्' भन्दै कृष्णले सयौं मान्छेका भीडमा गुहार्दा पनि माओवादीको प्रतिकार गर्ने कोही नभएपछि उनलाई कयर खोलामा लगिएको आफन्तलाई उद्धृत गर्दै नूरले बताए । 'कयर खोलामा ढुंगामाथि उभ्याएर आँखामा पट्टी बाँधी हात पछाडि बाँधेर कुटी कुटी टाउकोमा तीन गोली हानेर मारिएको थाहा पाएँ', नूरले भावुक स्वरमा भने ।

भर्खर एसएलसी दिएर आफन्तको घर गएका भाइलाई त सुराकीको संज्ञा माओवादीले दिए नै, भाइ मार्नेलाई कारबाही होस् भनेर माओवादी नेता गुहार्न जाँदा जाँदा नूरले पनि सुराकीको आरोप खेप्नुपर्‍यो । गोरखाका माओवादी नेताहरू लोकप्रसाद बन्जरा अक्कल र सरोज भट्ट तथा चितवनका सेक्रेटरीसम्मलाई गुहार्दा पनि सुनुवाइ नभएपछि उनले गत भदौमा गोरखास्थित माओवादी जिल्ला अदालत पनि बन्द गराइदिएका थिए । नूर आफूले धएजति न्यायका लागि कुनै पनि माओवादी पीडितले नधाएको दाबी गर्छन् । उनको एउटै माग छ, 'भाइ मारिनुको कारण स्पष्ट हुनुपर्‍यो र हामी जस्ता पीडितहरूले कहिल्यै आवाज उठाउन नपर्ने गरी दोषीमाथि कारबाही हुनुपर्‍यो ।'

■ **केशवशरण लामिछाने/पोखरा** (तस्वीर पनि)






अन्तरिम संविधानको धारा ४२ बमोजिम प्रधानमन्त्रीले व्यवस्थापिका/संसद्समक्ष अनिवार्य शपथग्रहण गर्नुपर्ने व्यवस्था छ। तर, प्रधानमन्त्रीले अहिलेसम्म शपथग्रहण गरेका छैनन्। यस्तो हुनुको कारण स्पष्ट छ, अन्तरिम संविधानको धारा १६० को उपधारा १ ले मान्यता दिएको भए पनि यो गत माघ १ गते खारेज गरिएको २०४७ को संविधानबमोजिमको सरकार भएर हो।



वामदेव गौतम

# शपथ नलिईं सरकार चलाउनु संसद्को सम्मान हो ?

**प्रधानमन्त्री** गिरिजाप्रसाद कोइरालाले नेपालको अन्तरिम संविधान २०६३ बमोजिम अहिलेसम्म पनि शपथग्रहण गरेका छैनन्। सरकारमा दुईजना उप-प्रधानमन्त्रीसहित मन्त्री र राज्यमन्त्रीहरू छन्। उनीहरूले पनि नेपालको अहिलेको संविधानबमोजिम शपथग्रहण गर्नु परेको छैन। अन्तरिम संविधान गत माघ १ गते जारी भएको थियो, अहिले लगभग २ महिना पुग्न लागिरहेको छ। प्रधानमन्त्रीसहितको यो सरकार पनि त्यसै बेलादेखि कायम छ।

पुनःस्थापित प्रतिनिधिसभाले गत जेठपछि गरेका ऐतिहासिक घोषणा, २०४७ सालको संविधान संशोधन र अन्य निर्णयहरूका आधारमा राज्यका प्रमुख, विभिन्न राजकीय निकायका प्रमुख र अन्य व्यक्तिहरूलाई जनान्दोलनको सफलतापछि सार्वभौमसत्ता सम्पन्न भएका जनताको सम्मानका लागि पहिले पदीय गोपनीयताको शपथ गराइसकिएको भए पनि पुनः संसद्समक्ष शपथ लिन पर्ने अनिवार्य व्यवस्था गऱ्यो। त्यसअनुरुप सबैले संसद्समक्ष शपथग्रहण गरे। जनआन्दोलनको सफलतापछि शान्तिपूर्ण जनक्रान्तिको




समय

ढोका खुला भयो। त्यसबेला आन्दोलनकारी सात दलको सहमतिमा गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री बन्नपुगे। उनी नेपाली कांग्रेसको सभापति भएका नाताले होइन, जनआन्दोलनका वरिष्ठ नायक भएका नाताले प्रधानमन्त्री बनेका हुन्। त्यस बेला आन्दोलनकारी जनताले राजाप्रतिको घृणा जाहेर गर्न जनआन्दोलनको नायक प्रधानमन्त्रीले राजासमक्ष शपथग्रहण नगरून् भन्ने इच्छा व्यक्त गरे। जनताले वैशाख १३ गते सहिद मञ्चमा आयोजित विजय सभामा नेपाली जनताका नाममा शपथ गर्न आवाज बुलन्द गरे। तर, त्यो सभामा नवघोषित प्रधानमन्त्री विरामी भएका कारण उपस्थित भएनन्। जनताको चाहनाविपरीत प्रधानमन्त्री दरवार गए र राजासमक्ष शपथ लिए। यसको जनताबाट सशक्त विरोध भएका कारण जनताको आवाजको सम्मान गर्दै प्रधानमन्त्रीले अरू मन्त्रीहरूलाई राजाको अगाडि शपथग्रहण गराउने परम्परा तोड्दै योजना आयोगको कार्यपक्षमा शपथग्रहण गराए।

पुनःस्थापित प्रतिनिधिसभाले संशोधन गरेको २०४७ को संविधान पनि माघ १ गते नै खारेज भयो र त्यस बेला प्रतिनिधिसभा र राष्ट्रियसभामा रहेका तर आन्दोलनका विपक्षमा नगएका सांसदहरू समेतलाई समावेश गरी अन्तरिम व्यवस्थापिका/संसद नामबाट नयाँ संसद् (विधायिका) निर्माण गरियो। त्यसैबेला पुराना र नयाँ सासंद सदस्यहरूले अन्तरिम भवनमै उभिएर शपथग्रहण गरे। शपथग्रहण नगरी कसैले पनि औपचारिक मान्यता नपाउने परम्पराबमोजिम अन्तरिम संविधानले यो व्यवस्था गरेको यसबाट बुझ्न कुनै गाह्रो छैन। यो काम अन्तरिम संविधान २०६३ जारी भएको माघ १ गते राति सम्पन्न भएको थियो। संविधानले गरेको त्यो व्यवस्था अनिवार्य थियो। त्यही भएर उक्त काम सम्पन्न पनि भयो। त्यो शपथ २००७ सालदेखि आफू सार्वभौमसत्ता सम्पन्न हुन जनताले सञ्चालन गरेको आन्दोलन, निरंकुश राजतन्त्रका विरुद्ध लड्दै वीरगति प्राप्त गरेका हजारौं अमर सहिदहरू तथा भर्खर सार्वभौमसत्ता सम्पन्न भएका नेपाली जनताको सम्मान थियो। तर, त्यो कार्यक्रममा व्यवस्थापिका/संसद्का सदस्य नभएका केही मन्त्रीहरूले शपथग्रहण गर्न पाएनन्।

अन्तरिम संविधानको धारा ४२ बमोजिम प्रधानमन्त्रीले व्यवस्थापिका/संसद्समक्ष अनिवार्य शपथग्रहण गर्नुपर्ने व्यवस्था छ। तर, प्रधानमन्त्रीले अहिलेसम्म शपथग्रहण गरेका छैनन्। यस्तो हुनुको कारण स्पष्ट छ, अन्तरिम संविधानको धारा १६० को उपधारा १ ले मान्यता दिएको भए पनि यो गत माघ १ गते खारेज गरिएको २०४७ को संविधानबमोजिमको सरकार भएर हो। 'यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेको मन्त्रिपरिषद् यसै संविधानअन्तर्गत गठन भएको मानिनेछ' भनेर अन्तरिम संविधानको भाग ५ अन्तर्गतका धारा ३७ देखि धारा ४४ सम्मको व्यवस्था नगरेर धारा १६० मात्र राखेको भए प्रधानमन्त्रीले शपथ नलिए पनि हुने थियो। भाग ५ को कार्यपालिकाको व्यवस्था हुँदाहुँदै भाग २३ को धारा १६० को उपधारा १ को प्रावधान, सोही धाराको उपधारा २ को आधारमा धारा ३८ बमोजिमको मन्त्रिपरिषद् नबन्दासम्मका लागि मात्र हो। यसको अर्थ के हो भने अन्तरिम

संविधानबमोजिम छिट्टै नै अर्को वास्तविक मन्त्रिपरिषद् बन्दै छ र तबसम्मको एउटा संक्रमण काल देखापरेको सन्दर्भमा मात्र धारा १६० को उपधारा १ को व्यवस्था गर्नु परेको हो । यस्तो अवधिका लागि बनेको सरकारले शपथग्रहण गर्न बाध्य पार्ने व्यवस्था नहुनुको अर्थ हो यो सरकारको अवधि ज्यादै छोटो अनुमान गर्नु । अन्तरिम संविधान २०६३ को अक्षर र भावना भनेको पनि यही हो ।

छोटो समयका निम्ति सरकारको निरन्तरताका लागि मात्र व्यवस्था गरिएको प्रावधानबमोजिमको सरकारको अवधि किटान नगरिनुको अर्थ यहाँ स्पष्ट गर्न जरुरी छ । संविधानबमोजिम निर्माण गरिने नयाँ सरकारको नै राज्यसञ्चालन गर्ने मुख्य अधिकार र कर्तव्य हुन्छ । यो संविधानवादको सर्वव्यापी मान्यता हो । नयाँ सरकार निर्माण नगर्दासम्म राज्यमा सरकारको शून्यता हुन नदिनका लागि मात्र यस्तो पुरानो सरकारलाई नयाँ संविधानबमोजिम गठन भएको मानिने परम्परा रहेको हुन्छ । हाम्रो अन्तरिम संविधान २०६३ को धारा १६० उपधारा १ को व्यवस्था त्यही संसारभरि अवलम्बन गरिने काम चलाउ सरकारको हैसियतभन्दा माथि नरहेको व्यवस्था हो भन्ने बुझ्न अब गाह्रो छैन । यस्तो अवस्थामा काम चलाउ सरकारले महत्त्वपूर्ण निर्णयहरू गर्न नहुने मात्र होइन, नगरी नहुने नियमितताका लागि मात्र कामहरू गर्नुपर्छ । संसारभरिको प्रचलन यस्तो भएको हुनाले अहिलेको मन्त्रिपरिषद्को अवधि किटानको व्यवस्था अन्तरिम संविधान २०६३ मा उल्लेख नहुनु स्वभाविक मान्नुपर्छ । यस किसिमको मन्त्रिपरिषद् २-४ दिनभन्दा लामो रहन पनि सक्छ भन्ने कसैले कल्पना गर्न सक्दैन ।

अन्तरिम संविधानबमोजिम सरकार विभिन्न बहानामा बन्न पनि नदिने अनि शपथग्रहण गर्न पनि नपाउने मन्त्रिपरिषद्ले संविधान संशोधनलगायत मनचाहेबमोजिम पनि गरिरहनु वास्तवमा अख्तियारको दुरुपयोगको विषय पनि हो । लोकतन्त्रको पहिलो मान्यता कानुनी राज्यको स्थापना हो । जसले संविधानको भावना मात्र होइन, अक्षरको समेत बेवास्ता गर्दछ, त्यसले कानुनी राज्यको सिद्धान्त अवलम्बन गर्छ भन्नु बिरालोलाई शाकाहारी भन्नु सरह हो । नेपाली जनताले गिरिजाप्रसाद कोइरालाउपर जनआन्दोलनको भावना र अन्तरिम संविधान २०६३ को सबभन्दा राम्ररी संरक्षण र सम्मान हुन सक्छ भनेर नै विश्वास जाहेर गरेका हुन् । काम चलाउ सरकारलाई दुई महिनासम्म लतार्ने र अझ लतार्नकै निम्ति भरथेग गरिरहून् भनेर नेपाली जनताले जिम्मेवारी प्रदान गरेका होइनन् ।

संविधान र कानुनको रक्षा त्यसको इमानदारीपूर्ण पालनामा मात्र हुन्छ भन्नु सर्वमान्य सिद्धान्त हो । जनताको सम्मान जनताको सर्वोपरितामा मात्र हुन्छ । लोकतन्त्रवादी त्यो मात्र हुन्छ जसले आफैं निर्माण गरेको वा समर्थन गरेको संविधान, कानुन, नियम र आचारसंहिता दृढतापूर्वक पालना गर्छ । इमानदार राजनीतिज्ञको बोलीवचन एउटा र व्यवहार अर्को हुँदैन । अहिले सम्पूर्ण अग्रगामी नेपाली जनता र संसारभरिका न्यायप्रेमी जनसमुदायले नेपालका आठ राजनीतिक दल, यिनीहरूका नेता, यिनले बनाएको संविधान, व्यवस्थापिका/संसद् र सरकारलाई गहिरो चासोका साथ हेरिरहेका छन् । यसको केन्द्रमा अहिले पनि प्रधानमन्त्री कोइराला छन् । उमेर र अवस्था, वरिष्ठता र अनुभवका आधारमा प्रधानमन्त्रीले आफूलाई नेपाली कांग्रेसभन्दा माथि उठाएर निःस्वार्थ संरक्षण भाव र व्यवहारको अपेक्षा जनताको छ र यो राष्ट्रिय सम्मान जो कसैले प्राप्त गरेका पनि छैनन् । यस्तो व्यक्तित्वबाट शपथग्रहण पनि नगरी राज्यसञ्चालनको निरन्तरता दिनु अत्यन्त दुःखद प्रसंग हो । यस्तो अवस्थामा यथाशीघ्र मन्त्रिपरिषद्लाई संवैधानिक नैतिकताको धरातलमा ल्याउनु नेपाली जनताको राष्ट्रिय सम्मानलाई अझ उचो उठाउनु हो । गिरिजाबाबुलाई सल्लाह र सुझाव दिन चाहनेले स्वयं उहाँ र अन्तरिम संविधान, व्यवस्थापिका/संसद् र सिंगो राष्ट्रलाई नोक्सान पुग्ने सल्लाह र सुझाव दिनु महापाप सिवाय केही हुनेछैन । ■





राष्ट्रिय क्षयरोग केन्द्रमा उपचारका लागि आएका बिरामीहरू

# छैन समन्वय

**संसारभरि नै विकासको एउटा महत्त्वपूर्ण मुद्दाका रूपमा अगाडि ल्याइएको क्षयरोग र एचआइभीको द्वैध संक्रमणको उपचारका लागि संयुक्त पहल गर्न नेपालका दुई सरकारी निकायबीच सैद्धान्तिक सहमति भए पनि व्यवहारमा यसलाई लागू गर्न अझै केही समय लाग्ने देखिएको छ।**

■ **राजेश घिमिरे/काठमाडौं** (तस्वीर पनि)

**आगामी साता** अन्य मुलुकजसरी नै नेपालमा पनि 'क्षयरोग-एक ठाउँ, सबै ठाउँ'को नारामा विश्व क्षयरोग दिवस भव्यताका साथ मनाउनका लागि तयारी सुरु भइसेकेको छ। सन् १८८२ को मार्च २४ का दिन डा. रोवर्ड ककले क्षयरोगको कारक टिबी ब्यासिलस पत्ता लगाएको सम्झनामा मनाइने यो दिनको तयारीका लागि सेमिनार, गोष्ठी, कार्यपत्र, पुरस्कार आदिको भव्य तयारीमा व्यस्त छन्, नेपाली विज्ञहरू। ती कार्यक्रमहरूमा क्षयरोग र एचआइभी दुवैबाट संक्रमितहरूको 'एकै साथ सहज उपचार'को आवाज भने यसपालि पनि प्रशासनिक झमेलाका कारण दबिने संकेत देखा परिसेकेको छ।

अघिल्लो क्षयरोग दिवसका बेलामा क्षयरोग र एचआइभीको पहिचान र उपचारका लागि दुवैसँग सम्बन्धित निकायबीच संयोजन र सामञ्जस्यता ल्याउने अनि संक्रमितहरूलाई उपचारमा सहज पहुँचका लागि पहल गर्ने निर्णय भएको थियो। त्यो निर्णय भएको एक वर्षसम्म पनि संयोजनका लागि दुई समितिको गठनबाहेक खासै उल्लेखनीय काम हुन सकेको छैन।

## खतरामा उत्पादक पुस्ता

विशेषज्ञहरूका अनुसार एचआइभी पोजेटिभ भएमा व्यक्तिको रोगसँग लड्ने शारीरिक क्षमतामा प्रत्यक्ष असर पुग्छ। नेपालको जनसंख्याको ४५ प्रतिशत मानिस क्षयरोगका किटाणुबाट संक्रमित छन्। तीमध्येमा ६० प्रतिशत वयस्कहरूमा यो संक्रमण देखिएको छ। 'क्षयरोगका किटाणु भए पनि उनीहरूको शरीरमा रहेको रोग प्रतिरोधात्मक क्षमताका कारण सबै संक्रमित मानिसमा क्षयरोग देखिंदैन। एचआइभी संक्रमणले शरीरको रोग प्रतिरोधात्मक क्षमता नष्ट गर्ने भएकाले एचआइभी संक्रमितमा सबैभन्दा छिटो क्षयरोगले आक्रमण गर्छ', जनस्वास्थ्य विशेषज्ञ तथा क्षयरोग तथा एचआइभीमा काम गरिरहेको संस्था स्वास्थ्य अनुसन्धान तथा सामाजिक विकास मञ्च (हर्ड)का अध्यक्ष सुशील बराल भन्छन्।

बराल भन्छन्, 'सबैभन्दा खतरनाक पक्ष यी दुवैले उत्पादक पुस्तालाई असर गर्छन् अर्थात् यिनले १५ देखि ४९ वर्ष उमेर समूहका मानिसलाई असर गर्छन् र दुवैबाट पीडित भएमा उत्पादक पुस्ताले सक्षमतापूर्वका काम गर्न सक्दैन।'

उत्पादक पुस्ताले सक्षमतापूर्वक काम गर्न नसक्ने भएकाले यी दुवै संक्रमणले प्रत्यक्ष रूपमा मुलुककै विकासलाई असर गर्छ। यी दुवै संक्रमणलाई समयमै व्यवस्थित तरिकाले रोकथाम नगर्ने हो भने सहस्राब्दी विकास लक्ष्य हासिल गर्ने काममा नकारात्मक असर पर्छ। त्यसैले पनि यसको रोकथामलाई नै पनि एउटा सहस्राब्दी विकास लक्ष्यका रूपमा राखिएको छ।

'वास्तवमा यो विकासको एजेन्डा हो', राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्रका निर्देशक डा. राजेन्द्र पन्त भन्छन्, 'यसलाई साँच्चै नै गम्भीरताका साथ लिनु पर्छ।'

बराल भन्छन्, 'विकासको एजेन्डा भएकाले नै यी दुवै रोगबाट देखिएको चुनौतीलाई संयुक्त रूपमा सम्बोधन गर्नु पर्ने आवश्यकता अन्तर्राष्ट्रिय रुपमा नै औंल्याइएको छ।'


डा. राजेन्द्र पन्त

निरज सापकोटा


डा. पुष्पा मल्ल

## समन्वयको प्रयास

नेपालमा पनि यी दुवै संक्रमणलाई संयुक्त रूपमा सम्बोधन गर्ने पहल नभएको होइन । विश्व स्वास्थ्य संगठन, राष्ट्रिय क्षयरोग केन्द्र, राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्रसँगको सहकार्यमा हर्डले क्षयरोग र एचआइभी कार्यक्रमको सहकार्यका लागि वस्तुगत अध्ययन गरिसकेको छ । सोही अध्ययनअनुसार अहिले राष्ट्रिय क्षयरोग केन्द्र र राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्र संयुक्त नीति निर्माणका लागि पहल गरिरहेका कुरा दुवै केन्द्रका निर्देशकहरूले *समय*लाई बताए ।

सन १९९६ यता भएका चारवटा सर्वेक्षणले एचआइभी पोजेटिभमा क्षयरोग बढ्दै गएको देखिएको छ । राष्ट्रिय क्षयरोग कार्यक्रमका निर्देशक डा. पुष्पा मल्लको भनाइमा कति एचआइभी पोजेटिभमा क्षयरोग छ भन्ने यकिन तथ्यांक उपलब्ध छैन । यसको मूल कारण नेपालमा उचित अध्ययनको अभाव नै हो ।

### ग्लोबल फन्ड

विकासोन्मुख मुलुकहरूमा एचआइभी/एड्स, क्षयरोग र मलेरियाको उपचार र रोकथामका लागि ग्लोबल फन्डले सहयोग गर्दै आइरहेको छ । नेपालले पनि ग्लोबल फन्डको सहयोगबाट कार्यक्रम संचालन गर्दै आएको छ । गत वर्षको ग्लोबल फन्डको छैटौं राउन्डमा भने नेपालको प्रस्ताव अस्वीकृत भएको थियो । अहिले एचआइभी/एड्स र क्षयरोगका लागि संयुक्त रणनीति बनाएर जिल्लास्तरसम्म सहकार्य गराउनका लागि आर्थिक स्रोतको कुरा गऱ्यो भने सम्बन्धित अधिकारीहरू ग्लोबल फन्डलाई नै लक्षित गर्छन् । यसपालिको सातौं राउन्डमा पनि नेपालले प्रस्ताव तयार गर्ने कुरा अधिकारीहरूले बताएका छन्, तर त्यो प्रस्ताव पनि असफल भएमा के गर्ने भन्ने रणनीति भने स्पष्ट रुपमा तयार छैन ।

अहिलेको स्थानीय तहको समस्या भने एचआइभीका लागि खोलिएका भिसिटी (भोलिन्टियरी काउन्सिलिङ एन्ड टेस्टिङ) र क्षयरोगीका लागि खोलिएका डट्स सेन्टरबीच समन्वयको अभाव हो । त्यसले गर्दा एचआइभी र क्षयरोग दुवैका संक्रमितको उपचारमा समस्या देखिएको छ । डा. पन्त भन्छन्, 'हामी संयुक्त रुपमा अगाडि बढ्दै छौं र हामी नीति निर्माणको चरणमा आइपुगेका छौं ।'

डा. मल्ल भन्छिन्, 'समन्वयका लागि प्रयास भइरहेका छन्, हामी चाँडै निष्कर्षमा पुग्छौं ।'

'तर समस्या भने चुस्त रुपमा काम गर्न नसक्नु हो, जुन गतिमा एचआइभी संक्रमितमा क्षयरोग फैलिरहेको छ । त्योभन्दा तीव्र गतिमा काम हुनु पर्ने थियो । त्यसो हुन सकिरहेको छैन', क्षयरोग केन्द्रका एक विशेषज्ञले बताए ।

क्षयरोग नियन्त्रण कार्यक्रम संचालनमा नेपालले प्राप्त गरेको सफलतालाई अन्तर्राष्ट्रिय रुपमै सह्राना गरिएको छ । त्यसैगरी नेपालमा एचआइभी/एड्स रोकथामको सरकारी प्रयासमा गैरसरकारी क्षेत्रको उल्लेखनीय योगदान छ । 'यी दुवैको क्षमतालाई संयुक्त रुपमा लान सकेमा क्षयरोग र एचआइभीको द्वैध संक्रमणलाई व्यवस्थित तरिकाले सम्बोधन गर्न सकिन्छ', निर्देशक डा. पन्त भन्छन् ।

हर्डका बराल भन्छन्, 'यसका लागि दुवै कार्यक्रमले उत्तिकै चासो र सक्रियता देखाउनु पर्छ । साथै हाल कार्यक्रमहरूमा भएका सबल पक्षलाई अगाडि बढाउँदै सरकारी, गैरसरकारी र निजी क्षेत्रको संयुक्त प्रयास हुनुपर्छ ।'

अर्को समस्या एचआइभी/एड्स तथा क्षयरोगीको अन्तर्राष्ट्रिय आवागमन पनि हो । यो समस्या विशेषतः नेपाल र भारतजस्ता खुला सिमाना भएका मुलुकमा बढी देखिएको छ । सार्क टिबी तथा एचआइभी केन्द्रका निर्देशक डा. काशीकान्त झाका अनुसार अन्तरदेशीय टिबी तथा एचआइभी/एड्सको आवागमनका सम्बन्धमा पनि सार्क क्षेत्रकै लागि क्षेत्रीय रणनीति समेत तयार भइसकेको छ । यसको कार्यान्वयनका लागि पनि सदस्य राष्ट्रहरूले नै विशेष पहल गर्नुपर्ने देखिन्छ । ■

## एमडिआर र एक्सडिआर टिबी

क्षयरोगको पूरा उपचार अवधि आठ महिनाको हुन्छ । उपचारकमा पहिलो चरणमा पाँच किसिमका औषधी दिइन्छ । यी औषधी स्वास्थ्यकर्मी वा तालिमप्राप्त व्यक्तिको प्रत्यक्ष निगरानी (डट्स विधि)मा कम्तीमा पनि २ महिना सेवन गर्नुपर्छ । प्रथम चरणका औषधीहरूमध्ये रिफाम्पिसिन र आइसोनियाजिड भन्ने औषधीहरूको प्रतिरोध देखिएमा त्यस्ता विरामीहरूलाई दोस्रो चरणको औषधी उपचार गर्नुपर्ने हुन्छ । यो अवस्थालाई बहुऔषधी प्रतिरोध क्षयरोग वा एमडिआर भनिन्छ । उक्त दोस्रो चरणको उपचारको समायावधि २४ महिनाको हुन्छ र यी औषधी निकै महँगा हुन्छन् ।

विगत एक वर्षदेखि नै राष्ट्रिय क्षयरोग कार्यक्रमअन्तर्गत डट्स प्लस पाइलट प्रोजेक्टमार्फत मुलुकका पाँचै विकास क्षेत्रमा एक-एक केन्द्र तोकिएर निःशुल्क उपचार भइरहेको छ ।


क्षयरोग विशेषज्ञ डा. महेश खनालका अनुसार डट्स प्लसअन्तर्गत २ सय ६० एमडिआर क्षयरोगीको औषधोपचार भइरहेको छ । 'लामो समयसम्म उपचार गराउनु पर्छ । त्यो उपचार पनि पाँच विकास क्षेत्रका एक-एक केन्द्रमा मात्र उपलब्ध भएकाले विरामीहरूलाई निकै समस्या परेको देखिएको छ । औषधी र उपचार निःशुल्क उपलब्ध भए पनि प्रायः विरामी गरिब भएकाले उपचार केन्द्रसम्म आउन नै समस्या हुन्छ, आए बस्न समस्या हुन्छ र बसे परिवार पाल्ने समस्या हुन्छ', डा. खनाल भन्छन् ।

केही अफ्रिकी मुलुकहरूमा दोस्रो चरणको औषधीले पनि असर नगर्ने खालको क्षयरोग देखिएको छ । त्यसलाई चिकित्सकहरूले एक्सडिआर भनेका छन् । यो अवस्थालाई अत्यन्त खतरनाक मान्दै विश्व स्वास्थ्य संगठनले समयमै यसको समाधान खोज्न जोड दिएको छ । किनकि एक्सडिआर टिबीको उपचार अहिलेसम्म उपलब्ध छैन । 'तर नेपालमा अहिलेसम्म एक्सडिआर पत्ता लगाउने विधि उपलब्ध भइसकेको छैन', निर्देशक डा. पुष्पा मल्ल भन्छिन् ।

# हर्ष पनि विस्मात् पनि

■ ओमआस्था राई/धरान (तस्वीर पनि)

**सन् १९९७ यता अवकाश पाउने गोर्खालाई मात्रै ब्रिटिस समकक्षीसरह पेन्सनको घोषणा गरिएको छ। यसअनुसार ४० हजार हाराहारीमा रहेका पूर्व गोर्खा सैनिकमध्ये करिब ६ सयले मात्रै ब्रिटिस समकक्षीसरह पेन्सन पाउने गेसोले जनाएको छ।**



हामीलाई चाहिं खै सम्मान : सन् १९९७ अघि अवकाश पाएका एक ब्रिटिस गोर्खा सैनिक
अवकाशप्राप्त ब्रिटिस गोर्खा सैनिकहरू

**'यो खुसीको कुरा हो',** सन् १९९७ पछि अवकाश पाउने गोर्खा सैनिकको पेन्सन आउँदो १ अप्रिलदेखि ब्रिटिस समकक्षीसरह नै हुने घोषणासहित बेलायती दूतावासले गत फागुन २४ गते गोर्खा भूतपूर्व सैनिक संघ (गेसो)लाई पठाएको पत्रमा लेखिएको थियो। त्यो कुरा निरपेक्ष खुसीमात्र नभई विस्मात्को विषय पनि रह्यो।

खुसी यस अर्थमा कि पूर्व गोर्खा सैनिकको पेन्सन ब्रिटिस समकक्षीसरह नै हुने घोषणा झन्डै २ सय वर्ष पुरानो विभेदको अन्त्य थियो। साम्राज्य फैलाउँदै भारतसम्म आइपुगेका ब्रिटिसहरूसँग सन् १८१४-१६ मा भएको अन्तिम युद्ध नसकिँदै बेलायती सेनामा गोर्खाभर्तीको सुरुवात भइसकेको थियो। तर, एउटा सिंगो शताब्दी सकिएर अर्को बित्न लाग्दा पनि गोर्खा सैनिकले ब्रिटिस समकक्षीसरह तलब, पेन्सन तथा अन्य सुविधा पाउन सकेका थिएनन्। कतिसम्म भने बेलायती माटोका लागि युद्धबन्दी हुने गोर्खा सैनिकलाई पेन्सनविना पनि फर्काइएको थियो।

यो घोषणा छालाको रङलाई लिएर गरिँदै आएको विभेदको अन्त्य भए पनि त्यो अत्यन्तै सीमित गोर्खा सैनिकका लागि मात्रै थियो। सन् १९९७ को १ जुलाईमा बेलायत सरकारले औपचारिक रुपमा चीनलाई हङकङ सुम्पिँदा त्यहाँ रहँदै आएको 'ब्रिगेड अफ गोर्खा'को मुख्यालय आफ्नै देशमा सारेको थियो। त्यसैलाई आधार मानेर सन् १९९७ यता अवकाश पाउने गोर्खालाई मात्रै ब्रिटिस समकक्षीसरह पेन्सनको घोषणा गरिएको थियो। यो घोषणाअनुसार ४० हजारको हाराहारीमा रहेका पूर्व गोर्खा सैनिकमध्ये करिब ६ सयले मात्रै ब्रिटिस समकक्षीसरह पेन्सन पाउने गेसोले जनाएको छ।

६ सय गोर्खा सैनिकले मात्रै ब्रिटिस समकक्षीसरह पेन्सन पाउनु गेसोका लागि जति आलोच्य बनेको छ, ती थोरै 'भाग्यशाली' र तिनका परिवार बेलायतमै रहनु झन् विस्मात्को विषय बन्न पुगेको छ। सन् १९९७ यता अवकाश पाएका करिब ६ सय गोर्खा सैनिकहरू अझै शारीरिक रूपले काम गर्नसक्ने अवस्थामा छन् र तिनलाई आवासीय भिसा र ब्रिटिस नागरिकता दिएर यसअघि नै बेलायत पुऱ्याइसकिएको छ। सन् १९९८ मा ब्रिटिस सेनाबाट अवकाश पाप्त जय केरुङको भनाइमा आउँदो १ अप्रिलदेखि ब्रिटिस समकक्षीसरह पेन्सन पाउने गोर्खाहरू औंलामा गन्न सकिने संख्यामा मात्रै नेपालमा छन्।

'धरान, पोखरा र काठमाडौं गरेर पुग-नपुग दसजना होलान्', लिम्बुवान स्वायत्त सरोकार मञ्चका कार्यवाहक अध्यक्ष रहेका केरुङ भन्छन्, 'अरू सबै बेलायतमै छन्।' ब्रिटिस समकक्षीसरह नै पेन्सन पाउने प्रायः सबै गोर्खा सैनिक र तिनका परिवार बेलायततिरै रहेकाले समान पेन्सनको घोषणाले नेपालमा भित्रिने 'रेमिट्यान्स'मा १ प्रतिशत वृद्धि पनि मुस्किल रहेको केरुङ बताउँछन्।

पटक-पटकको वृद्धिपछि मासिक करिब ११ हजार रुपैयाँ पाउँदै आएका गोर्खा सिपाहीकै पेन्सन आउँदो महिनादेखि ६० हजारभन्दा बढी हुनेछ। सन् १९९७ यता अवकाशप्राप्त सबैको पेन्सन सिपाहीकै जति मान्ने हो भने पनि अब ६ सय गोर्खा

सैनिकका लागि बेलायतले प्रत्येक महिना करिब ४ करोड रुपैयाँ खर्चिनु पर्नेछ । क्याप्टेन, मेजर सबैको दर्जाअनुसारको पेन्सन हिसाब गर्ने हो भने यो रकम ४ गुणा बढी हुनसक्छ । बेलायतका लागि 'केही नभए पनि' महिनाको १६ करोड नेपाल भित्रिनुको अर्थ यहाँ लगानी बढ्नु, रोजगारी अवसर सिर्जना हुनु र मुलुककै अर्थतन्त्रमा उल्लेख्य टेवा पुग्नु हो ।

तर, बेलायत सरकारले चलाखीपूर्ण तरिकाले 'पाउन्ड'मा पेन्सन थाप्ने गोर्खा सैनिक र तिनका परिवारलाई आफ्नै देशमा पुऱ्याइसकेकाले रेमिट्यान्सको दृष्टिकोणबाट समान पेन्सनको घोषणा विस्मात्पूर्ण बन्न पुगेको छ । 'गोर्खा पनि ब्रिटिसकै हैसियतका हुन् भन्ने जुन नजिर स्थापना भयो, त्यो हर्षको कुरा हो', वाणिज्यशास्त्री राजेन्द्र शर्मा भन्छन्, 'तर, अब बढ्ने पेन्सन नेपाल नभित्रिने भयो, त्यो विस्मात्को विषय हो ।'

सडक संघर्ष र कानुनी लडाइँमा हासिल हुँदै गएको एकपछि अर्को सफलताबाट हौसिएका पूर्व गोर्खा सैनिकहरू त्यति बेला चाहिँ चकित परे, जब बेलायत सरकारले तिनलाई बेलायती नागरिकता नै दिने घोषणा गऱ्यो । बेलायत २०६१, असोज १४ गतेअघि गोर्खा सैनिकलाई आवासीय भिसा दिने घोषणा गरेको थियो । त्यस बेला पनि बेलायतले हडकङ छाडेको मितिलाई नै आधार बनाएर आवासीय भिसा पाउने र नपाउने गरी दुई वर्गमा गोर्खा सैनिकलाई विभाजन गरिएको थियो । पछि त्यसलाई फराकिलो पार्दै सबै गोर्खा सैनिकलाई आवासीय भिसा र बेलायतमै रहेर पाँच वर्ष सेवा गर्नेलाई ब्रिटिस नागरिकता दिने अर्को घोषणा गरियो ।



भिसा माग्दा नागरिकता नै दिएर सारा गोर्खा सैनिकलाई उदेकमा पार्ने बेलायतको मनसुवा अहिले आएर बल्ल प्रस्ट देखिएको छ । सीमित गोर्खा सैनिकलाई समान पेन्सन दिएर आफूलाई विभेद विरोधीको रूपमा प्रस्तुत गर्ने र तिनले पाउने पैसा नेपाल पुग्नबाट रोक्ने बेलायतको चाल रहेको गोर्खा भूतपूर्व सैनिक संघ (गेसो)का केन्द्रीय सदस्य गजेन्द्र इस्वो बताउँछन् । 'जसले बेलायतका लागि विश्वयुद्ध लडे, उनीहरूका परिवारलाई अहिले हातमुख जोर्ने समस्या छ, अरू थुप्रै युद्ध लडिदिने गोर्खा सैनिक पनि ब्रिटिसको भन्दा अत्यन्तै थोरै पेन्सनमात्रै पाउँछन्', इस्वो भन्छन्, 'सन् १९९७ पछि अवकाश पाउनेले त इराकमा बाहेक अरू कहाँ कुन युद्ध लडे ? तर, तिनैलाई चाहिँ ब्रिटिससरह सुविधा दिने घोषणा गरेर बेलायतले फेरि अर्को विभेद गरेको छ ।' ■



# पुलिसको इतिहास



विजेता महेन्द्र पुलिस क्लब टोली

■ **नवीन अर्याल/काठमाडौं**

**कुल १ सय ८२ खेल ।** चार सय ८७ गोल । २ सय ५९ पहेँलो कार्ड र १४ रातो कार्ड । दशरथ रंगशालाको एउटै मैदानमा 'होम एन्ड अवे' खेल पस्कन उत्रिएका १४ वटा 'ए' डिभिजन क्लबहरूले चार महिना लामो लिगबाट गत साता विश्राम लिए ।

यो वर्षको सहिद स्मारक एन्फा सानमिगेल लिग फुटबल प्रतियोगिताको उपाधि जितेर महेन्द्र पुलिस क्लबले नयाँ इतिहास रच्यो । देशभित्र भएका थुप्रै नकआउट फुटबल प्रतियोगिताको उपाधि जितिसकेको पुलिस विगत तीन वर्षदेखि नेपाली फुटबलको सबैभन्दा प्रतिष्ठित र महँगो प्रतियोगिता जित्ने अभियानमा थियो । तर, यो क्लबको मनोकांक्षा गत बिहीवार (फागुन २४ गते) त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा सेनाको त्रिभुवन आर्मी क्लबलाई २-० गोलले पराजित गरेर पूरा भयो । आर्मीलाई जित्नै पर्ने खेलमा पुलिसका अनुभवी स्ट्राइकर रमेश बुढाथोकी र युवा जुमानु राईले गोल गर्दै ५० वर्षभन्दा लामो इतिहास बोकेको नेपाली फुटबलको गौरवशाली राष्ट्रिय लिगको उपाधि पुलिस क्लबले जित्यो ।

'म यो क्षणको बयान गर्न सक्दिनँ', महेन्द्र पुलिस क्लबबाट विगत १० वर्षदेखि फुटबल खेल्दै आइरहेका नेपाली राष्ट्रिय टोलीका कप्तान हरि खड्काले *समय*लाई प्रतिक्रिया दिए । २०५२ सालमा एनआरटी क्लबले लिग जित्दा क्लबका खेलाडी रहेका हरि गत वर्षदेखि पुलिस क्लबको कप्तानमा नियुक्त भएका थिए ।

महेन्द्र पुलिस क्लबले २६ खेलमा ६५ अंक बटुल्दै २०६३ सालको लिग उपाधि जित्यो । यो क्लबले २० खेलमा विजय, १ खेलमा पराजय र ५ खेललाई बराबरीमा राखेको थियो । लिगको सुरुवातमा १८ खेल अपराजित रहने इतिहास बनाएको त्रिभुवन आर्मी क्लबले २६ खेलमा ६३ अंक मात्र बटुल्यो र लिगको उपविजेता रह्यो । यो टोलीले २० खेलमा जित, ३ मा पराजय र ३ खेल बराबरीमा राखेको थियो ।

'महत्त्वपूर्ण खेलमा हुने अत्यधिक दबाब झेल्न नसक्नु हाम्रो कमजोरी देखियो', फाइनलमा पुलिस क्लबलाई बराबरीमा रोकेमात्र उपाधि जित्ने अभियानमा रहेको आर्मी क्लबका व्यवस्थापक कर्णेल विनोद विष्टले *समय*सँग भने । २०६१ सालमा लिग जितेर एकाएक चर्चामा आएको थ्रीस्टार क्लबले तेस्रो स्थानमा चित्त बुझाउनु पर्‍यो । यो क्लबले २६ खेलमा ५७ अंक बटुल्यो । गत वर्षको विजेता मनाङ मर्स्याङ्दी क्लबका लागि यस वर्षको लिग सबैभन्दा दुःखद बन्यो । मनाङ पहिलो स्थानबाट एकैपल्ट चौथो स्थानमा झर्‍यो । यो क्लबले २६ खेलमा कुल ५५ अंक मात्र बटुल्यो । सशस्त्रको ज्ञानेन्द्र एपिएफ विगतझैं यस वर्ष पनि पाँचौं स्थानमै रह्यो । मच्छिन्द्र क्लबले विगतको तुलनामा उत्कृष्ट प्रदर्शन गर्दै छैटौं स्थान पक्का गर्‍यो । फ्रेन्ड्स, एनआरटी, संकटा, आरसिटी, जावलाखेल र ब्वाइज युनियन क्लब क्रमशः सातौं, आठौं, नवौं, दसौं, एघारौं र बाह्रौं स्थानमा रहे ।

गत वर्ष 'ए' डिभिजन लिगमा उक्लिएको सरस्वती क्लब र ब्रिगेड ब्वाइज क्लब भने रेलिगेसनमा परे । यी दुई क्लब लिग अंक तालिकाको पुछारमा रहे । लिगको सबैभन्दा पुछारमा रहेको ब्रिगेडले २६ खेलमा १० अंक मात्र जुटाउन सफल भयो । यो क्लबले कुल २ खेल मात्र जित्यो, २० मा पराजय र ४ खेललाई बराबरीमा राख्यो । सरस्वती क्लबले २६ खेलमा १४ अंक बटुल्यो । यो क्लबले ३ खेलमा विजय, १७ मा पराजय र ५ खेललाई बराबरीमा राखेको थियो । यो वर्ष रुपक स्मृति पुरस्कारबाट सम्मानित भएका हरि खड्काले उत्कृष्ट पुरस्कारको रुपमा करिब २६ लाख पर्ने यारिस कार प्राप्त गरे । पाँच उत्कृष्ट खेलाडी र महेन्द्र पुलिस क्लबका प्रशिक्षक विराटकृष्ण श्रेष्ठले उत्कृष्ट प्रशिक्षकको रुपमा 'यामाहा जी फाइभ' मोटरबाइक प्राप्त गरे । त्रिभुवन आर्मीका स्ट्राइकर विकर्ण श्रेष्ठ उत्कृष्ट फरवार्ड भए । उनले लिगमा २७ गोल गरे । ३१ गोल गरेका मनाङ मर्स्याङ्दीका अनिल गुरुङ सर्वाधिक गोलकर्ता घोषित भए । आर्मीका राजु तामाङ उत्कृष्ट मिडफिल्डर र थ्रीस्टार क्लबका अञ्जन केसी उत्कृष्ट डिफेन्डर तथा एनआरटीका सुरेन्द्र श्रेष्ठ उत्कृष्ट गोलरक्षकबाट सम्मानित भए । च्याम्पियन टोलीको रुपमा महेन्द्र पुलिस क्लबले २० लाख नगद, उपविजेताको रुपमा त्रिभुवन आर्मी क्लबले १० लाख पुरस्कार पाए पनि आफ्नो पारिश्रमिक कम भएको गुनासो गर्दै लिग सञ्चालन गरेका रेफ्रीहरूले पुरस्कार थाप्न अस्वीकार गरे । ■

तस्वीरहरू : भास्वर ओझा



पुरस्कारमा कार पाएपछि खुसी हुँदै महेन्द्र पुलिस क्लबका कप्तान हरि खड्का



विश्वकप क्रिकेट उद्घाटनमा नृत्य गर्दै कलाकारहरू

# वेष्ट इन्डिजको भविष्य

**गेरफिल्ड सोर्बस,** विदेशमा मात्र होइन, नेपालमा पनि चिनिएको नाम हो। क्रिकेटको विषयमा उनीसँग प्रशस्त ज्ञान छ। उनी 'लिलिपुट' क्रिकेटदेखि आधुनिक क्रिकेटसम्मको ज्ञाता मानिन्छन्। तर गाह्रो, उनी अपरिचितसँग त्यति खुलेर कुरा गर्न चाहँदैनन्। पत्रकारहरूका लागि उनीसँग अन्तर्वार्ता लिनु भनेको कठिन विषयको परीक्षा पास गरेसरह हुने गर्छ।

कुरा १० वर्षअगाडिको हो। एक विदेशी पत्रकारले धेरै मेहनतपछि उनीसँग अन्तर्वार्ता लिने समय निकाले। तर, अन्तर्वार्ता सुरु पनि भएको थिएन, सोर्बसको एउटा मागले अन्तर्वार्ता रोकियो। त्यसको मुख्य कारण थियो, सोर्बसको महँगो माग। उनले आफ्नो लागि एउटा मुभी क्यामेरा किन्न अन्तर्वार्ता लिन आएका ती पत्रकारसँग पैसाको माग राखेका थिए।

यो घटनाले सोर्बसको निजी जीवनको कटु यथार्थताको रहस्योद्घाटन मात्र भएन, क्यारेबियन क्रिकेटको दयनीय अवस्था पहिलोपल्ट सार्वजनिक भयो। पछिल्लो दस वर्षको अन्तरालमा पारिश्रमिकको विषयलाई लिएर विदेश भ्रमणलगायत आफ्नै देशका महत्त्वपूर्ण प्रतियोगिता नखेल्ने अप्रिय निर्णय लिने खेलाडीहरू थुप्रै छन्, हालको वेष्ट इन्डिज टोलीमा। यति हुँदाहुँदै पनि पाँचवटा क्यारेबियन टापु मिलेर बनेको वेष्ट इन्डिज अहिले नवौं विश्वकप क्रिकेट प्रतियोगिता सफलतापूर्वक सम्पन्न गराउन अत्यधिक धन खर्च गरिरहेको छ। सत्तरीको दशकदेखि असीको दशकसम्म विश्व क्रिकेटमा वेष्ट इन्डिज क्रिकेटको जुन धाक र रवाफ थियो, त्यसलाई पुनः प्राप्त गर्न विशाल राशि खर्च गर्न तयार भएको हो। वेष्ट इन्डिजले सन् १९७५ देखि सुरु भएको विश्वकप क्रिकेटको दुईवटा प्रतियोगिता लगातार जित्दै आफूलाई अपराजेय साबित गरेको थियो। पछिल्लो समय वेष्ट इन्डिजको यो उपाधि अस्ट्रेलियाले खोसेको छ।

वेष्ट इन्डिज क्रिकेट विकासका लागि बीचका केही वर्ष काम नभएका होइनन्। गोष्ठी, सेमिनार र विभिन्न ट्रेनिङ क्याम्पकै कुरा गर्ने हो भने दस वर्षदेखि थुप्रै काम भएका छन्, क्यारेबियन टापुहरूमा। यसबीचमा हिलारी बेकलेसजस्ता क्रिकेट लेखकहरूले थुप्रै लेख तयार पारेर सुझाव पनि दिएका थिए, क्यारेबियन क्रिकेट बोर्डलाई। तर, अहिले पनि वेष्ट इन्डिज क्रिकेटको हालत ज्यूँका त्यूँ छ। विगतमा क्रिकेटलाई 'गाँजाको नशा' मान्ने क्यारेबियनहरू अहिले फुटबल र बास्केटबलबाट आफ्नो भविष्य खोज्दै छन्। यसपालि क्यारेबियन द्वीपमा पचास दिन लामो विश्वकप क्रिकेटको मेला लाग्दा विश्वकपमा सहभागी भएका अन्य १५ राष्ट्रसँगै वेष्ट इन्डिजले पनि समुन्नत क्रिकेटको भविष्यमा आफ्नो भाग्य खोज्नेछ।

सर गेरफिल्ड सोर्बस, क्लाइभ लायड र विवियन रिचर्डजस्ता हस्तीहरूले आफ्नो छाप विश्व क्रिकेटमा छोडिसकेको सन्दर्भमा अहिलेको वेष्ट इन्डिज टोली पुरानै च्याम्पियन शैलीमा विश्वकपमा उत्रिने प्रस्ट छ। उनीहरूलाई अहिले विश्व क्रिकेटका महान ब्याट्समयान ब्रायन लाराले नेतृत्व गरिरहेका छन्। घरेलु मैदान र त्यागी दर्शकबीच सधैं विस्फोटक शैलीमा उत्रने वेष्ट इन्डिजसँग ज्योफ गार्नर र माल्कम मार्सलजस्ता खतरनाक बलरहरू भने हुनेछैनन्।

पहिलोपल्ट क्यारेबियन भूमिमा हुन लागेको यो विश्वकप कसले जित्ला यो आउने दिनले नै निर्धारण गर्नेछ। एउटा कुरा भने निश्चित छ, त्यो के भने यो विश्वकपको सफल आयोजनाले क्यारेबियन टापुमा क्रिकेटको गतिविधि बढ्ने पक्का छ।

■ **नवीन अर्याल/काठमाडौं**

# महिला क्रिकेट

**तीन वर्षदेखि** सञ्चालन हुँदै आएको महिला क्रिकेट प्रतियोगितालाई निरन्तरता दिँदै बाँके क्रिकेट संघले यो वर्ष पनि बाँकेमा उच्च माध्यमिक तथा माध्यमिक विद्यालयस्तरीय छात्रा क्रिकेट प्रतियोगिता सुरु गरेको छ।

ग्रामीण भेकका विद्यालयहरूमा समेत क्रिकेट प्रतियोगिता सञ्चालन गर्न सफल भएको भन्दै एसिसीबाट समेत हौसला अवार्ड पाएको बाँके क्रिकेट संघले छात्रा क्रिकेट प्रतियोगिता सञ्चालनको लागि विगतका वर्षहरूमा केही गैरसरकारी संस्थाहरूको सहयोगमा प्रतियोगिता सञ्चालन गरेको भए पनि यसपालि भने आन्तरिक स्रोतबाट जिल्लास्तरीय छात्रा क्रिकेट प्रतियोगिता सञ्चालन भइरहेको जानकारी दिइएको छ।

'महिलाहरूलाई क्रिकेट खेलमा सहभागी गराउन गरेको प्रयत्नलाई हौसला प्रदान गर्दै क्रिकेट संघले प्रदान गरेको ३० हजार रुपैयाँ र केही आन्तरिक स्रोतबाट प्रतियोगिता सञ्चालन गरिरहेका छौं', क्रिकेट संघका केन्द्रीय सदस्य एलबी क्षेत्रीले भने। एक सातासम्म सञ्चालन हुने प्रतियोगितामा बाँके जिल्लाका १५ माध्यमिक तथा उच्च माध्यमिक विद्यालयका छात्राहरू सहभागी छन्।

### दबाबको लागि हस्ताक्षर

यसैबीच छात्रा क्रिकेट प्रतियोगिता सञ्चालन भइरहेको सन्दर्भमा क्रिकेट संघले पहिलोपटक नेपालगन्जबाट श्रीलंकामा भइरहेको द्वन्द्वलाई न्यूनीकरण गर्न दबाब दिने उद्देश्यले हस्ताक्षर संकलन गरेको छ। यहाँका खेलाडी, खेलप्रेमी र सर्वसाधारणले लेदर बलमा हस्ताक्षर गरेर द्वन्द्व अन्त्यको लागि दबाबस्वरूप श्रीलंका सरकार र विद्रोही तामिल टाइगर्सलाई छुट्टाछुट्टै एमनेस्टी इन्टरनेसनलमार्फत हस्ताक्षर गरिएका लेदर बलहरू बुझाइने बताइएको छ।


■ **रुद्र खड्का/नेपालगन्ज** (तस्वीर पनि)



तस्वीरहरू : समय



जीवनराम श्रेष्ठ



उपेन्द्रकेशरी न्यौपाने



धु्रवबहादुर प्रधान

निरज साफकोटा

# अदालतको अवज्ञा

**नेपाल गणतान्त्रिक खेलकुद संगठनले कुनै संघबाट प्रतिनिधित्व नै नगरी धम्कीको राजनीति गर्दै दुई पद (उपाध्यक्ष र सदस्य) हत्याउन सफल भयो**

■ **नवीन अर्याल/काठमाडौं**

**अवकाशपछि विदेश** घुम्ने थलोको रूपमा विगतमा अत्यधिक प्रयोग हुँदै आइरहेको नेपाली खेलकुदको जिम्मेवारपूर्ण निकाय नेपाल ओलम्पिक कमिटी (एनओसी)को निर्वाचन गत मंगलवार (फागुन २९ गते) सम्पन्न भयो ।

कोठेचुनावका कारण सधैं विवादमा मुछिने एनओसीले पुनरावेदन अदालत, ललितपुरले एक दिनअघि निर्वाचन रोक्न दिएको आदेशको अवज्ञा गर्दै होटल ह्यात रिजेन्सीमा विदेशी प्रतिनिधि अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आइओसी)का मिचेल फिलाउ र ओलम्पिक काउन्सिल अफ एसिया (ओसिए)का हैदर फरमानका बीच निर्वाचन सम्पन्न गर्‍यो । अगामी चार वर्षका लागि एनओसीको नयाँ नेतृत्व चयन गर्ने उद्देश्यले ह्यात रिजेन्सीमा भएको साधारणसभामा केही दिनअघि मात्र संशोधन भएको एनओसीको विधानको समेत उल्लंघन गर्ने काम गरियो ।

एनओसीको संशोधित विधानमा निर्वाचनपूर्व ४२ दिनअगाडि सूचना सार्वजनिक गर्नु पर्ने नियम रहे पनि यसको पालना गरिएन । यसैगरी कमिटीमा एक महिलालाई प्रतिनिधिको रुपमा समावेश गर्नु पर्ने नियम पनि उल्लंघन गरियो । सार्वजनिक पद ओगटेर बसेका व्यक्तिहरू निर्वाचनमा समावेश हुन नपाउने प्रावधान रहे पनि नवनियुक्त एनओसी कमिटीमा ३-४ जना यस्ता व्यक्ति समावेश भए । उनीहरू पदको लाभ उठाउँदै एनओसीमा सुखद अवतरण गर्न समेत सफल भए । विधानमा चारजना उपाध्यक्ष मात्र रहने प्रावधान मिचेर मनोनीतको रुपमा थप एकजनालाई उपाध्यक्षमा नियुक्त गरियो । सहमतिको राजनीतिअन्तर्गत कार्यसमितिलाई ११ बाट बढाएर १५ सदस्यीय बनाइए पनि विधानविपरीत यसलाई थप १७ मा पुर्‍याइयो । जिल्लादेखि नै संघको निर्वाचन नभएको स्थितिमा एनओसीको निर्वाचन गैरकानुनी हुने र यस्तो निर्वाचनमा भाग लिने पदाधिकारीलाई कालोमोसो दल्ने धम्की दिँदै आइरहेको नेपाल गणतान्त्रिक खेलकुद संगठनले कुनै संघबाट प्रतिनिधित्व नै नगरी धम्कीको राजनीति गर्दै दुई पद (उपाध्यक्ष र सदस्य) हत्याउन सफल भयो । अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले वाइपी लोहनी अध्यक्ष रहेको टेबल टेनिसलाई मान्यता दिए पनि निर्वाचनका बेला चतुरानन्द वैध मतदाताको रूपमा देखापरे । यसअघि टेबल टेनिसबाट एनओसीमा प्रतिनिधित्व गरेका महासचिव कमल चित्रकारलाई निर्वाचन हुँदै छ भनेर आधिकारिक चिठीसमेत पठाइएन । उनी निर्वाचनको दिन मतदान हुँदै छ भन्ने थाहा पाएर ह्यात होटल परिसरमा पुगे पनि पछि चतुरानन्दको कमिटीलाई निर्वाचनको अधिकार दिएको थाहा पाएपछि साधारणसभामा उपस्थित नभई बाहिरिएका थिए ।

यति हुँदाहुँदै पनि विदेशी प्रतिनिधिहरूले नवनिर्वाचित नेपाल ओलम्पिक कमिटीलाई मान्यता दिने स्पष्ट पारेका छन् । उनीहरूले घुमाउरो पाराले अहिलेको निर्वाचित कमिटीको विरोधमा लाग्नेविरुद्ध आफूहरू लड्ने बताएका छन् । 'हामी स्वतन्त्र निकाय हौं । ओलम्पिकको छुट्टै मुभमेन्ट छ', आइओसी

प्रतिनिधि मिचेल फिलाउले पत्रकार सम्मेलनमा स्पष्ट पारे ।

एनओसी अध्यक्ष रुक्मशम्शेर राणाले निर्वाचनभन्दा तीन दिनअघि आफू अध्यक्ष पदमा नलड्ने सार्वजनिक घोषणा गरेपछि साधारणसभाले राष्ट्रिय प्रजातन्त्र पार्टीका सहमहामन्त्रीसमेत रहेका एनओसी महासचिव ध्रुवबहादुर प्रधानलाई सर्वसम्मतिले अध्यक्ष पदमा चयन गर्‍यो । यसअघि राणालाई हराउन प्रधान र राष्ट्रिय खेलकुद परिषद् (राखेप)का सदस्य-सचिव जीवनराम श्रेष्ठबीच गठबन्धन बनेको थियो । स्रोतका अनुसार दुई महिनापछि हुने ओसिएको कमिसनको निर्वाचनमा आफूलाई पठाउने सहमति गराउँदै राणाले प्रधानका लागि अध्यक्ष पद छाडेका हुन् । 'ओसिएमा लड्न एनओसीको साधारण सदस्य नै हुनुपर्छ भन्ने बाध्यता छैन । एनओसीले आफ्नो प्रतिनिधिको रूपमा जसलाई पनि पठाउन सक्छ', राणा हाल एनओसीको साधारण सदस्यसमेत नरहेको स्थितिमा यो कसरी सम्भव छ भन्ने प्रश्नमा स्रोतले भन्यो । राणाले एनओसी निर्वाचनमा नउठ्ने घोषणा गरेपछि प्रधानको पूरै प्यानल निर्वाचन जित्न सफल भयो । राणाका सहयोगीका रुपमा चिनिने अधिवक्ता उपेन्द्रकेशरी न्यौपाने र पुरुषोत्तमप्रसाद श्रेष्ठ भने चुनावअघिको गोप्य सहमतिपछि प्रधानको क्याम्पमा अटाएका थिए ।

चार वर्षका लागि एनओसीको महासचिवमा राखेप सदस्य-सचिव जीवनराम श्रेष्ठ निर्वाचित भए । जुडोबाट प्रतिनिधित्व गरेका जीवनरामले आफूविरुद्ध उठेका राखेपका पूर्व सदस्य-सचिव किशोरबहादुर सिंहलाई १८-५ ले हराए । कोषाध्यक्षमा ट्रायथोलनबाट प्रतिनिधित्व गरेका अधिवक्ता उपेन्द्रकेशरी न्यौपाने निर्विरोध निर्वाचित भए । उपाध्यक्षहरूमा पूर्व एआइजी नेपाल बक्सिङ संघका अध्यक्ष रविराज थापा, राखेपका उपाध्यक्ष सीताराम मास्के, राखेपका सदस्य तथा भलिबलका अध्यक्ष गंगाबहादुर थापा मगर, नेकपा एमालेको स्थायी समिति सदस्य सहाना प्रधानका छोरा हकी अध्यक्ष उमेशलाल प्रधान निर्वाचित भए । यो पदमा उठेका अर्का उपाध्यक्ष टेनिसका सिद्धेश्वरकुमार सिंह भने पराजित भए । सहसचिवमा नेपाल तेक्वान्दो संघका महासचिव दीपराज गुरुङ एक्लो प्रतिस्पर्धीको रूपमा निर्वाचित भए । यसअघि यो पदमा नेपाल एथ्लेटिक्स संघका रवि राजकर्णिकारलाई उठाउने तयारी भएको थियो । सातजना सदस्यहरूमा कबड्डीका अध्यक्ष सुनिल राजकर्णिकार, साइक्लिङका अध्यक्ष छिमि उर्गेन गुरुङ, एथ्लेटिक्स संघका महासचिव रवि राजकर्णिकार, राखेपका सदस्य सितेरियो कराँतेका प्रशिक्षक पुरेन्द्रविक्रम लाखे, क्यानोइङका अध्यक्ष राजेन्द्र वान्तवा, एन्फाका धीरेन्द्र प्रधान, एनओसीका पूर्व कोषाध्यक्ष पुरुषोत्तमप्रसाद श्रेष्ठ निर्वाचित भए । पुरुषोत्तमले आर्चरीबाट प्रतिनिधित्व गरेका थिए । सीताराम मास्केले भने भारोत्तोलनबाट प्रतिनिधित्व गरे । गणतान्त्रिकबाट संगठनका महासचिव प्रभातकिरण सुवेदी (शिव) पाँचौं उपाध्यक्ष र हुकुमराज गिरी आठौं सदस्यको रुपमा मनोनीत भए ।

नेपाल सुटिङ संघको अन्तर्राष्ट्रिय सम्बन्धनलाई लिएर फागुन २७ गते किशोरबहादुर कार्कीले एनओसी र पुष्पदास श्रेष्ठलाई विपक्षी बनाउँदै पुनरावेदन अदालत, ललितपुरमा मुद्दा दायर गरेपछि अदालतले त्यसको भोलिपल्टै एनओसीको निर्वाचन स्थगित गर्न आदेश दिएको थियो । तर, विवादमा मुछिएका सुटिङ संघका दुवै अध्यक्ष कार्की र श्रेष्ठलाई निर्वाचनमा सहभागी नगराईकन ओलम्पिक चार्टरमा रहेका बाँकीका २० खेल संघ र नन-ओलम्पिक संघको रुपमा निर्वाचनमा भाग लिने अवसर पाएका तीन संघलाई सम्मिलित गराएर २३ संघका प्रतिनिधिहरूबीच निर्वाचन सम्पन्न गराइएको थियो । 'एनओसीले अदालतको निर्णयको अवज्ञा मात्र गरेको छैन, निर्वाचनमा उठ्ने मेरो अधिकारसमेत हनन गरेको छ', कार्कीले समयलाई प्रतिक्रिया दिए ।

यसअघि महिला प्रतिनिधिको रुपमा एनओसीको पूर्व कार्यसमितिमा सम्मिलित भएकी पुनम लामाले पनि ओलम्पिकको अहिलेको निर्वाचन रोक्न अदालतमा मुद्दा दायर गरेकी थिइन् । उनको मुद्दामा अदालतले फैसला दिन बाँकी छ । नवनिर्वाचित एनओसी अध्यक्ष प्रधानले बाध्यात्मक परिस्थितिमा निर्वाचन गर्नु परेको बताउँदै भने, 'अदालतप्रति हाम्रो अनादर होइन, अन्तर्राष्ट्रिय दबाबका कारण गर्नु परेको हो ।' निर्वाचनपछि एनओसीको कार्यसमितिमा ५ पुराना र १२ नयाँ अनुहार भित्रिएका छन् । ■



# दस्तावेज जनआन्दोलनको




**सत्य र तथ्यपरक** समाचार सम्प्रेषण गर्दै आमजनतालाई सुसूचित गराउनु पत्रकारको धर्म हो । तर, पत्रकारले सम्प्रेषण गरेको समाचारका पाना चाँडै नष्ट हुने र विस्मृतिको गर्भमा विलीन हुने भएकाले १९ दिन लामो जनान्दोलनका घटनाक्रमलाई सचित्र र सिलसिलाबद्ध रुपमा ऐतिहासिक दस्तावेजका रुपमा सृजना गरी जनआन्दोलन-२ नामक पुस्तक दस्तावेजको रुपमा पाठकसमक्ष ल्याएका छन्, एकराज गिरीले ।

नेपाली जनताले गरेको १९ दिन लामो संघर्ष जनआन्दोलन-२ बाट २ सय ३८ वर्षदेखिको राजतन्त्र समाप्तिको संघारमा पुगेको छ भने ११ वर्षदेखिको माओवादी सशस्त्र जनयुद्धको अन्त्यसँगै त्यसपछिका घटनाक्रम विश्वमै नमुना भएको छ ।

पुस्तकमा जनआन्दोलन-२ का १९ दिने घटनाक्रम, सहिदको परिचय, घाइतेहरूको नामावली, अन्य महत्त्वपूर्ण घटनाक्रम र ऐतिहासिक महत्त्वका दस्तावेज पुस्तकमा छ । जनआन्दोलनकै सेरोफेरोमा तयार भएको यो पुस्तक आम समुदायका लागि महत्त्वपूर्ण र ऐतिहासिक दस्तावेज भने पक्कै हुनेछ ।

देउवा सरकारको विघटनबाट उत्पन्न घटनाबाट थालनी भएको पुस्तकमा शाही सरकारका दोषहरूको चर्चा, सात दल तथा माओवादीसँगको गठबन्धन, विवेचना, आन्दोलनको तयारी, उद्‌भव तथा विकासको वर्णन छ ।

लेखक सहर केन्द्रित हुनु, जनआन्दोलनमा गाउँ-बस्तीको भूमिका र त्यहाँको मनोविज्ञानप्रति ध्यान नजानु पुस्तकमा खड्किएको प्रमुख विषय हो । जे भए पनि सानो पुस्तकमा धेरै स्थान र घटनालाई अटाउने जुन प्रयास गरिएको छ, त्यो सराहनीय छ । तर, कृतिलाई छिट्टै पाठकसमक्ष पुऱ्याउने हतारोमा कयौं विषय गौण हुन पुगेको भान हुन्छ ।

■ **आनन्द गुरुङ**

# प्रजातान्त्रिक संघर्षको गाथा




**पूर्वसांसद गोविन्द** ज्ञवाली 'नेपालको कथा : केही विशेषता र केही सन्दर्भ' नामक कृति लिएर आएका छन् । यसमा उनले हिमालयको उत्पत्ति र यसका विशेषताबाट सुरु गरेर २०६३ सालको जनआन्दोलन- २ सम्मको कथा समेटेर यो पुस्तक तयार पारेका छन् ।

प्रस्तुत कृतिलाई विभिन्न शीर्षकमा बाह्र खण्डमा विभाजन गरिएको छ । हिमालयको उत्पत्ति र यसका विशेषतामा हिमालयको उत्पत्ति, टेथिस सागरको परिचय, पहाडी भेगको उत्पत्ति इत्यादिको उल्लेख छ भने मनोरम प्रकृति र विविध पारिस्थितिक प्रणाली परिच्छेदमा हावापानी र मौसमको चर्चा गरिएको छ । पुस्तकको तेस्रो र चौथो खण्ड पौराणिक विषयवस्तुमा आधारित रहेको छ । पाँचौं खण्डमा समाजको विकासक्रम दर्साइएको छ । गौतम बुद्ध, अरनिको लगायतका विभूतिहरूको चर्चा समेट्दै पुस्तक अगाडि बढेको छ ।


नेपाल एकीकरणको प्रसंग, बाइसे-चौबीसे राज्यहरूको जानकारी नवौं खण्डमा वर्णित छ भने सुगौली सन्धि र यसबाट उत्पन्न परिणामहरू दसौं खण्डमा उल्लेख छ । नयाँ जागरण र प्रजातान्त्रिक संघर्ष र प्रजातन्त्रदेखि लोकतन्त्रसम्ममा राणाकालदेखि जनआन्दोलन-२ सम्मका घटनाक्रमहरूको जानकारी दिइएको छ ।

पुस्तक घटना प्रधानभन्दा पनि वर्णनात्मक बढी छ । पुस्तकमा घटनाक्रम क्रमबद्ध रूपमा राख्न सकेको भए पुस्तक बढी आकर्षक हुनेथियो ।

■ **डिल्ली आचार्य**




**किताब** : जापानमा ६ वर्ष
**लेखक** : केबि महर्जन
**पृष्ठ** : २२९
**मूल्य** : रु २५०।-
**प्रकाशक** : परिवेश प्रकाशन




**किताब** : चिलंखे खड्का
**लेखक** : चन्द्रबहादुर खड्का
**पृष्ठ** : १०८
**मूल्य** : रु १००।-
**प्रकाशक** : चिलंखे खड्का अचल सन्तति समाज




**किताब** : विख्यात विदेशी कथा
**अनुवादक**: ओमशंकर श्रेष्ठ
**पृष्ठ** : ७७
**मूल्य** : रु ४५।-
**प्रकाशक** : रत्न पुस्तक भण्डार




**किताब** : ऐना
**लेखक** : विष्णुबहादुर सिंह
**पृष्ठ** : ७६
**मूल्य** : रु १००।-
**प्रकाशक** : सुमन सिंह

# चुनाउ

■ तृष्णाराज्यश्री कुँवर

'घरमे के बा हो ?' स्थानीय भाषामा बोल्दै झुन्डिरहेको फलामे सिक्री बजाएर मैले ढोका ढकढक्याएँ । 'के हु नाइँ बा ! सबलोग खेते होर होइहें !' मेरो लगातारको खलबलले भित्रबाट मसिनो नारी स्वरले प्रत्युत्तर फिरायो । घरमा कोही रहेनछ भनेर फर्किनु पनि कसरी ? भित्रबाट कोही बोली नै रहेछ । हुन त अर्काको घरमा यसरी चियाउनु हुँदैनथ्यो तर कामै रोकिने भएपछि के गर्नु ? चोर्नलाई होइन, घर फोर्नलाई होइन, उद्देश्य राम्रो भएपछि हेर्नलाई केको डर ? भित्ताको सानो प्वालबाट यसो चियाई हेरेको त एउटी युवती गुइँठा र गोहोराको आगोमा फू फू गर्दै घुम्टोले आधी अनुहार छोपेर रोटी पकाइरहेकी देखियो । भित्र बेपत्ताको धुँवा उडिरहेछ, त्यही धुँवाबाट आँखालाई जोगाउन उनले घुम्टो हालेको लख काट्न मलाई धेरै बेर लागेन ।

कस्तो बिडम्बना ! घरभित्र एउटी सिंगो सजीव नारीको उपस्थिति तर त्यही नारीकण्ठले बाहिरको आगन्तुकसँग घरमा कोही छैनन् भनिरहेको विरोधाभासपूर्ण अवस्था ! म दिग्भ्रमित भएँ । के उनी यस घरकी सदस्य होइनन् ? उनी घरमुली नहोलिन् तर यस घरसँग कुनै न कुनै नाता त अवश्य होला । पाहुना लाग्न आएकी भए पनि घरमा आएको मान्छेसँग बाहिर निस्केर कुरा गर्न किन हिकिचाइरहेकी छन् ? कुनै ठूलै अपराध गरेको अपराधीझैं घरभित्रै लुकेर बस्नु र आफ्नो अनुहार यसरी लुकाउनु कस्तो अनौठो लाग्यो मलाई । 'बाहर निकर कर तनी दुई चार बात बतियावा न !' मैले उनीसँग बाहिर निस्केर दुई चारवटा कुरा गर्न गरेको अनुरोध त्यसै खेर गयो । 'काहे चिल्ला ता डु हो ! कहलीं न घरमें केहु नाइ बा ! बात करेके हो त सांझे के जुन मे आवा !' किन चिच्याइराखेकी ? भनिहालें नि घरमा कोही छैन, कुरा गर्ने भए साँझपख आऊ ! भनेर उनी त आगोमा पानी खन्याउन पो थालिन् । उनले मेरो रिसले त्यसो गरेकी भने पक्कै होइन । फागुनचैतको महिनामा तराईमा हावाहुरी चल्ने र घरहरू पनि प्रायजसो खरको छानोले छाउने चलन रहेको हुँदा आगोले टिपिहाल्ने डरले चुलोमा काम सिद्धिनेबित्तिकै सबैले यसो गर्दा रहेछन् ।

'अच्छा ! तब तु कौन होलु ? पहुनी हो लु का ?' उसो भए तिमी को हौ त ? के पाहुना हौ ? भन्ने मेरो जिज्ञासामा उनले 'हम पतोही होइला !' भनेर आफू घरकी बुहारी भएको कुरासम्म बताइन् । मेरो लागि यो आठौं आश्चर्य भयो । घरकी बुहारीले घरभित्र लुकेर बाहिर उभिएको मान्छेसँग यस्तो वार्तालाप गरेको दृश्य मेरो कल्पनाभन्दा बाहिरको थियो । 'अच्छा ! एक गिलास पानी पिया दा ! बहुत पियास लगता !' मैले तिर्खा र पानीलाई निहुँ बनाएर उनलाई घरबाट बाहिर निक्लिन बाध्य पारें । मेरो मनमा उनलाई मजासँग नियाल्ने र सँगसँगै दुई चारवटा कामका कुरा गर्ने उत्सुकता झन बढ्यो । यतिकैमा भित्रबाट गजवार लगाइएको ढोका घ्याक्क गर्दै उघ्रियो । पानी भरिएको लोटा लिएर अगाडि उभिएकी युवतीको हात र खुट्टा बाहेक केही देखिँदैन । फरिया र चोलोले शरीरका बाँकी अंग त ढाकिने नै भए अनुहारसमेत यति लामो घुम्टोले छोपिएको छ । आफू सामुन्ने उभिएको मान्छे नारी नै हो भन्ने कुराको पक्कापक्की उनको वस्त्र र स्वरले मात्र गराउँछ । उनले बिस्तारै मतिर बढाएको लोटा लिएर कलकल पानी पिएँ । तिर्खा त मेटियो तर उनको बारेमा जान्ने प्यास झन् झन् बढ्यो । 'तनिक देर बैठ जाइँ ?' एक छिन बसौं है भन्दै म उनको अनुमतिअगावै नजिकै ठड्याइराखेको खटिया ओछ्याएर बसेँ ।

'घरमें कौन कौन बा ? सबके नाम बताव ! हम लिख के चल जाइब !' मैले घरका सदस्यहरूको नाम सोध्दा उनले बताउन सकिनन् वा चाहिनन्, त्यो बुझ्न मलाई अप्ठेरो परिरहेको छ । 'ससुरके नाँव का है ?' 'का जानी !' 'मर्द के नावँ ?' न त उनले ससुराको नाम बताइन् न त लोग्नेको नै । 'सास के नावँ जानेलु ?' सासूको नाउँ थाहा छ भन्दा गाउँमा सबैले उनलाई घिनाहिन भनेको सुन्छु मात्र भनिन् । 'अच्छा तु आपन नाँव बता सकबु ?' मलाई उनले आफ्नो नाम भन्ने कुरामा शंकै लाग्यो । 'सिसहिन' उनले घुम्टो झन् लामो पार्दै मसिनो बोली निकालिन् । भित्रबाट ठूलो आवाज निकाले पनि बाहिर आएपछि उनको बोली आफैं सानो भएको छ, छिमेकीले देखे भने कुरा लगाइदेलान् भन्ने डर पनि मनमा होला । 'नैहर कहाँ है तोहार ?' माइती कता हो ? यो प्रश्न सान्दर्भिक थिएन तर किन हो कुन्नि मुखबाट फुत्किहाल्यो । 'दखिन' उनले हातले दक्षिणतिर इसारा गर्दै भनिन् ।

मलाई हाँसो त उठेको हो तर म हाँस्न सकिरहेकी छैन । एउटी अबोध ग्रामीण युवतीको सरल र निष्कपट व्यवहारमाथि हाँस्नु मैले पाएको ज्ञान र चेतनाको उपहास होइन र ? म अलिकति जान्ने सुन्ने छु, केही देख्ने बुझ्ने अवसर पाएकी छु र दुईचार अक्षर पढेकी छु भन्दैमा के मलाई एउटी अनपढ गँवार ग्रामबालामाथि हाँस्न सुहाउँछ ? आज मैले जत्तिकै उनले पनि अक्षर चिन्ने मौका पाएकी भए र उनले पाउँदै नपाएको अवसर मैले पनि जिन्दगीमा कहिल्यै नपाएको भए आज उनीजस्तै म हुने थिएँ र म जस्तै उनी हुने थिइन् । उनी त्यस्तै ठाउँमा जन्मन पुगिन् र आज यस्तो जीवन भोग्दै छिन्, के यो उनको जन्मको दोष हो र ? उनका बाबुले उनलाई पढाएनन् त यसमा उनको झन् के दोष ? उनकी आमाले उनलाई बिहेपछि घुम्टो ओढ्नु र पराई मान्छेसँग बोल्दा विचार पुऱ्याउनु भनेर अह्राइन् त यसमा उनको पनि के दोष ? उनको समाजले उनलाई मान्छे भनेका लोग्नेमान्छे मात्र हुन्, आइमाई भनेका मान्छे हुन् वा होइनन् भनेर अलमलिने कुरा सिकाएको रहेछ त यसमा त्यो समाजको पनि के दोष ? यताको सामाजिक संस्कार नै यस्तो छ ।

चालचलन संस्कृति भनेको यस्तै हो, यति छिटै भनेझैं गरी कहाँ बदलिन सक्छ र ? नौली बुहारी गौना भएर आएपछि घरभित्रै बस्नु पर्ने, खेत खलिहानतिर काममा जानु नपर्ने रीतिथिति छ यहाँ । धन्न उनी त हिम्मती रहिछन्, मेरो अनुरोधमा बाहिरसम्म त निस्किन् । पराई मान्छेसँग यसरी



कुरा गर्दा बेलुका सासूससुराको हप्काइ पो खानु पर्ने हो कि ? मैले प्रसंग फेरि कुराकानीतिरै मोडेँ। 'दखिखन कहाँ ? भारत ओर ?' मेरो बुझाइअनुसार उनी यसअघि भारतीय नागरिक हुनुपर्छ, किनभने यहाँदेखि दक्षिणी गाउँ त भारतीय भूमिमा पर्छ। यो रूपन्देही जिल्लाको सीमावर्ती गाउँ बोधबारे हो। 'सिसही !' उनले आफ्नो माइती गाउँको नाम बताएपछि बल्ल उनको सिसहिन भन्ने नाउँको अर्थ बुझेँ मैले, उता गएका बेला उनलाई ससुराली गाउँको नाउँले बोधवारिन भनिँदो रहेछ, गौनापछि यो उनले पाएको नयाँ परिचय हो। गाउँको नाम जाने पुगिहाल्यो नि ! बिचरी उनलाई के थाहा सिमानाको विभेद भनेको के हो ? देश र राज्य भनेको के हो ? यता पनि उस्तै खेतबारी हावापानी माटो छ, उता पनि उस्तै बोलीचाली रहनसहन खानपान छ, यता धान फल्दा उता पनि धानकै बाला झुल्छ, यता तोरी फुल्दा उता पनि तोरी नै फुल्छ, यता पानी पर्दा उता पनि पानी नै पर्छ, यता तुषारो परेर अन्नपात बिग्रँदा उता पनि बालिनाली सखापै हुन्छ। दसगजा के हो ? उनले कसरी जानून् ? न गाउँमा यसको चर्चा हुन्छ, न त आमाहरू कहिले यता र उताको फरक छुट्टिने कुरा नै गर्छन्। त्यो सिमेन्टको खम्बा कुनै देउ-देउताको थान पो हो कि ? पुरानो मन्दिर भत्किएर खम्बा मात्र बाँकी रहेको हो कि ? जन्मिँदा भूमिसँगको नाताले भारतीय थिइन् नेपालीसँग बिहेपश्चात् अब नेपाली भएकी छन्, तर यो कुरा उनलाई थाहा छैन। जान्ने सुन्नेले बताउने आवश्यकतासम्म पनि महसुस गरेनन्। घर र वर राम्रो फेला परे भइहाल्यो नि ! झन् वारि दिँदा दाइजो पनि अलि कमै लाग्ने हुनाले घरका मान्छे पनि किन अर्थहीन कुरामा अलमलिऊन् ? वारि होस् वा पारि यसले जिन्दगीमा कुनै असर पार्ने भए पो त ?

'नौली पतोही होलु ?' मैले नयाँ बुहारीको घुम्टो बिस्तारै उठाउन खोज्दा उनी तर्सेर तीन हात पर भागिन्। छोटो कपाल र जिन्स टिसर्टमा कस्सिएकी मलाई उनले लोग्नेमान्छे भन्ठानिन् क्या हो ? अघिसम्म मेरो स्वर मात्र सुनेर मलाई आफूजस्तै फरिया लगाएकी, आँचलले कपाल ढाकेकी आइमाई भएको अनुमान थियो होला उनको, यसअघि घुम्टोले ढाकिएकी न उनले मेरो मुहार देख्न पाएकी हुन् न त मैले उनको। 'हमहुँ मेहरारु होइलौं' म पनि आइमाई नै हो भन्ने थाहा पाएपछि बल्ल उनको सातो आएजस्तो भयो।

म यो घरमा मतदाता नामावली संकलन गर्ने क्रममा आइपुगेकी हुँ। यहाँको भाषा जानेको हुनाले बोलीचालीमा अप्ठेरो त केही भएको छैन, तर दिउँसो घरमा भेट हुने आइमाईहरू केही बोल्न नजान्ने हुन वा नखोज्ने हुन त्यो भने बुझ्नै गाह्रो। लोग्नेको नाम काढ्न हुँदैन रे ! ससुराको नाम थाहै छैन रे ! हामीलाई परेन फसाद ! लोग्नेमान्छे जति खेतबारीको काममा हिँड्ने, आइमाई केटाकेटी बोल्दै नबोल्ने। अधबैंसे महिलाहरू समेत लोग्नेको नाम उच्चारण गर्दा पाप लाग्ला भनेर आफ्नो जिब्रो दाँतभित्र टम्म पारेर लुकाउँछन्। 'यो चुनाउमा नाम लेखाएर के पाइन्छ र ?' 'काम छाडी भोट खसाल्न जाँदा तिमीले के दिन्छ्यौ र ?' 'हामीलाई केको चासो ? हाम्रो गर्जो चुनाउले टार्ने होइन !' भोट हाल्दैमा कम से कम त्यो दिन भुँडी भरिने भए पो चासो। यहाँ आएदेखि यस्ता कुरा सुन्न अभ्यस्त छु। यो कुरा त उनीहरूले नेतालाई पो सोध्नु पर्ने, योजना बनाउने, विकास ल्याउने तिनै हुन्। तर यहाँ त नेता भेटिए पो चिन्नु ! भोट दिने मान्छेलाई कसलाई भोट दिँदै छु भन्ने समेत थाहा हुँदैन, मुस्किलले गाउँभरिमा दुई चारजनाले मात्र आफ्ना अघिल्ला प्रतिनिधिको नाम बताउन सक्ने यो ठाउँमा महिलाहरू निर्वाचनप्रति उदासीन हुनु अस्वभाविक जस्तो त लागेन मलाई पनि। चुनाव आयो भन्दैमा एक जोर फरिया फेर्न पाइने होइन ! के थाहा के हो यो चुनाव ? के हो संविधानसभा ? केका लागि गरिन्छ चुनाव ? यो सब पढेलेखेका मान्छेले गर्ने र बुझ्ने कुरा हो ! हामी खेतीकिसानी गर्नेलाई किन अलमल्याउछौं हँ ?' एक होइन अनेक प्रश्नले चुटिन्छौं हामी।

हिजोआज दैनिकजसो पत्रपत्रिकामा संविधानसभाको निर्वाचनकै विषयवस्तु समेटिएका समाचार र लेख रचना छापिन्छन्, सारा रेडियो, एफएम र टेलिभिजनहरूले पनि संविधानसभाको निर्वाचनकै विषयमा समाचार तथा कार्यक्रमहरू दिनरात बजाइरहेका छन्। यता पढ्यो संविधानसभाकै कुरा, उता खोल्यो संविधानसभाकै कार्यक्रम, जता हेर्‍यो त्यतै संविधानसभाकै बारेमा गरिएका गोष्ठी, सेमिनार र अन्तरक्रियाका समाचार। तर यो गाउँका महिलाहरूको कान छेड्ने र आँखा खोल्ने गरी खै के आइपुगेको छ त ? न भाषा बुझून्, न त कुरा नै ! लेख्न पढ्न नजाने पनि सुन्न पाए त केही न केही बुझ्थे होला नि ! 'यहाँ त उनान्सय प्रतिशत महिलाहरूले नेपाली भाषा बुझ्दैनन्, त्यो एफएमबाट एकछिन आउने 'निर्वाचनसम्बन्धी स्थानीय भाषाको कार्यक्रम सुन्ने कसलाई टाइम छ र ? रेडियो सुन्ने बानी र औकात पनि त हुनु पर्‍यो नि ! जब गाउँमा सुकिला मान्छेहरू मोटरमा प्रचार गर्दै, घर घारीमा पर्चा टाँस्दै हिँड्छन् अनि बल्ल चुनाव आएछ भन्ने थाहा हुन्छ नानी !' हिजो बेलुकी पूर्व वडाध्यक्ष रामभरोस काकाले भनेको कुरा झलक्क सम्झिएँ।

सिसहिनसँग बिदा मागेर हिँड्ने बेलामा एउटा प्रश्न अझै सोधूँ सोधूँ जस्तो लाग्यो, 'भोट गिराए चलबु न !' भोट हाल्न त जान्छ्यौ होला नि ! भन्ने मेरो प्रश्न सुनेर उनलाई आश्चर्य लागेछ। 'जनानी होइला, के जान जाए मिली कि नाहिँ !' आइमाई हुनु, घरकाले जान दिन्छन् कि दिँदैनन् भन्ने कुरा उनले मलाई आजै कसरी बताउन्।

'हम्मे भोट गिराए बनी ?' म पनि भोट खसाल्न सक्छु र ? भनेर घरभित्र पस्दै गरेकी उनले घुम्टोभित्रैबाट मसँग गरेको एउटै प्रश्नले मलाई जोडसँग हान्यो। भन्न त मन लागेको हो, घुम्टो र भित्ताभित्र कैद तिमीले उम्मेदवारमध्ये कसलाई चिनौली र उसलाई जिताउन आफ्नो मताधिकार प्रयोग गरौली ! तिमीलाई मान्छेसँग बोल्न त अरूसँग इजाजत लिनु पर्छ भने के भोट खसाल्न सजिलै गरी पाउली ?

म सधैं साँझ साथीहरूसँग यस्तै कुराकानी गर्दै निदाउँछु, 'सिसहिन जस्ता कति मतहरू यसरी नै अँध्यारामा लुकेका होलान् है !' ■

कविता

# यात्राको यो मोडमा

■ दिनेश अधिकारी

गुमाएर
आमाको काख
भाइको हात
र, दिदीका आशिर्वचनहरू
सट्टामा
हामीले एउटा रंगीन झन्डा पाएका छौं
कन्टेनर बिर्साउने
एउटा फोहर बस्ती पाएका छौं
बन्धकी परेको आफ्नै टाउको फिर्ता पाएका छौं
पाउनु र गुमाउनुको दोसाँधमा उभिएको छ
हाम्रो वर्तमान
यो, हाम्रो यात्राको समाप्ति होइन
यहीँबाट पो बल्ल सुरु हुन्छ हाम्रो मुक्तिको यात्रा
भर्खरै त दासताबाट मुक्ति पाएका छौं हामीले
हामीलाई गजधम्म बाटो छेकेर उभिएका
काला सालिकहरूबाट मुक्ति चाहिएको छ
मुक्ति !
मुक्ति !!
र, फेरि पनि मुक्ति !!!
हामीलाई जन्मजातका मालिकहरूबाट मुक्ति चाहिएको छ

अहिले हामीसँग
कन्टेनर बिर्साउने देश छ
हामीले यसलाई
जून जस्तै टल्काउनु परेको छ
फूल जस्तै रंगाउनु परेको छ
सबै थोक गर्न सकिन्छ- केही गाह्रो छैन
सहिदहरूको आशीर्वाद नै हाम्रो लागि मनग्गे छ
तर के यसो भनेर आफैंलाई जोगाउनु पर्दैन ?
लामो अँध्यारोपछिको यो उज्यालोमा
तिर्मिर तिर्मिर आँखाहरू लिएर
बेहोसीमा, कतै आगो नै कुल्चन लागिरहेका त छैनौं हामी ?
बारम्बार
मलाई यही एउटा कुराको डर लाग्न थालेको छ
अहिले पनि त
कहाँ कुद्न छाडेका छन् र छली मारीचहरू ?
म साँच्चै भन्छु
अर्थोक केही गर्न नसके पनि
सहिदहरूको नाममा
अहिले- यतिखेर
हामीले आफैंलाई जोगाउनु परेको छ !
अहिले-यतिखेर
हामीले आफैंलाई जोगाउनु परेको छ !!

**चलचित्र विकास बोर्डले दस नेपाली सिनेमालाई पाँच लाख रुपैयाँ दरले अनुदान दिने घोषणा गरे पनि सुविधा पाउन सिनेमा ३५ एमएमको फर्म्याटमा बन्नुपर्ने सर्तले १६ एमएममा चलिरहेको चलचित्र उद्योगलाई कुनै आकर्षण गर्न सकेको छैन ।**

# कोही लोभिएनन्



समय

■ **दीपक रौनियार/काठमाडौं**

**चलचित्र विकास** बोर्डले यो वर्ष दस नेपाली सिनेमालाई ५ लाख रुपैयाँका दरले निर्माण अनुदान दिने घोषणा गरेको डेढ महिना बितेको छ । ५ लाख रुपैयाँ अनुदान ठूलो कुरा भए पनि सरकारले दिएको अनुदानका लागि यो अवधिमा एउटामात्र निवेदन परेको छ ।

यो सरकारी योजनाले चलचित्र निर्माताहरूलाई किन लोभ्याएन ? त्यसको एउटै कारण हो, बोर्डका सर्तहरू । बोर्डको अनुदान पाउन सिनेमा ३५ मिलिमिटरको नेगेटिभमा खिचिएको हुनैपर्छ र त्यसको लम्बाइ कम्तीमा १ सय २० मिनेटको हुनुपर्छ । संसारभरिका सिनेमा उद्योगहरूले ७० मिनेटभन्दा लामो समयको चलचित्रलाई पूर्ण लम्बाइको मान्छन् । उनीहरू औसतमा ९० मिनेटको चलचित्र बनाउँछन् । दुई घन्टे चलचित्रको नाप सम्भवतः नेपाली सिनेमाले मुम्बइया सिनेमाकै परम्परा धानिरहोस् भन्ने चाहनाबाट जन्मेको हो किनभने यसका लागि कुनै तर्क बोर्डले दिएको छैन ।

मुलुकको पुनर्संरचना हुन लागेको अहिलेको समयमा जनताको करको पैसाबाट गरिने सरकारी लगानी नेपाली सिनेमाको मौलिकताका लागि हुनुपर्ने हो । यसले संक्रमणमा रहेको मुलुकका गम्भीर आवश्यकतालाई सम्बोधन गर्नुपर्ने हो । नेपाली सिनेमालाई अन्तर्राष्ट्रिय क्षेत्रतिर हेर्ने आँट दिनुपर्ने हो । तर, बोर्डको ३५ मिलिमिटर मोहले सिनेमा साहुजीहरूलाई मात्र सघाउनेछ । यसबाट दुई घन्टे सिनेमाको मागले नेपाली सिनेमालाई मुलुकको सिमाना नाघ्नै नसक्ने गरी सीमित बनाउँछ ।

नेपाली सिनेमाको वर्तमान फर्म्याट राम्रो छ र यसमा सुधार आवश्यक छैन भन्ने पनि होइन । नेपाली चलचित्र उद्योग मुख्यतः १६ मिलिमिटरको नेगेटिभमा आधारित छ, जुन अहिलेको मनोरञ्जन संसारमा मूलधारको फर्म्याट होइन । यो दोस्रो विश्वयुद्धकालीन प्रविधिबाट नेपाली सिनेमा उद्योगलाई पक्कै मुक्ति चाहिएको छ । तर, नेपाली सिनेमाको समस्या कमसल फर्म्याटमात्र होइन । विश्व सिनेमामा पुष्टि भइसकेकै छ, सिनेमाको गुणस्तरका लागि चाहिने पहिलो वस्तु विषयवस्तु, प्रस्तुति र सिर्जनशीलता हो । फर्म्याट दोस्रो प्राथमिकता हो ।

हाम्रा सबैजसो मूलधारका सिनेमा कथाविना नै बनिरहेका छन् । स्क्रिप्टको बिजोग प्रत्येक सिनेमामा स्पष्टै देखिन्छ । हाम्रो सिनेमा निष्प्राण अभिनय, हाँसोलाग्दो द्वन्द्व र डरलाग्दो हास्यबाट ग्रस्त छ । बोर्डको अनुदानका सर्तहरूमा १६ बाट ३५ मिलिमिटरमा जानासाथ यी सबै समस्या समाधान हुन्छन् भन्ने सोच हावी देखिन्छ । बोर्डले फर्म्याटलाई भन्दा राम्रो सिनेमा बन्ने वातावरणलाई प्रोत्साहन दिनुपर्छ । त्यसो गर्न नसके जति पैसा खन्याए पनि नेपाली सिनेमा उद्योगको रुपान्तरण हुनेछैन । बोर्डको यो निर्णय यथावतै रहे राज्यकोषबाट ५० लाख रुपैयाँ खर्च हुनेछ, तर त्यो रकम सही निर्माताको हातमा र चलचित्र विकासका लागि उपयोग हुनेछैन ।

युवा सिनेकर्मीहरूको समूह *फर सिनेमा*ले चलचित्र विकास बोर्डकै हातामा आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा चलचित्र निर्माता संघका अध्यक्ष अशोक शर्माले भने, 'मलाई त चाहिएन यस्तो अनुदान ! बोर्डको ५ लाख रुपैयाँ लिन जानु भनेको आफू कम्तीमा १० लाखमा डुब्नु हो ।'

'निश्चय पनि प्रोत्साहित गरेको छैन', निर्देशक तुलसी घिमिरेले बोर्डको प्रस्तावले सिनेमा बनाउन आफूलाई कुनै जाँगर नथपेको प्रस्ट्याउँदै भने । निर्देशक तथा निर्माता नीर शाहको भनाइ थियो, 'बोर्डले फर्म्याटभन्दा पनि सृजनालाई प्रोत्साहित गर्नुपर्छ ।' नीर शाह, तुलसी घिमिरे, अशोक शर्मामध्ये कसैलाई पनि प्रोत्साहन नगर्ने बोर्डको अनुदान कसका लागि ? जोसँग फिल्म प्रशोधन ल्याब छ, उसका लागि ? जसले ३५ एमएमको नेगेटिभको कारोबार गर्छ, उसका लागि ? वा ३५ एमएमको महँगो फर्म्याटमा सिनेमा बनाउन सक्ने औंलामा गन्न सकिने संख्यामा रहेका निर्माताहरूका लागि ? अहिले सिनेमा बनिरहेको १६ एमएम फर्म्याट छाडेर ३५ एमएममा जाँदा हरेक चलचित्रका लागि कम्तीमा १५ लाख रुपैयाँ थप खर्च गर्नु पर्छ । निर्माता श्रवण घिमिरे भन्छन्, 'अहिले चलेका भनिएका चलचित्रले समेत त्यति नाफा गरिरहेका छैनन् ।'

*फर सिनेमा*कै त्यही कार्यक्रममा बोर्ड अध्यक्ष शैलेश आचार्यले भने, 'सिनेमा बनाउन नजान्नु हाम्रो प्रमुख समस्या हो ।' बोर्ड अध्यक्ष आफैंले ठम्याएको प्रमुख समस्यालाई किन सबैभन्दा पहिला सम्बोधन नगरिएको हो ? 'अनुदान कार्यान्वयनका लागि बनाइएको कार्यदलले हामीलाई यो सुझाव दिएको हो । त्यसअघि भएका अन्तरक्रिया एवं गोष्ठीले समेत ३५ एमएमै जाने विषयलाई प्रमुख प्राथमिकता दिने गरेको थियो ।' बोर्ड अध्यक्षको यो स्पष्टीकरण कार्यदल सदस्य नवीन सुब्बाले कार्यक्रममै काटे ।

नुमाफुङका निर्देशक सुब्बाले भने, 'कार्यदलले ३५ एमएमको सिनेमाका लागि २० लाख मात्र बजेट छुट्याएको थियो । बाँकी ३० लाखमध्ये २० लाख १६ एमएममा राम्रो तथा मौलिक सिनेमा बनाउन खोज्नेलाई र १० लाख डिजिटल सिनेमालाई दिने भनिएको थियो ।'

बोर्डले राज्यको ठूलो रकम चलचित्र उद्योगका

लागि छुट्याएर ठूलो र आँटिलो काम गरेको हो, तर यसको प्रक्रिया सही नभएको सबैको भनाइ रह्यो। बोर्डले प्रस्ताव आह्वान गर्दै भनेको छ, 'यो प्रस्ताव चलचित्रको गुणस्तरको वृद्धि, मौलिक चलचित्र निर्माण प्रोत्साहन तथा रचनात्मक चलचित्र निर्माणमा प्रोत्साहन गर्ने उद्देश्यले गरिएको हो।' तर बोर्डका सर्तले उसकै उद्देश्यको निरुत्साहन गरेको छ।

एकदमै कमसल मानिने प्रविधि हाइएट र भिएचएस क्यामेराले खिचिएका सिनेमाले समेत विश्वमा तहल्का मचाएका छन्। ब्लेयर बीच प्रोजेक्ट जस्तो क्लासिक सिनेमा हाइएट क्यामेराले खिचिएको थियो। ५ वर्षअघि ओस्कारपछि विश्वकै ठूलो महोत्सव मानिने क्यान्समा डिजिटल बेटा क्यामेराले खिचिएको सिनेमाद *फास्ट रनर*को प्रथम प्रदर्शन भएको थियो। यो चलचित्रले क्यान्समा सन् २००२ को उत्कृष्ट छायांकन पुरस्कार जितेको थियो।

मिनी डिभीमा खिचिएको सिनेमा *द सेलेब्रेसन*ले क्यान्समै ९ वर्षअघि स्पेसल जुरी अवार्ड जितेको थियो। साधारण डिजिटल क्यामेराले खिचिएको डकुमेन्ट्री *बेउना भिस्टा सोसियल क्लब* आठ वर्षअघि ओस्कार अवार्डमा उत्कृष्ट डकुमेन्ट्री विधामा मनोनयनमा परेको थियो।

छिमेकी भारतमै निर्देशक मिरा नायरले सुपर १६ एमएमको क्यामेराले खिचेको *मनसुन वेडिङ*ले विश्वभर तहल्का मचाउने गरी व्यापार मात्र गरेन, भेनिस चलचित्र महोत्सवमा गोल्डेन लायन अवार्ड पनि हात पार्‍यो। उनै नायरले वार्नर ब्रदर्सका लागि सय मिलियन डलरको सिनेमा निर्देशन गर्ने जिम्मा पाएकी छन् हालै। कमसल प्रविधिमा बनाइए पनि विश्वमा तहल्का मचाएका कयौं चलचित्र छन्, जसले फर्म्याट प्राथमिक विषय होइन भन्ने पुष्टि गरेको छ।

फर्म्याट निर्माताले आफ्नो सुविधाअनुसार छान्न पाउनु पर्छ। कसैलाई ३५ एमएम मन पर्न सक्छ, कसैलाई १६ एमएम नै वा कसैलाई यी दुवै नेगेटिभ प्रविधि छाडेर डिजिटलमा जान मन पर्छ। १६ एमएमको विकल्पमा नेपाली सिनेकर्मीका लागि थुप्रै फर्म्याट छन्। १६ एमएमकै नेगेटिभमै वाइड स्क्रिन दिने सुपर १६ वा डिजिटलका थुप्रै ढाँचाहरूमध्ये कुनै। सेलुलाइडभन्दा बढी उदार मानिने डिजिटल प्रविधिमा थुप्रै नेपाली निर्देशक तथा निर्माताहरूले चलचित्र बनाउन थालेका छन्।

छिरिङ रितार शेर्पा, नारायण पुरी, भूषण दाहालजस्ता निर्देशकहरूले यो प्रविधिमा सिनेमा बनाइसके भने दर्पणछायाँ, दक्षिणा, कुसुमेरुमाल, लाहुरे जस्ता सिनेमाका निर्देशक तुलसी घिमिरे पनि आफ्नो पछिल्लो कृति डिजिटल प्रविधिमै बनाउँदै छन्। जय नेपाल र कुमारी हलको सञ्चालक क्वेस्ट इन्टरटेन्मेन्टले त दक्षिण एसियामै अरू कसैले प्रयोग नगरेको टुकें रेजुलेसनको हाइडेफिनेसन क्यामेरा किनेरै चलचित्र निर्माण थालिसकेको छ।

पुरानो नेगेटिभ प्रविधिभन्दा डिजिटल धेरै गुणा सस्तो मात्र छैन, छरितो र उदार पनि छ। नयाँ पुस्ता नेगेटिभ प्रविधिभन्दा यो प्रविधिसँग बढी परिचित छन्। विद्युतीय युगका युवाहरूलाई नेगेटिभ प्रविधि निक्कै महँगो मात्र होइन, झन्झटिलो पनि छ। डिजिटिल प्रविधिको सुलभताकै कारण आज नेपाली म्युजिक भिडियो र डकुमेन्ट्रीमा ठूलो परिवर्तन सम्भव भएको हो।

स्टिल फोटोग्राफी डिजिटल भएजस्तै सिनेमा उद्योग पनि ढिलोचाँडो डिजिटल हुन्छ। छिमेकी भारत र चीनले यसको तयारी थालिसके। चीन विश्वकै सबैभन्दा धेरै डिजिटल सिनेमा हल भएको देश बन्दै छ। चीनमा अहिलेसम्म २ हजार डिजिटल सिनेमा हल बनिसकेका छन्। भारतमा एउटै कम्पनी युएफओ मुभिजले ७५० हल डिजिटल बनाइसकेको छ।

नेपालमा भने अहिलेसम्म सिनेमा हल नै यो प्रविधि प्रयोगको बाधक बन्दै आएको छ। निर्माता निर्देशकलाई मन परे पनि प्रदर्शन गर्ने ठाउँ नभएकाले उनीहरू यो प्रविधिमा सिनेमा बनाउन हिच्किचाइरहेका छन्। नेपालमा डिजिटल प्रोजेक्टर भएको एउटै सिनेमा हल छैन। सहरी क्षेत्रका सिनेमा हलमात्रै पनि डिजिटल बनाउन सके पनि नेपाली चलचित्र उद्योगले निकै छिटो फड्को मार्न सक्ने विश्वास धेरै निर्माताको छ। छिरिङ रितार र घिमिरेमात्र होइन, चलचित्र निर्माता संघसमेत यस्तो हल बन्नुपर्ने बताउँछ। जय नेपाल र कुमारी सिनेमा हललाई रुपान्तरण गरेर सिनेमा प्रदर्शनमा नाम कमाएका भाष्कर ढुंगाना भन्छन्, 'यदि भोलिको प्रविधि डिजिटल हो भने हामीले आजैदेखि किन तयारी नगर्ने ?' ■







# नेवारी वर्चस्व

**एक दशकअगाडि सुरु भएको मिस नेपाल यात्रा यो वर्ष पनि जारी छ। विगतका वर्षहरूमा झैं यो वर्ष पनि उपस्थिति जनाउनेहरूको संख्या बढ्दै गएको छ।**

**मिस नेपाल** बन्ने युवतीका लागि एक वर्षको अवधि अवसरमय हुन्छ। उपाधि पाउनेले सोचेको करियरमै हात हालेर सजिलै सफलता प्राप्त गर्ने स्टेजका रुपमा हेर्ने गरिन्छ, यसलाई। पछिल्ला वर्षहरूमा मिस नेपालमा सहभागी हुन आवेदन दिने युवतीहरूको संख्या मात्र बढेको छैन, कुनै बेला यसलाई नकारात्मक रुपमा हेर्ने नेपाली समाजले समेत उदारता देखाउँदै गएको छ। युवापुस्तामा मिस नेपालप्रतिको आकर्षण प्रत्येक वर्ष चुलिँदै गएको छ।

तर, पछिल्ला वर्षहरूको मिस नेपालमा सहभागी हुने युवतीहरूको विश्लेषण गर्ने हो भने नेवार समुदायका युवतीहरूले देखाएजति उदारता अन्य क्षेत्रका युवतीहरूले देखाउन सकेका छैनन्। 'सामान्य रूपमा काठमाडौंभित्र नेवारहरूको बढी जनसंख्या छ र उपस्थिति पनि काठमाडौंभित्रबाटै बढी हुने गर्छ। त्यसैले यस्तो लागेको हुन सक्छ। आकर्षण सबैमा बढेको छ', हिडेन ट्रेजर नेपालका प्रबन्ध निर्देशक गिरेन्द्रमान राजवंशी भन्छन्। यसपालि पनि मिस नेपालमा सहभागी हुन पाउने गरी छानिएका १९ जनामध्ये ९ जना नेवार समुदायका छन्।

एक दशकअगाडि सुरु भएको मिस नेपाल यात्रा यो वर्ष पनि जारी छ। विगतका वर्षहरूमा झैं यो वर्ष पनि उपस्थिति जनाउनेहरूको संख्या बढ्दै गएको छ। यस वर्ष मुलुकभरका ३ सय युवतीहरूले मिस २००७ मा भाग लिनका लागि पत्राचार गरेका थिए।

विगतका वर्षहरूमा पनि नेवार समुदायको बढी संलग्नता हुने गरेको थियो। १२ वर्षको अवधिमा नेवार समुदायका चारजना युवतीले मिस नेपालको ताज जितिसकेका छन्। यो वर्ष हुन गइरहेको मिस नेपालमा सुनसरी, कैलाली, झापा, मोरङ, ललितपुर र काठमाडौंबाट युवतीहरूले उपस्थिति जनाएका छन्। 'सबैभन्दा बढी काठमाडौंबाट छन्', राजवंशी भन्छन्। विगतका वर्षहरूमा पनि नेवार समुदायकै युवतीहरू झरना बज्राचार्य, निरु श्रेष्ठ, उषा खड्गी, पायल शाक्यले मिस नेपालको ताज प्राप्त गरेका छन्। 'यो एउटा संजोग मात्र हुन सक्छ। तर, सबै क्षेत्रका युवतीहरूमा यसप्रति आकर्षण र चासो बढिरहेको छ', पूर्व मिस नेपाल खड्गी बताउँछिन्।

राजधानीका नेवारहरूलाई केन्द्रित गरेर नेवार समुदायका युवतीहरूले मात्र भाग लिन पाउने गरी विगत केही वर्षदेखि मिस नेवाः, मिस लिटिल नेवाः जस्ता सुन्दरी प्रतियोगिताहरू हुने गरेका छन्। 'राजधानी मुलुककै स्रोत साधन उपलब्ध हुने ठाउँ हो र नेवारहरूको बढी बाहुल्य भएको ठाउँ हो। युवतीहरूमा बढ्दै गएको मिस नेपालप्रतिको आकर्षणले लोभ्याएको हुन सक्छ', पूर्व मिस नेपाल खड्गीको भनाइ छ।

मिस नेपालका लागि सुरुमा वर्षहरूमा राजधानीभित्रका युवतीहरूको संलग्नता बढी रहने गरेको थियो। पछिल्ला वर्षहरूमा समाजमा बढ्दै गएको उदारीकरणका कारण यसको दायरा पनि बढ्दै गएको छ। 'हामीकहाँ दुर्गम ठाउँबाट पनि उपस्थितिका लागि आवेदनहरू आएका छन्', राजवंशी भन्छन्। बढ्दो दायरा र आकर्षणसँगै हिडन ट्रेजरले प्रतिवर्ष पुरस्कार राशि पनि बढाउँदै लगेको छ।

■ **ज्योति देवकोटा/काठमाडौं**

# सिर्जनशील कृष्ण

विद्यालय पढ्दादेखि नै कृष्ण पोखरेल सिर्जनात्मक लेखनमा जागरुक भएर लागिरहन्थे। पढाइका अतिरिक्त कथा, कविता, निबन्धलगायत विविध विधामा उनी कलम चलाइरहन्थे। विद्यालयदेखिको उनको सिर्जनात्मक यात्राका कारण अहिले उनलाई ठूलो सफलता हात लागेको छ। भर्खरै मात्र दि इन्टरकलेजिएट स्टडिज इन्स्टिच्युट, अमेरिकाद्वारा आयोजना गरिएको विश्वव्यापी अन्डरग्र्याजुएट निबन्ध प्रतियोगितामा कृष्णले सफलता हात पारेर आफूलाई मेधावी सावित गरेका छन्। उनी भन्छन्, 'धेरै खुसी लाग्यो, मेहनतको कदर भएजस्तो लागेको छ।'

दिल्ली विश्वविद्यालय, महाराज अग्रसेन कलेजमा जर्नालिजममा बिए (अनर्स) अध्ययनरत कृष्णले विश्वव्यापी निबन्ध प्रतियोगिता हुँदै छ भन्ने थाहा पाएपछि दिल्लीका विभिन्न पुस्तकालय दैनिक ६ घन्टाभन्दा बढी अध्ययन गरेर आवश्यक सामग्री जुटाएका थिए, निबन्धका लागि। 'क्यान क्यारेक्टर एन्ड कम्युनिटिज सर्भाइभ इन एज अफ ग्लोबलाइजेसन' शीर्षकको उक्त निबन्ध प्रतियोगितामा तेस्रो पुरस्कार जित्न सफल कृष्ण केही दिनभित्र २ हजार अमेरिकी डलर नगद र सम्मानपत्र लिन अमेरिका जाने तयारीमा छन्। उक्त प्रतियोगितामा सिंगापुर र अमेरिकाका विद्यार्थीले पहिलो र दोस्रो स्थान हात पार्न सफल भएका छन्। उनी भन्छन्, 'त्यहाँ गएर नेपालको सन्दर्भ जोडेर ग्लोब्लाइजेसनबारे आफ्ना विचार प्रस्तुत गर्नेछु।'

सर्लाही, नवलपुर स्थायी घर भए पनि अहिले राजधानीमा सपरिवार बस्दै आएका कृष्णले मनकामना उच्चमाध्यमिक विद्यालयबाट एसएलसी र मदन भण्डारी मेमोरियल कलेजबाट पत्रकारिता, अंग्रेजी र समाजशास्त्र विषय लिएर कक्षा १२ उत्तीर्ण गरेका हुन्। पढाइ सिध्याएर विकास पत्रकारितामा हात फाल्ने सोच लिएका बाइस वर्षीय कृष्ण भन्छन्, 'भविष्यमा पत्रकारिता रहे पनि सिर्जनशील लेखनलाई पनि उत्तिकै महत्त्व दिनेछु।' ■



समय






युवराज घिमिरे

# संसद्को अवमूल्यनले खतरनाक परिणति निम्त्याउन सक्छ

> महत्त्वपूर्ण संक्रमणको चरणमा रहेको मुलुकमा संसद्जस्तो महत्त्वपूर्ण निकायको दुरुपयोग भएमा राजनीति प्रतिगमनमा धकेलिन पनि सक्छ । संसद्मा हतियार पुऱ्याइएमा अथवा त्यसलाई 'सुँगुरको घर' भन्नेजस्ता अभिव्यक्तिहरूलाई माओवादी पक्षले महत्त्व दिइरहेका बेलामा सिडी प्रकरण संसद्को अवमूल्यन गर्ने एउटा सस्तो रणनीति नबनोस् भनी सदनले सुनिश्चित गर्नु आवश्यक छ

**संसदलाई** गफाडीहरूको थलो, खसीको टाउको देखाएर कुकरको मासु बेच्ने ठाउँ र सुँगुरहरूको निवासका रुपमा एकथरि राजनीतिज्ञहरूले प्रस्तुत गर्दै आएका छन् । मार्क्स, लेनिन र माओका अन्ध राजनीतिक अनुयायीहरू अझै पनि त्यो कथन दोहोऱ्याउने गर्छन्, किनकि उनीहरूको राजनीतिक अस्तित्व त्यो मान्यताको संकुचित घेराभित्र मात्र सीमित छ । बहस र फरकमतलाई त्यहाँ कुनै स्थान हुँदैन ।

तर मार्क्स, लेनिन र माओकै राजनीतिक सिद्धान्तलाई एउटा वैज्ञानिक चिन्तन मान्ने कम्युनिष्टहरूले देश, काल र परिस्थितिअनुसार आफूलाई त्यहाँबाट अगाडि बढाएका छन् । संसदीय धारमा कम्युनिष्ट चिन्तन र अस्तित्व फस्टाउन सक्छ भन्ने उदाहरण भारतमा स्थापित गरेका छन्, मार्क्सवादी लगायत विभिन्न वाम दलहरूले । अझ अहिले त संसद्को परम्परा धान्दै त्यसलाई मर्यादित अग्रगमनतर्फ लैजाने दायित्वका साथै स्वतन्त्र भारतको संसद्को इतिहासमा पहिलोपल्ट मार्क्सवादी कम्युनिष्ट पार्टीका नेता सोमनाथ चटर्जी सभामुखका रूपमा कार्यरत छन् । उनको लामो संसदीय जीवन सशक्त र मर्यादित त छ नै, चौधौं लोकसभाका सभामुखका रूपमा उनको झन्डै ३ वर्षजतिको कार्यकाल प्रशंसनीय पनि रहीआएको छ ।

चाहे आफ्नै मार्क्सवादी दलका सदस्यहरूबाट किन नहोस्, नियम र परम्पराको उल्लंघन तथा आपत्तिजनक आचरणविरुद्ध उनले आफूलाई पेस गर्दै आएका छन् । यो लेखमा भारतीय साम्यवादीहरूलाई उदाहरणको रुपमा प्रस्तुत गर्नुको पछाडिको मुख्य उद्देश्य हो कसरी कम्युनिष्ट हुँदाहुँदै पनि राम्रो र प्रभावकारी संसदीय अभ्यासमा जान सकिन्छ ? संसदीय मर्यादा र आचरण अनुसरण गर्नु साम्यवादी चिन्तन र चरित्रविपरीत जाँदैन नेपालको वर्तमान सन्दर्भमा पनि । नेपालको सन्दर्भमा एमाले जनताको मतद्वारा नाइके वाम दलमात्र होइन, संसदीय परम्पराको अभिन्न हिस्साका रूपमा स्थापित भइसकेको छ । सभाध्यक्षका रूपमा सुवास नेम्वाङले सोमनाथ चटर्जीको  भन्दा बढी नै चुनौतीपूर्ण जिम्मेवारी पाएका छन् ।

आखिर माओवादीले शान्तिपूर्ण रूपमा प्रजातन्त्रमा समाहित हुने प्रतिबद्धतापछि नै वर्तमान शान्ति प्रक्रिया सुरु भएको हो । साम्यवादी चिन्तन र सिद्धान्तका सन्दर्भहरू मात्र हैन, अन्तर्राष्ट्रिय परिवेशहरूमा परिवर्तन आएका सन्दर्भलाई स्वीकार गरे मात्र माओवादीहरूले अगाडिको राजनीति सोच्नुपर्ने हुन्छ । विश्वमा झन्डै ७० प्रतिशत मुलुकहरूमा प्रजातन्त्र स्थापना भएको मात्र हैन, प्रजातन्त्र र मानवअधिकार साझा अन्तर्राष्ट्रिय दायित्व बनेको अवस्थामा प्रजातान्त्रिक आचरण र सिद्धान्तलाई आत्मसात गरेको उदाहरण पेस गर्नु माओवादीहरूका लागि मात्र हैन, नेपालकै लागि पनि हितकर हुनेछ । त्यसले राजनीतिमा आपसी विश्वासको वातावरण सिर्जना गर्न पनि मद्दत पुऱ्याउनेछ ।

संविधानसभाको निर्वाचनपछि मुलुकमा नयाँ संविधान लेखिनेछ । माओवादी अध्यक्ष प्रचण्डले बहुमतको सरकार र अल्पमतको प्रतिपक्ष मुलुकको हितमा नहुने धारणा माओवादीको रहेको बताएका छन् । तर मुलुकको हितमा कस्तो व्यवस्था होला त ? उनी वा उनको पार्टीले खुलाएका छैनन् ।

मौलिक राजनीतिक चिन्तन वा संरचनामा हिस्सेदारीको नयाँ प्रवेशलाई अनुचित भनी हाल्न मिल्दैन । संविधानसभाले धेरै सम्भावना र विकल्पहरूबारे गहन छलफल गर्न सक्छ । तर त्यस्तो बहस मर्यादित संसदीय वातावरणमा मात्र हुनसक्छ । वर्तमान अन्तरिम व्यवस्थापिकाको वातावरण र आचरणले भावी अन्तरिम संविधानसभाको चरित्रलाई पनि प्रभावित गर्ने हुँदा अन्तरिम व्यवस्थापिकाको संचालन गरिमामय हुनु पनि त्यत्तिकै आवश्यक छ ।

त्यस अर्थमा त्यसका अध्यक्षका रुपमा सुवासचन्द्र नेम्वाङको सर्वसम्मतिबाट छनोट सम्भवतः आठ दलको एउटा राम्रो विवेकपूर्ण निर्णय थियो । परिष्कृत भाषा र अभिव्यक्ति संसदीय अभ्यास र परम्पराका जानकार र अप्ठ्यारो परिस्थितिमा पनि संयम देखाउन सक्ने व्यक्ति अध्यक्षको आसनमा बस्दा प्रतिकूल क्षणहरू अनुकूलतामा बदलिने गर्छन्, संसद्मा । साम्यवादी चिन्तनलाई संसदीय मान्यताको सफल हिस्सा बनाउने उनले महत्त्वपूर्ण भूमिका खेल्न सक्छन् र खेलेका छन् । तर अहिले उनको चुनौती झन् बढेको छ, खासगरी अन्तरिम संसद्भित्रका केही घटनाहरूका कारण ।

विज्ञान र प्रविधि २१ औं शताब्दी र त्यसपछिको विश्वका लागि वरदान साबित हुन सक्छ । त्यो विश्वको सामूहिक चिन्तन र व्यवहार बन्न सक्नुपर्छ । त्यस्तै विज्ञान र प्रविधिलाई राष्ट्रिय जीवनशैलीको आधार बनाउन प्रत्येक राष्ट्रिय सरकार र व्यवस्थापिकाको पनि महत्त्वपूर्ण भूमिका हुन्छ । विज्ञान र वैज्ञानिक शक्तिप्रति सकारात्मक प्रतिबद्धता नदेखाउने, तर प्रविधिको सीमित उपभोग कहिलेकाहीँ खतरायुक्त पनि हुनसक्छ । त्यो हिसाबले सानो तर संसदीय आचरणका हिसाबले संदिग्ध घटना अहिले छानबिनका लागि अन्तरिम व्यवस्थापिकासमक्ष छ ।

माओवादी सांसद जनार्दन शर्माले सभामुखलाई एउटा सिडी हस्तान्तरण गरेका छन् । त्यसलाई माओवादी पक्षले युवराज पारसद्वारा रचित र राजा ज्ञानेन्द्रद्वारा अनुमोदित मुलुकका राजनीतिज्ञहरूलाई सफाया गर्ने षड्यन्त्रको प्रमाणका रूपमा प्रस्तुत गरेका छन् । संसद् अत्यन्तै गरिमामय र नागरिक प्रतिनिधित्वको सर्वोच्च थलो भएकाले त्यसमा प्रस्तुत गरिने बहस र प्रमाण पूर्ण जिम्मेवारीबोधका साथ आउनु पर्छ । उक्त सिडीलाई सम्बन्धित सदस्यले सत्यापन (अथेन्टिकेट) नगरेमा भोलि सदनलाई कुनै पनि खालको प्रविधि प्रयोगबाट अलमल्याउन सकिन्छ । संसद्को गरिमालाई त्यसले नराम्रोसँग चोट पुऱ्याउन सक्छ ।

माओवादीको हैसियत के हुन्छ, त्यो जनताले निर्धारण गर्ने कुरा हो, आगामी चुनावमा । तर, माओवादीले अहिलेदेखि नै संसदीय मान्यताका आधारमा जनताको समर्थन खोज्ने प्रयास गर्नु आवश्यक छ ।

महत्त्वपूर्ण संक्रमणको चरणमा रहेको मुलुकमा संसद्जस्तो महत्त्वपूर्ण निकायको दुरुपयोग भएमा मुलुकको राजनीति प्रतिगमनमा धकेलिन पनि सक्छ । संसद्मा हतियार पुऱ्याइएमा अथवा त्यसलाई 'सुँगुरको घर' भन्नेजस्ता अभिव्यक्तिहरूलाई माओवादी पक्षले महत्त्व दिइरहेका बेलामा सिडी प्रकरण संसद्को अवमूल्यन गर्ने एउटा सस्तो रणनीति नबनोस् भनी सदनले सुनिश्चित गर्नु आवश्यक छ ।

संसद्को अवमूल्यन एक पक्षबाट भइरहेमा त्यसले माओवादीको प्रजातन्त्र र शान्ति प्रक्रियाप्रतिको घोषित प्रतिबद्धतामा शंका गर्ने ठाउँ दिनेछ र त्यसले वर्तमान राजनीतिमा संक्रमणकालको असफलता सुनिश्चित गर्नेछ । ■



समय